**केन्द्रीय कार्यालय**

हरिहरभवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन ५० १० ०००

**क्षेत्रीय कार्यालयहरु**

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर,
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६३८२२
फ्याक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

**उपक्षेत्रीय कार्यालयहरु**

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४
रूपन्देही, बुटवल, फोन ०७१ ५४६९११
जुम्ला, खलङ्गा, फोन ०८७ ५२०२२२


सुरक्षाकर्मीहरूका लागि मानव अधिकार स्रोतपुस्तिका

# सुरक्षाकर्मीहरूका लागि मानव अधिकार स्रोत-पुस्तिका


**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहर भवन, ललितपुर
नेपाल

## सुरक्षाकर्मीहरूका लागि

# मानव अधिकार स्रोत–पुस्तिका

**प्रकाशक :**

राष्ट्रिय मानव अधिकार आयोग

**समन्वय :**

नेपाल प्रहरी

२०७०

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय केदारनाथ उपाध्याय

**सदस्यहरू**

माननीय रामनगिना सिंह
माननीय गौरी प्रधान
माननीय डा. लीला पाठक
माननीय डा. के. बी. रोकाया

**का.मु. सचिव**

वेदप्रसाद भट्टराई

**लेखनः**

हरि फुयाँल
विश्व अधिकारी
वासुदेव बजगाईं
श्यामबाबु काफ्ले
बसुन्धरा खड्का

**सम्पादनः**

डा.लेखप्रसाद निरौला
कैलाशकुमार सिवाकोटी

**लेआउटः**

दिनेश श्रेष्ठ

**प्रकाशकः**

राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.न. ९१८२, काठमाडौं, नेपाल
प्रकाशन मितिः भदौ, २०७०
प्रतिः २२००
प्रकाशन न.१७३
**समन्वय** : नेपाल प्रहरी

**मुद्रण :**

दिपकिरण प्रिन्टिङ्ग एण्ड ट्रेड्स अनामनगर काठमाण्डौ

**@सर्वाधिकार : राष्ट्रिय मानवअधिकार आयोग**

आयोगको पूर्व-स्वीकृतिबिना यस प्रतिवेदनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरूमात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# सुरक्षा र मानव अधिकार

विश्वव्यापी मानव अधिकार घोषणापत्र (१९४८) अनुसार मानव अधिकार मानिसका जन्मसिद्ध नैसर्गिक अधिकारहरू हुन् । जीवनको निम्ति नभई नहुने गाँस, बास, कपास, विकासको निम्ति नभई नहुने शिक्षा, स्वास्थ्य र रोजगार, संरक्षणका निम्ति नभई नहुने शान्तिसुरक्षा र समानता वास्तवमा सबै आधारभूत मानव अधिकारहरू नै हुन् । यसबाहेक न्याय, स्वतन्त्रता र सहभागितासँग गाँसिएका सङ्गठन, सूचना, न्यायको अधिकार, धर्म र आस्थाको अधिकार लगायतका विषयबस्तुहरू पनि मानव अधिकार र लोकतन्त्रका भरपर्दा आधारहरू हुन् ।

मानव अधिकार नागरिकका अभिन्न अधिकारहरू हुन् भने यसको सम्मान, संरक्षण र पालना गर्नु कुनै पनि लोकतान्त्रिक र लोककल्याणकारी राज्यको परम् धर्म हो । मानव अधिकारको प्राप्ती र प्रयोजनमा सबै नागरिकहरूको समान हक र पहुँच हुनुपर्दछ । राज्यले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको निम्ति संविधान, कानुन र संयन्त्रहरू निर्माण गरी हरसम्भव प्रयत्न गर्नुपर्दछ । राष्ट्रिय विकासका सबै क्षेत्र र तहमा सबै नागरिकहरूको खासगरी गरिब, सीमान्तकृत र राज्यको शक्ति र संरचनामा पहुँच नभएकाहरूको हकहित संरक्षण र सम्वर्द्धनमा विशेष प्राथमिकता प्रदान गर्नुपर्दछ । राज्यका सबै क्षेत्र र तहमा जनताका आधारभूत हकहितलाई सुनिश्चित गर्न विभिन्न संयन्त्र र सेवाहरू बन्दोबस्त गरेका हुन्छन् । देशमा अमन-चयन, शान्ति र कानुन व्यवस्था चुस्तदुरुस्त बनाउन विभिन्न खाले सुरक्षा व्यवस्था गरेका हुन्छन् । उनीहरूले सामान्यतया देशको संविधान, कानुन, नियम र नीतिअनुसार जनताको जीउ-धनको सुरक्षा, शान्ति र मानव अधिकारको सुनिश्चितताको निम्ति कटिबद्ध भएर लागेका हुन्छन् । तर यस दौरानमा शान्ति सुरक्षा र कानुनी व्यवस्थाको निम्ति जिम्मेवार व्यक्ति वा निकायहरूबाट पद, शक्ति र साधनको गलत वा अत्याधिक प्रयोग गर्दा कतिपय अवस्थामा गम्भीरखाले मानव अधिकार हनन् हुन पुगेका संसारमा थुप्रै उदाहरणहरू रहेका छन् । विगतका कतिपय अनुभवहरूलाई अध्ययन गर्दा यस विषयमा हाम्रो देश पनि अपवाद नरहेको अवस्था छ ।

परिवर्तित परिस्थितिमा हाम्रो देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रको निर्माणको प्रकृयामा रहेको छ । यसको अर्थ हो, देशमा परम्परादेखि रहँदै आएको सबैखाले विभेदपूर्ण शक्ति-सम्बन्ध संस्कार र व्यवहारहरूको पूर्णरूपमा रोकथाम र निर्मूलन हो । देशमा सबै क्षेत्रमा सबैको समान पहुँच, पाखा परिएकाहरूको समावेशिता, पहिचान र सामर्थ्यको आधारमा शोषणमुक्त समाजको निर्माण गर्नु राज्यको पुनसंरचना गर्नु हो । तसर्थ, राज्यका सुरक्षा निकायहरूको दायित्व परम्परागत शान्तिसुरक्षामात्र नभई राज्यले प्रतिवद्धता गरेका र निर्वाह गर्न पर्ने भूमिकालाई सबल र प्रभावकारी बनाउन नयाँ परिस्थितिमा नयाँ सोच, पद्धति र व्यवहारले देशमा स्थानिय तहदेखि केन्द्रीय तहसम्म मानव अधिकारसम्मत ढङ्गले काम गर्न जरुरी छ ।

कुनै पनि लोकतान्त्रिक देशमा राज्य-सरकारका सुरक्षा निकायहरू भनेका मानव अधिकार रक्षाको निम्ति व्यवस्था गरिएका अग्रपङ्क्तिका दस्ताहरू हुन् । उनीहरूको हरेक गतिविधिहरू मानव अधिकारको सम्मान, संरक्षण र पालना गर्ने दिशातिर उन्मुख हुन जरुरी छ । मानव अधिकारको गैर-हाजिरीमा कुनै पनि देशको राष्ट्रिय विकास, शान्तिसुरक्षा र लोकतान्त्रिकरणको प्रकृया दरो ढङ्गले अगाडि बढ्न सक्दैन । त्यसैलै, कुनै पनि देशको मानव सुरक्षा नै राष्ट्रिय सुरक्षाको मूल आधार हो भन्ने कुरालाई कसैले पनि कम आक्न मिल्दैन । कमजोर, अधिकारविहीन र विभेदमा परेका नागरिकहरूले आफ्नो देशको राष्ट्रिय सुरक्षाको सवलीकरणमा योगदान दिन सक्दैन । यथार्थमा, नागरिकको साथबिना सुरक्षापङ्ति एक्लैले कुनै पनि देशको राष्ट्रिय सुरक्षाको भूमिका निर्वाह गर्न पनि सक्दैन । तसर्थ, जसरी देशमा शान्ति, कानुन-व्यवस्था र राष्ट्रिय सुरक्षाको खाँचो टड्कारो हुन्छ, त्यसैगरी त्यहाँ खाद्य सुरक्षा, आर्थिक सुरक्षा र सामाजिक सुरक्षासँग प्रत्यक्ष गाँसिएका मानव सुरक्षालाई सवल र सम्वर्द्धन गर्न पनि त्यतिकै आवश्यक छ ।

हाम्रो देशले अन्तर्राष्ट्रिय समुदायको एक सकृय सदस्य र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनहरूको एक राज्यपक्षको हैसियतले मानव अधिकार सम्मान, संरक्षण र पालनाको निम्ति थुप्रै प्रतिवद्धताहरू जाहेर गरेको छ । त्यसलाई व्यवहारिक रूपमा रूपान्तरित गर्न देशको संविधान, कानुन, नीति-नियम र त्यसलाई कार्यान्वियन गर्ने राज्यका निकायहरूलाई मानव अधिकारप्रति दायित्ववान बनाउन विभिन्न प्रयत्नहरू जारी राखेका छन् । यस सन्दर्भमा, राज्यका सबैजसो सुरक्षा निकायहरू नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका सकल दर्जाका पदाधिकारीहरू र सुरक्षाकर्मीहरूलाई मानव अधिकार ज्ञान, सीप र तालिम दिन आफ्नो सङ्गठनभित्र मानव अधिकार निकायहरूको बन्दोबस्त गरेका छन् । आफ्ना संयन्त्र र व्यवस्थाभित्र कार्यरत सबै सुरक्षाकर्मीहरूलाई मानव अधिकारप्रति सम्वेदनशील, दायित्ववान र प्रशिक्षित गर्नु राज्य-सरकार र सम्बन्धित निकायहरूको आधारभूत जिम्मेवारी हो ।

विश्वसंस्था संयुक्त राष्ट्रसङ्घले निर्माण गरेको अन्तर्राष्ट्रिय अवधारणाअनुसार हरेक देशमा मानव अधिकारको सम्मान, संरक्षण र पालनाको निम्ति पेरिस सिद्धान्तको भावनाअनुसार एक स्वतन्त्र, सक्षम र सबल मानव अधिकारसम्बन्धी राष्ट्रिय निकायको निर्माण र प्रभावकारी परिचालन हुन जरुरी छ । सोही सिद्धान्त अनुसार हाम्रो देशमा मानव अधिकारसम्बन्धी ऐन, २०५३ अनुसार वि.सं.२०५७ मा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको हो । नेपालको अन्तरिम संविधान, २०६३ अनुसार राष्ट्रिय मानव अधिकार आयोग एक संवैधानिक निकायको रूपमा स्तरोन्नत भएको छ । संविधान र कानुनअनुसार आयोगले देशमा मानव अधिकारको सम्मान, संरक्षण र पालनाको निम्ति उजुरी ग्रहण, अनुगमन, अनुसन्धान र मानव अधिकारको संस्कृति सम्वर्द्धनको निम्ति राज्य-सरकारसँग समन्वय गरी विभिन्न गतिविधिहरू सञ्चालन गर्न सक्दछ । यसले मानव अधिकारको क्षेत्रमा योगदान दिने राज्य-सरकारका राष्ट्रसेवक तथा सुरक्षाकर्मीहरूलाई सम्मान र प्रशंशा र मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनी कारबाहीको निम्ति सिफारिस गर्न सक्दछ । आयोगको आदेश

पालना नगर्नेहरूको नामावली कानुनी विधि र प्रकृया पुऱ्याई मानवअधिकार उल्लघनकर्ताको रूपमा सार्वजनिक गर्न सक्दछ ।

जहाँसम्म मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा सुरक्षा निकायको भूमिका छ, त्यस विषयमा राष्ट्रिय मानव अधिकार आयोग एकदम सचेत र संवेदनशील भएर काम गरिरहेको छ । राष्ट्रिय मानव अधिकार आयोगले सुरक्षापङ्तिलाई आधारभूत ज्ञान, सीप र तालिम प्रदान गर्न विभिन्न खाले सहयोग र सहकार्यहरू पनि गर्दै आएको छ । देशको सुरक्षा क्षेत्रका महत्वपूर्ण निकायहरू नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, राष्ट्रिय अनुसन्धान केन्द्र लगायत नगर प्रहरी, वन रक्षक इत्यादि सबैलाई मानव अधिकारको सम्मान, संरक्षण र पालना गर्न-गराउन आयोगले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा उपरोक्त उद्देश्य परिपूर्तिको निम्ति प्रस्तुत **"सुरक्षाकर्मीहरुका लागि मानव अधिकार स्रोत-पुस्तिका"** तर्जुमा गरी प्रकाशन गरिएको छ ।

यस पुस्तिकाले नेपाली सुरक्षा क्षेत्रमा क्रियाशील सबैलाई, खासगरी नेपाल प्रहरीलाई समाजमा शान्तिसुरक्षा र कानुनव्यवस्था चुस्तदुरुस्त राख्न र आफ्ना काम कार्यवाहीमा मानव अधिकारमैत्री व्यवहार गर्न गराउन सहयोग मिल्नेछ भनी आशा र भरोसा गर्दछु । साथसाथै, यस स्रोत-पुस्तिकाको अवधारणा, लेखन र तयारीमा संलग्न सबै व्यक्तिहरूको साथै नेपाल प्रहरी मानव अधिकार एकाई का प्रहरी उपरीक्षक देब बहादुर बोहोरा लाई आयोगको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै सम्बन्धित व्यक्ति र निकायबाट यसको सही सदुपयोगको अपेक्षा गर्दछु ।

गौरी प्रधान
सदस्य तथा प्रवक्ता
भदौ २०, २०७०

सुप्रबल जनसेवाश्री तृतीय
प्रहरी महानिरीक्षक कुवेर सिंह राना
Inspector General of Police Kuber Singh Rana
Chief of Nepal Police

प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं ।
Police Headquarters
Naxal, Kathmandu
मितिः २०७०।०५।२५ गते।

# शुभकामना

स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न र जीवन निर्वाह गर्न पाउने नागरिकको मौलिक हक अधिकार सुनिश्चित गर्न कानुन कार्यान्यवन गर्ने निकायहरुको क्षमता विकास गराउने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार पारिएको *"सुरक्षाकर्मीहरुका लागि मानव अधिकार श्रोत पुस्तिका"* नामक पुस्तक प्रकाशन हुन लागेकोमा मलाई ज्यादै खुशी लागेको छ।

प्रभावकारी कानुन कार्यान्वयनद्वारा मुलुकभर शान्ति सुरक्षा बहाल राख्ने जिम्मेवारी पाएको नेपाल प्रहरीले मानव अधिकारको संरक्षण एवम् सम्वर्धन गर्दै अग्रणी भूमिका निर्वाह गर्न नेपाल प्रहरी सदैव प्रतिबद्ध तथा कर्तव्यनिष्ठ समेत रहिआएको छ । अपराध नियन्त्रण तथा सफल अनुसन्धानद्वारा सुरक्षित एवम् न्यायपूर्ण समाज सृजना गर्न नेपाल प्रहरीलाई स्वच्छ, स्वतन्त्र र व्यावसायिक रुपबाट अझ बढी दक्ष बनाउन जरुरी रहेको सन्दर्भमा मानव अधिकारको संरक्षण, सम्वर्धनका लागि यस्ता पाठ्यसामाग्रीहरु प्रकाशन, अध्ययन, अध्यापन एवम् बौद्धिक बहसले नेपाल प्रहरीको क्षमता विकासमा उल्लेख्य टेवा पुग्नेछ भन्ने मेरो विश्वास रहेको छ।

नागरिकका संविधान प्रदत्त मौलिक हकहरु अहरणीय एवम् अविभाज्य हुन्छन् । संविधान र कानुनहरुद्वारा त्यस्ता हकहरुलाई उच्च सम्मान र संरक्षण प्रदान गरिएको हुन्छ । यसैका आधारमा मानव अधिकार संरक्षण र प्रवर्धनप्रतिको प्रतिवद्धता, राज्य व्यवस्थाको लोकतान्त्रिक चरित्र, कानुनी शासन जस्ता मुलभूत विषयहरुलाई स्थापित गर्ने हुँदा नेपाल प्रहरी संविधान, कानुन एवम् न्याय तथा मानव अधिकारका सन्दर्भमा स्थापित मान्य सिद्धान्तहरुको सम्मान एवम् परिपालना गराउन कृतसंकल्पित रहेको छ । यसर्थ नेपाल प्रहरीका तमाम सदस्यहरुलाई मानव अधिकारको संरक्षण तथा प्रवर्धनका लागि सकल दर्जाका सदस्यहरुलाई आवश्यक ज्ञान र सीप प्रदान गर्दै आएको छ । जसले संगठनलाई व्यावसायिक, विधिसम्मत एवम् नागरिकका मौलिक हक अधिकारको रक्षक अवयवकारुपमा स्थापित हुँदै गएको छ भन्ने मेरो मान्यता रहेको छ।

यसका साथै प्रहरी कर्मचारीद्वारा मानव अधिकार उल्लंघनमा संलग्न भएको पाइएमा त्यसका विरुद्ध शून्य सहनशीलताको सिद्धान्त अङ्गीकार गरी दोषी प्रहरी कर्मचारी उपर कारवाही गर्ने समेत गरिएको छ । मानव अधिकारको सुनिश्चितता नै दिगो शान्ति र विकासको प्रमुख आधार भएकोले कानुनले प्रदान गरेको नागरिकको अधिकारको संरक्षण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो र सरोकारको विषय हो भन्ने कुरामा नेपाल प्रहरी सजग र प्रतिवद्ध रहेको छ भन्ने विश्वास दिलाउन चाहन्छु।

अन्तमा, सुरक्षा निकायहरुका लागि उपयोगी यस श्रोत पुस्तिकाको प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने राष्ट्रिय मानव अधिकार आयोग, पुस्तिका तयार पार्नमा अतुलनीय योगदान दिनुहुने सम्पूर्ण श्रोत व्यक्तिहरु, सम्पादक मण्डल तथा संलग्न सबै महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस प्रकाशन सबैका लागि एक महत्वपूर्ण पठनीय तथा संग्रहनीय सन्दर्भ सामाग्री बन्ने शुभेच्छा सहित सुरक्षाकर्मीहरूका लागि कानुन कार्यान्वयनका दौरानमा मानव अधिकारको सम्मान गरी कार्य सम्पादन गर्न मार्गदर्शक बन्नेछ भन्ने कुरामा म विश्वस्त छु । साथै मानव अधिकारको सम्मान र प्रवर्धनमा नेपाल प्रहरीको सांगठनिक प्रतिवद्धता समेत व्यक्त गर्दछु।

धन्यवाद
जय नेपाल।

प्रहरी महानिरीक्षक
(कुवेर सिंह राना)

पोष्ट बक्स नं. : ४०७, कार्यालयः ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्सः ९७७-१-४४१५५९३
इमेलः ranaks@nepalpolice.gov.np/phqigs@nepalpolice.gov.np/ranakuber@gmail.com

# शब्दार्थ

| | |
|---|---|
| अन्तरसम्बन्धित | आपसमा सम्बन्ध भएको |
| अन्तर्राष्ट्रिय समुदाय | दुई वा सोभन्दा बढी राष्ट्रहरूको समूह |
| अन्तर्राष्ट्रिय कानुन | अन्तर्राष्ट्रिय रूपमा देशहरूबीचको सम्बन्धलाई नियमित वा व्यवस्थित गर्ने कानुन |
| अन्तर्निहित | नैसर्गिक, प्राकृतिक, स्वाभाविक |
| अपराध अनुसन्धान | कुनै पनि आपराधिक घटनाका बारेमा गरिने छानबिन वा जाँचबुझ |
| अपहरण | कसैलाई धोखापूर्वक वा गैरकानुनी रूपमा जबजरस्ती नियन्त्रणमा लिनु |
| आरोपित | कुनै अपराध वा मानव अधिकार हनन गरेको भनी शङ्का गरिएको व्यक्ति |
| अहरणीय | छुटयाउन नसकिने, हस्तान्तरण गर्न नसकिने, हरण गर्न नसकिने |
| आचारसंहिता | पालना गर्नुपर्ने आचरण (व्यवहार) हरूको सूची |
| आन्तरिक विस्थापित | सशस्त्र द्वन्द्व वा प्राकृतिक विपत्ति वा अन्य कुनै कारणले आफू बसोबास गरिरहेको स्थान वाध्यतावश छोडी विस्थापित भएका व्यक्ति |
| आर्थिक अधिकार | राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनले व्यक्तिलाई प्रदान गरेको व्यक्तिको आयआर्जन तथा पेसा व्यवसाय वा रोजगारीसम्बन्धी अधिकार |
| आत्मसम्मान | मर्यादा |
| कानुन कार्यान्वयनकर्ता | कानुनको पालना गर्न वा गराउन जिम्मेवारी पाएको व्यक्ति |
| कानुनी शासन | संविधान र कानुनबमोजिम मात्र देशको शासन चलाउने व्यवस्था |
| खानतलासी | अपराध अनुसन्धानका सिलसिलामा शङ्का गरिएको स्थानमा कानुनबमोजिम गरिने खोजतलास गर्ने काम |
| गैरनागरिक | अन्य देशको नागरिक वा विदेशी |
| गैरन्यायिक हत्या | सुरक्षाकर्मी वा राज्यको संलग्नतामा व्यक्ति वा समूहले कानुनविपरीत व्यक्तिको ज्यान लिने कार्य |
| घोषणापत्र | संयुक्त राष्ट्रसङ्घले आफ्नो उद्देश्य पूरा गर्ने सन्दर्भमा जारी गरेका प्रतिबद्धताहरू (जस्तैः मानव अधिकारको विश्वव्यापी घोषणापत्र) |

| | |
|---|---|
| छुवाछुत | धर्म, वर्ण, लिङ्ग, जात, जाति, जन्म, वंश, पेसा, भाषा, क्षेत्र, समुदाय वा जातीय उत्पत्तिका आधारमा कसैलाई गरिने छुवाछुतपूर्ण वा भेदभावपूर्ण व्यवहार |
| जन्मसिद्ध अधिकार | मानिसले जन्मेपछि स्वतः प्राप्त गर्ने अधिकार |
| जोखिम | हानीनोक्सानी वा खतरा |
| जनसाङ्ख्यिक | जनसङ्ख्याको आधारमा |
| जवाफदेहिता | जिम्मेवारी बहन गर्ने काम, उत्तरदायित्व |
| ज्यादति | कसैप्रति गरिने अत्याचार, अन्याय |
| ट्रेड युनियन | श्रमिक वा कामदारहरूको सङ्गठन |
| तहकिकात | कानुन बमोजिम छानबिन गर्ने प्रक्रिया |
| तेस्रो लिङ्गी | स्त्री र पुरुष लिङ्गबाहेकका मानिस |
| थुना | कानुन अन्तर्गतको विवाद टुङ्गो नलागेसम्मका लागि सो विवादसँग सम्बन्धी मुद्दाका थुनुवाहरूलाई प्रहरीको नियन्त्रणमा थुनेर राखिने स्थान |
| दासत्व | मानिसलाई पशुजस्तै किनबेच गरेर नोकरचाकर बनाउने प्रथा |
| दस्तावेज | मानव अधिकारसँग सम्बन्धित कानुन वा अभिलेखहरू |
| दङ्गाग्रस्त क्षेत्र | हुलदङ्गा, भिडन्त वा झडप भइरहेको स्थान |
| नागरिक समाज | समाजलाई सकारात्मक रूपमा योगदान दिने तथा सकारात्मक सहयोग गर्ने समेत उद्देश्यले गठन भएको नागरिकहरूको समूह |
| नागरिक अधिकार | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले नागरिकहरूलाई प्रदान गरेका नागरिकता पाउने लगायतका अधिकारहरू |
| निरुत्साहित | उत्साह नभएको |
| निर्दिष्ट | तोकिएबमोजिम |
| निसृत | सिर्जना भएको |
| न्यायोचित | कानुनले उचित ठहरिने कुरा |
| परिपूरण | पीडितहरूलाई आर्थिक वा कानुनी सहयोग प्रदान गरी पहिलेकै अवस्था ल्याउन सहयोग गर्ने कार्य |
| पारदर्शिता | स्वच्छता, स्पष्टता |
| परीक्षण (Vetting) | मानव अधिकार हननमा संलग्न व्यक्तिका बारेमा जाँचबुझ वा छानबिन गर्ने र दोषीलाई कारबाही गरी संस्थागत सुधार गर्ने कार्य |
| पितृसत्तात्मक | पुरुषको बाहुल्य भएको समाज जहाँ महिलालाई महत्त्व दिइँदैन |
| पीडित | आपराधिक वा गैरकानुनी कार्य वा मानव अधिकार हनन आदिका कारणबाट पीडा भोग्न बाध्य व्यक्ति वा समूह |

| | |
|---|---|
| पुरातात्त्विक | ऐतिहासिक |
| प्रत्याभूति | प्रदान गरेको |
| प्रथाजनित | परम्परादेखि चलिआएको |
| प्रयत्न | प्रयास |
| प्रशासक | प्रशासन चलाउने व्यक्ति |
| पक्राउ | कुनै फौजदारी कसुरको आरोपमा आशङ्का गरिएको वा अदालतबाट दोषी कायम भएको व्यक्तिलाई कानुनी प्रक्रिया पूरा गरी गिरफ्तार गर्ने कार्य |
| फैसला | कुनै पनि मुद्दामा अदालतका न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीले गर्ने निर्णय |
| बरामदी | अपराधसँग सम्बन्धित वस्तु फेला परी नियन्त्रणमा लिने कार्य |
| बल प्रयोग | कुनै व्यक्ति वा समूहमाथि शक्ति वा हतियारको प्रयोग गर्ने कार्य |
| बलपूर्वक बेपत्ता | राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नतामा व्यक्तिहरूलाई बेपत्ता पार्ने कार्य |
| भेदभाव/विभेद | फरक वा छुट्याएर गरिने व्यवहार |
| महिला हिंसा | महिलाविरुद्ध हुने दुर्व्यवहार वा अपराधहरू |
| मानव अधिकार कानुन | मानव अधिकारसम्बन्धी व्यवस्था भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू |
| मानवीय कानुन | युद्धका बेलामा पालना गर्नुपर्ने न्युनत्तम व्यवहारका बारेमा उल्लेख भएको कानुन (जेनेभा महासन्धिहरू) |
| मापदण्ड | मापनको आधार |
| यातना | सुरक्षाकर्मी वा राज्यका लागि कार्य गर्ने व्यक्तिहरूबाट कुनै पनि व्यक्तिलाई नियन्त्रणमा लिई वा हिरासतमा राखेर शारीरिक वा मानसिक पीडा दिने कार्य |
| राजनीतिक अधिकार | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले नागरिकलाई प्रदान गरेका मतदान गर्ने, सरकारमा सहभागी हुने लगायतका राजनीतिसम्बन्धी अधिकारहरू |
| राहत | कुनै पनि कारणबाट पीडित भएको व्यक्तिलाई सरकार वा अन्य निकायबाट दिइने नगद वा जिन्सी सहयोग |
| लोकतान्त्रिक समाज | प्रजातन्त्र, मानव अधिकार र कानुनी शासनलाई आत्मसात गर्ने समुदाय |
| विश्वव्यापी | विश्वभरि, संसारभरि |
| विध्वंशात्मक | ध्वंस वा तोडफोड गर्ने |

| | |
|---|---|
| विशिष्टीकृत | अरूभन्दा विशेष किसिमको विशेषता दिने काम गरिएको, माथिल्लो तहमा राखिएको, असाधारण तुल्याइएको |
| सन्धि/महासन्धि | दुई वा दुईभन्दा बढी देशहरूबीच भएको सम्झौता वा संयुक्त राष्ट्रसङ्घबाट निर्माण गरिएका सम्झौताहरू |
| समानुपातिक | सबै वर्ग, लिङ्ग वा समुदायको अनुपातका अधारमा या समानताका आधारमा प्रतिनिधित्व वा सहभागिता हुने प्रणाली |
| सम्वर्द्धन | प्रवर्द्धन, प्रचारप्रसार |
| संयन्त्र | निकाय वा कानुन |
| सशस्त्र द्वन्द्व | हात-हतियारसहितको लडाइँ वा युद्ध |
| सार्वभौमसत्ता | राष्ट्रको सर्वोच्च शक्ति |
| स्वेच्छाचारिता | निरङ्कुशता, नियन्त्रणविनाको अवस्था |
| शरणार्थी | राजनीति, युद्ध वा अन्य कारणले आफ्नो देश छाडेर अर्काको देशमा गई बस्न बाध्य पारिएको व्यक्ति |
| संयुक्त राष्ट्रसङ्घ | विश्वव्यापी अन्तर्राष्ट्रिय सरकारी सङ्गठन |
| सङ्कटकाल | आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक वा प्राकृतिक विपत्तिका कारणले आइपरेको अस्वाभाविक परिस्थितिका कारण राज्यद्वारा घोषणा गरिएको विशेष अवस्था |
| सामाजिक अधिकार | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले व्यक्ति वा समूहहरूलाई प्रदान गरेका परिवार, स्वास्थ्य, शिक्षा, आवास लगायतका सामाजिक हकहरू |
| साक्षी | कुनै घटनालाई आफ्नै आँखाले देखेको वा त्यस सम्बन्धमा पर्याप्त जानकारी भएको सूचना दिने व्यक्ति |
| साँस्कृतिक अधिकार | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले व्यक्ति वा समूहहरूलाई प्रदान गरेका धर्म र परपराबमोजिम सँस्कृति मान्न पाउने हकहरू |
| हिराशत | थुनुवा केन्द्र |
| क्षतिपूर्ति | नोक्सानी गरेवापत तिर्नुपर्ने रकम, हर्जाना |

## विषय सूची

**परिच्छेद–१**
**मानव अधिकारको परिचय**


१. परिचय १
२. मानव अधिकारका विशेषताहरू २
३. मानव अधिकारका उदाहरणहरू ४
४. मानव अधिकार उल्लङ्घन हुने अवस्थाहरू र त्यसको परिणाम ५
५. मानव अधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय दस्तावेजहरू ६
६. मानव अधिकार सिद्धान्तहरू कहाँबाट निसृत भएका हुन् ? ८
७. मानव अधिकारप्रति राज्यको दायित्व ९

**परिच्छेद–२**
**मानव अधिकारको सम्मान, संरक्षण एवम् सम्वर्द्धनमा सुरक्षाकर्मीको भूमिका**

१. परिचय ११
२. अपराध अनुसन्धानमा प्रहरी १२
३. विशेष अवस्थामा सुरक्षाकर्मी १३
४. लोकतान्त्रिक समाजमा कानुन कार्यान्वयन गर्ने अधिकारी तथा प्रहरी १४
५. कानुन कार्यान्वयनकर्ताहरूका लागि संयुक्त राष्ट्रसङ्घीय आचारसंहिता १६

**परिच्छेद–३**
**पक्राउ, थुना, खानतलासी र बरामदीसम्बन्धी व्यवस्था**

१. परिचय १८
१.१ पक्राउ १८
१.२ पक्राउ पुर्जी २०
१.३ थुना वा हिरासत २१
१.४ खानतलासी २३
१.५ बरामदी २३
१.६ खानतलासी तथा बरामदी र मानव अधिकारसम्बन्धी मापदण्डहरू २४

**परिच्छेद–४**
**बल तथा हतियारको प्रयोग**

१. परिचय २५
२. बल तथा हतियारको प्रयोग र मानव अधिकारसम्बन्धी मापदण्डहरू २६
२.१ बल तथा हतियारको प्रयोग २६
२.२ बल र हतियारको प्रयोगमा जवाफदेहिता २७

**परिच्छेद–५**

**कानुन कार्यान्वयनमा भेदभावरहित व्यवहार**


| | |
|---|---|
| १. परिचय | २८ |
| क. समानताको हक (धारा- १३) | २८ |
| ख. छुवाछुत तथा जातीय विभेदविरुद्धको हक (धारा-१४) | २९ |
| २. समानतासम्बन्धी मानव अधिकारसम्बन्धी मापदण्डहरू | ३० |


**परिच्छेद–६**

**अन्तर्राष्ट्रिय मानवीय कानुन**


| | |
|---|---|
| १. परिचय | ३१ |
| २. अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी मापदण्डहरू | ३२ |


**परिच्छेद–७**

**पीडितहरूको मानव अधिकार**


| | |
|---|---|
| १.परिचय | ३४ |
| २. मानव अधिकारसम्बन्धी मापदण्डहरू | ३५ |


**परिच्छेद–८**

**जोखिममा रहेका व्यक्तिहरूको मानव अधिकार**


| | |
|---|---|
| १. परिचय | ३६ |
| २. जोखिममा रहेका व्यक्तिहरूको मानव अधिकारसम्बन्धी मापदण्डहरू | ३७ |
| क. बालबालिकाको अधिकार | ३७ |
| ख. महिलाहरूको अधिकार | ३८ |
| ग. ज्येष्ठ नागरिकहरूको अधिकार | ३९ |
| घ. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार | ४० |
| ङ. तेस्रो लिङ्गीहरूको अधिकार | ४१ |
| च. आन्तरिक रूपमा विस्थापितहरूको अधिकार | ४१ |
| छ. शरणार्थीहरू | ४२ |
| ज. गैरनागरिकहरू | ४३ |


**परिच्छेद–९**

**मानव अधिकारको उल्लङ्घन, अनुसन्धान र कारबाही**


| | |
|---|---|
| १. परिचय | ४५ |
| २.मानव अधिकारसम्बन्धी मापदण्डहरू | ४६ |

## परिच्छेद–१०
## मानव अधिकारसम्बन्धी केही महत्त्वपूर्ण सङ्घसंस्थाहरूको परिचय


क. राष्ट्रिय मानव अधिकार आयोग ४८
ख. राष्ट्रिय महिला आयोग ५०
ग. राष्ट्रिय दलित आयोग ५२
घ. नेपाल प्रहरी मानव अधिकार एकाइ ५३
ङ सशस्त्र प्रहरी बल, मानव अधिकार एकाइ ५४
च. नेपाली सेना, कार्यरथी विभाग, मानव अधिकार निर्देशनालय ५६


## अनुसूची–१
## पक्राउ, थुना तथा खानतलासीसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाहरू


नेपालको अन्तरिम संविधान, २०६३ का व्यवस्थाहरू ५७
सरकारी मुद्दासम्बन्धी ऐन २०४९ दफा (१४) : ५८
सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ नियम ९ : ५८
मुलुकी ऐन, २०२० अदालती बन्दोवस्तको महल (नं. ११६) : ५९
प्रहरी ऐन, २०१२ दफा (१५) : ५९
यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ को उपदफा २ : ५९
खानतलासी तथा बरामदीसम्बन्धी कानूनी व्यवस्थाहरू ५९
विशेष व्यवस्थाहरू ६१


## अनुसूची–२


बल प्रयोगसम्बन्धी कानुनी व्यवस्थाहरू ६२
सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४ (३) ६२
स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ ६२


## अनुसूची–३


मानव अधिकारका प्रमुख अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख भएका मुख्य व्यवस्थाहरू
१. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ६६
२. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ६७
३. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ ६८
४. महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ ६९
५. बाल अधिकार महासन्धि, १९८९ ६९
६. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ७०
७. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ ७१
८. आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० ७२
९. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ ७३

# परिच्छेद–१

# मानव अधिकारको परिचय

## १. परिचय

सामान्य अर्थमा मानिसले मानिस भएकै कारण स्वतः वा जन्मसिद्ध रूपमा प्राप्त गर्ने अधिकारहरू मानव अधिकार हुन् । मानव अधिकार मानिसको जीवन, मर्यादा, स्वतन्त्रता र स्वाभिमानसँग सम्बन्धित छन् । मानव अधिकारहरूयस्ता आधारभूत अधिकारहरू हुन्, जुन हरेक मानिसले आफ्नो अस्तित्वसँगै प्राकृतिक, नैसर्गिक वा अन्तर्निहितरूपमा नै प्राप्त गरेको हुन्छ । यी अधिकारहरू अरू कसैले प्रदान गर्ने वा अरू कसैबाट प्राप्त हुने कुराहरू होइनन्, बरु मानव अस्तित्वसँगै स्वतः प्राप्त हुने अधिकारहरू भएका हुनाले मानव अधिकार विश्व मानव समुदायका हरेक मानिसहरूले समान रूपमा प्राप्त गर्ने अधिकारहरू हुन् । यी अधिकारहरू धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य कुनै पनि आधारमा विनाभेदभाव प्राप्त हुन्छन् ।

> *“मानव अधिकार” भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा निहित अधिकार सम्झनुपर्छ ।*
> –राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

मानव अधिकार मानव अस्तित्व, मानिसमा हुने चेतना वा विवेक र मानव मर्यादा वा प्रतिष्ठाबाट सिर्जना भएको हुन्छ । चेतना तथा विवेकका कारण मानिस ठीक र बेठीक छुट्याउन, सोहीबमोजिमको व्यवहार गर्न, आफ्नो हितका लागि निर्णय लिन र आफ्नो अधिकत्तम विकासका लागि प्रयत्न गर्न सक्षम भएको हो । मानव जातिमा मात्र भएको यो चेतनशील, विवेकशील, सिर्जनशील एवम् प्रगतिशील स्वभाव तथा क्षमताका कारण मानिस

प्राणीहरूमा सबैभन्दा श्रेष्ठ हुनुका साथसाथै आजको युग र सभ्यतामा पुग्न सफल भएको हो । यो विशिष्ट चेतना र विवेकभित्र मानव जातिको विशिष्ट मर्यादा वा प्रतिष्ठा अन्तर्निहित रहेको हुन्छ । यो मानव समुदायमा एकअर्काप्रति गरिने व्यवहार र त्यसबाट उत्पन्न हुने सकारात्मक वा नकारात्मक मानवीय अनुभूति वा संवेदनासँग गाँसिएको हुन्छ । यसले मानिस हुनुको वास्तविक अर्थ दिनुका साथसाथै जुनसुकै अवस्थामा पनि आफ्ना अधिकारहररूको सम्मान र संरक्षणको दाबी गर्दछ । तसर्थ, जुनसुकै व्यक्तिको पनि मानव मर्यादामाथि हुने नकारात्मक व्यवहारले उसमा अन्तर्निहित आधारभूत मानव अधिकारका साथसाथै स्वतन्त्र मानव अस्तित्वमाथि नै गम्भीर प्रश्नचिन्ह उत्पन्न गर्दछ ।

वास्तबमा आफ्ना यिनै अधिकारहरूको संरक्षणका लागि मानिस व्यक्तिबाट परिवार, समाज र राज्यका रूपमा सङ्गठित एवम् बिस्तारित भएको हो । कुनै पनि राज्य वा राज्य संयन्त्रको स्थापनाको प्रमुख उद्देश्य नै मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धन गर्नु हो । समाजमा कानुननियमहरूको व्यवस्था पनि गलत मानवीय व्यवहारलाई निषेध र निरुत्साहित गरी अधिकत्तम मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धनका लागि भएको हो ।

सङ्क्षेपमा भन्नुपर्दा मानव अधिकार भन्नाले मानिसले जन्मसिद्ध रूपमा प्राप्त गरी स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने आधारभूत अधिकारहरू हुन् । यी अधिकारहरू मानिसको मानव मर्यादा, इज्जत र प्रतिष्ठाका लागि सिर्जित भएको हुँदा मानिसलाई मानिस भएर बाँच्नका लागि अपरिहार्य छन् । मानव अधिकार विश्वव्यापी कानुनद्वारा संरक्षित हुन्छन् । मानव अधिकार कानुनले राज्यलाई व्यक्तिको अधिकारमा हस्तक्षेप गर्न वा उल्लङ्घन गर्न रोक लगाउनुका साथै कसैद्वारा उल्लङ्घन भएको खण्डमा संरक्षण गर्ने व्यवस्था गरेको हुन्छ ।

## २. मानव अधिकारका विशेषताहरू

### ✍ आधारभूत अत्यावश्यक

मानिसलाई मानव मर्यादाबमोजिम जीवनयापन गर्न वा मानिस भएर बाँच्नका लागि मानव अधिकार आधारभूत अत्यावश्यक अधिकारका रूपमा रहेको छ। वर्तमान अवस्थामा अधिकारबिनाको मानिसको परिकल्पना गर्न सकिँदैन वा मानव अधिकारको अभावमा मानिसको अस्तित्व मानिसको जस्तो हुन सक्दैन ।

### ✍ अहरणीय

मानव अधिकार कसैले प्रदान गरेको वस्तु नभई हरेक मानवमा अन्तर्निहित अधिकार हुन् । यसकारण मानव अधिकारको हरण कसैले पनि गर्न सक्दैन । यस्तो हनन वा हरण कानुनद्वारा दण्डनीय हुन्छ ।

✍ **विश्वव्यापी**

मानव अधिकार मानिसको अस्तित्वसँगै सिर्जना हुने भएकाले यसको क्षेत्र विश्वव्यापी रूपमा रहेको छ। यस पृथ्वीमा अस्तित्वमा रहेको प्रत्येक व्यक्ति विश्वको जुनसुकै ठाँउमा भए पनि, जुनसुकै लिङ्ग, धर्म, वर्ण, जाति वा हैसियतको भए पनि समान रूपमा मानव अधिकारको हकदार हुन्छ। विश्वका प्रायः सबै राष्ट्रहरूले मानव अधिकारको विश्वव्यापी घोषणापत्र वा मानव अधिकारसम्बन्धी अवधारणालाई आत्मसात् गरेको हुनाले पनि यसको क्षेत्र विश्वव्यापी रहेको हो भने मानव अधिकारको प्रत्याभूतिका लागि विश्वव्यापी प्रयास र पहलहरू हुने भएकाले पनि यो विश्वव्यापी विषयवस्तु र चासोको विषय बनेको हो। सबै मानिसहरू जन्मँदै स्वतन्त्र रूपमा जन्मने हुनाले सबैका लागि सबै अधिकारहरू समान रूपमा प्राप्त हुन्छन्।

**मनव अधिकारका विशेषताहरू**

- ✍ आधारभूत र अत्यावश्यक
- ✍ अहरणीय र अन्तरसम्बन्धित
- ✍ समान, स्वतन्त्रता र विश्वव्यापी
- ✍ अन्तर्राष्ट्रिय रूपमा संरक्षित
- ✍ जवाफदेहिता र कानुनी शासन
- ✍ मानव मर्यादा संरक्षणमा केन्द्रित
- ✍ व्यक्ति वा समूहको संरक्षण
- ✍ राज्यका निकायहरूलाई वाध्यात्मक
- ✍ कुनै कारणबाट व्यक्ति वा समूहलाई विमुख गर्न नमिल्ने

✍ **समान**

मानव अधिकारको प्रत्याभूति र प्रयोग धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा, वैचारिक आस्था वा अन्य कुनै पनि आधारमा भेदभाव गर्न नपाइने हुनाले यो सबैलाई समान रूपमा उपलब्ध हुन्छ।

✍ **अन्तरसम्बन्धित**

मानव अधिकारहरू एकअर्कामा अन्तरसम्बन्धित हुन्छन्। एक अधिकारको अभावमा अर्को अधिकारमाथि असर पर्दछ भने एउटा अधिकारको प्रत्याभूतिले अर्को अधिकारलाई मजबुत र व्यवस्थित बनाएको हुन्छ। जस्तै; उचित स्वास्थको अधिकारको अभावमा मानिसको बाँच्न पाउने अधिकार प्रभावित हुन्छ भने विचार र अभिव्यक्तिको सुनिश्चितताले सहभागिताको अधिकारलाई मजबुत बनाउछ।

✍ **स्वतन्त्र**

कानुनबमोजिम बाहेक मानव अधिकारको प्रयोगमा कसैले पनि रोकटोक गर्न वा बन्देज लगाउन पाउँदैन। हरेक व्यक्तिले आफ्ना अधिकारहरू स्वतन्त्र रूपले उपभोग गर्न पाउँछ।

- **जवाफदेहिता र कानुनी शासन**

  मानव अधिकार कानुनद्वारा सुनिश्चित गरिएको हुन्छ । यसको उल्लङ्घन भएमा कानुनी उपचारको व्यवस्था गरिएको हुन्छ । नेपालको सन्दर्भमा मानव अधिकारको प्रत्याभूतिका लागि संविधानले सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र दिएको छ । मानव अधिकारको प्रत्याभूतिमा राज्यद्वारा बेवास्ता गरिएको कतिपय अवस्थामा यसको क्षेत्र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाबमोजिम अन्तर्राष्ट्रिय समुदायसमक्ष पनि हुन सक्दछ । कुनै पनि अवस्थामा कुनै पनि व्यक्तिको मानव अधिकार हनन भएको कुरामा सम्बन्धित अधिकारीले त्यसको जवाफदेहिताको जिम्मेवारी बहन गर्नुपर्दछ ।

## ३. मानव अधिकारका उदाहरणहरू

समय र विकासको गतिसँगसँगै मानव अधिकारको क्षेत्र पनि व्यापक बन्दै गएको छ । बाँच्न पाउने, स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने, आफ्नो विचार अभिव्यक्त गर्न पाउनेजस्ता आधारभूत अधिकारहरूदेखि लिएर उच्चत्तम सुख, खुसीपूर्ण जीवनयापन र विकासका चरम् अवसरहरूको उपभोग गर्न पाउने अधिकारसम्म मानव अधिकारको दायराभित्र पर्दछन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, सन् १९४८ ले अधिकांश मानव अधिकारहरूका बारेमा उल्लेख गरेको छ । केही महत्त्वपूर्ण मानव अधिकारका उदाहरणहरू निम्नबमोजिम छन् :

**मानव अधिकारका प्रकारहरू**

- नागरिक अधिकार
- राजनीतिक अधिकार
- आर्थिक अधिकार
- सामाजिक अधिकार
- साँस्कृतिक अधिकार

- जीवनको अधिकार तथा सुरक्षासम्बन्धी अधिकार
- समानता तथा कानुनबाट समान संरक्षणको अधिकार र भेदभावविरुद्धको अधिकार
- फौजदारी न्याय तथा स्वच्छ सुनुवाइको अधिकार
- यातना, अमानवीय, अपमानजनक एवम् क्रूर व्यवहारविरुद्धको अधिकार
- गोपनीयताको अधिकार
- शोषण तथा दासत्वविरुद्धको अधिकार
- सङ्घसंस्था खोल्न पाउने तथा शान्तिपूर्ण रूपमा सभा-जुलुस गर्न पाउने अधिकार
- विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार
- धर्म तथा साँस्कृतिक जीवनमा सहभागिताको अधिकार
- स्वतन्त्रतपूर्वक आवतजावत गर्न पाउने, बसोबास गर्न पाउने तथा आवासको अधिकार
- राष्ट्रियताको अधिकार
- मतदान गर्न पाउने तथा राज्यका विभिन्न निकाय र सरकारमा सहभागिताको अधिकार

- गाँस, बास र कपासको अधिकार
- सम्पत्तिको अधिकार
- उचित कार्यावस्थाको अधिकार तथा सामाजिक सुरक्षाको अधिकार
- स्वास्थ्य तथा शिक्षाको अधिकार
- न्याय प्राप्त गर्ने अधिकार

## ४. मानव अधिकार उल्लङ्घन हुने अवस्थाहरू र त्यसको परिणाम

सामान्य अर्थमा मानव अधिकारको उल्लङ्घनकानुनको उल्लङ्घन हो। कानुनको उल्लङ्घन कुनै कार्य गर्दामात्रै हुँदैन; कुनै कार्य नगर्दा पनि हुन सक्दछ। कानुनकार्यान्वयन गर्दा कानुनले निर्दिष्ट गरेको मापदण्ड र प्रक्रिया उल्लङ्घन भएमा मानव अधिकारको उल्लङ्घन हुन्छ। राज्यका निकायहरूको क्रिया, प्रतिक्रिया वा निष्क्रियताबाट मानव अधिकार हननको अवस्था सिर्जना हुने गर्दछ। मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूले राज्यलाई मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने, प्रवर्द्धन गर्ने एवम् परिपूर्ण गर्ने दायित्व सिर्जना गरेको छ। राज्यका कुनै पनि निकायहरू उक्त सबै वा कुनै एक मात्र दायित्वबाट विमुख भए पनि मानव अधिकार उल्लङ्घनको अवस्था सिर्जना हुन सक्दछ।

**सुरक्षाकर्मीबाट मानव अधिकार उल्लङ्घन हुने अवस्थाहरू**

- गैरकानुनी पक्राउ तथा थुना
- अत्यधिक बलको प्रयोग
- गैरन्यायिक हत्या
- यातना तथा क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार
- बलपूर्वक वेपत्ता
- दुर्व्यवहार
- विभेदजन्य व्यवहार

मानव अधिकारको उल्लङ्घनले राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गर्दछ र राज्यलाई कानुनी तथा नैतिक दायित्वको सिर्जना गर्दछ। त्यतिमात्र नभएर त्यसले मानव अधिकार उल्लङ्घनमा सम्बन्धित व्यक्ति वा संस्थाको दायित्व पनि सिर्जना गर्दछ। मानव अधिकार हनन भएमा पीडितलाई क्षतिपूर्ति वा राहत पाउने अधिकारको समेत सिर्जना गर्दछ। मानव अधिकारको हनन भएमा हुन सक्ने केही कारबाहीका स्वरूपहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ।

- **विभागीय कारबाही**

  मानव अधिकारको संरक्षण र सम्वर्द्धन नेपाल सरकार र सबै सुरक्षा निकायका लागि प्राथमिकताको बिषय हो। सोही कुरालाई मध्यनजर राख्दै नेपालका सबै सुरक्षा निकायहरूमा मानव अधिकारसम्बन्धी आन्तरिक सयन्त्रहरूको व्यवस्था गरिएको छ। कुनै पनि सुरक्षाकर्मीहरूबाट भएको मानव अधिकारको उल्लङ्घन सम्बन्धित सुरक्षा निकायको विभागीय नीति र प्रचलित नियम कानुनका विरुद्ध हुन्छ र मानव अधिकारको उल्लङ्घन गर्ने सुरक्षाकर्मी विभागीय कारबाहीको भागिदार हुनुपर्दछ।

- **कानुनी कारबाही**

  कुनै पनि सुरक्षाकर्मीले गरेको कुनै पनि मानव अधिकारको हनन प्रचलित कानुनको विरुद्ध भई अपराध ठहर भएमा निजलाई कानुनी तथा अदालती कारबाही हुन्छ। जस्तै; सुरक्षाकर्मीले दिएको यातनाका कारण कसैको मृत्यु भएमा त्यस्तो सुरक्षाकर्मीलाई ज्यानसम्बन्धी कसुरमा कानुनी कारबाही हुन्छ। राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार हननकर्ताविरुद्ध अदालतमा मुद्दा चलाउन नेपाल सरकारलाई सिफारिस गर्ने अधिकार नेपालको अन्तरिम संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले गरेको छ।

- **व्यक्ति, सङ्गठन र राष्ट्रको छविमा असर**

  मानव अधिकारको उल्लङ्घन एक जना सुरक्षाकर्मीको मात्र विषय नभई यसले समग्र सङ्गठन अर्थात् नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी वा वन सुरक्षाकर्मी वा अन्य सुरक्षाकर्मी, देशकै छवि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा असर पार्दछ।

- **परीक्षण (Vetting)**

  आन्तरिक वा वैदेशिक तालिमहरू, विदेश भ्रमण, संयुक्त राष्ट्रसङ्घीयमिसन (सेवा) वा अन्य कुनै पनि अन्तर्राष्ट्रिय क्रियाकलापमा सहभागी हुनका लागि सुरक्षाकर्मीमाथि मानव अधिकार उल्लङ्घनसम्बन्धी कुनै पनि उजुरी, अनुसन्धान वा कारबाही भएको वा भइरहेको हुनुहुँदैन। यस्तो अवस्थामा त्यस्ता सुरक्षाकर्मीहरूलाई अन्तर्राष्ट्रिय समुदायले आफ्नो देशमा वा कार्यक्रममा प्रतिबन्ध लगाउछ। उदाहरणका लागि संयुक्त अधिराज्यमा गम्भीर मानव अधिकार उल्लङ्घनको आरोप लागेका सुरक्षाकर्मीलाई आफ्नो देशमा स्थानीय कानुनबमोजिम पक्राउ तथा अनुसन्धान गर्ने अधिकार रहेको छ। यस्तो व्यवस्था संसारका प्रायः सबै विकसित मुलुकहरूले गरेका छन्।

- **राहत तथा क्षतिपूर्ति वा परिपूरण**

  मानव अधिकार हननबाट पीडित भएका व्यक्तिले राज्यबाट राहत, क्षतिपूर्ति एवम् परिपूरण पाउने अधिकार राख्दछन्। कतिपय कानुनहरूले मानव अधिकार हननमा संलग्न पीडकबाट नै यस्तो क्षतिपूर्ति भराउने व्यवस्था गरेको पाइन्छ। जस्तै; राष्ट्रिय मानव अधिकार अयोग ऐन, २०६८ को दफा १७ मा क्षतिपूर्तिको रकम मानव अधिकार हनन गर्ने पदाधिकारीबाट भराउन सकिने व्यवस्था रहेको छ।

## ५. मानव अधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय दस्तावेजहरू

मानव अधिकार अन्तर्राष्ट्रिय कानुनको विषय हो। यो शान्ति र युद्ध दुबै अवस्थामा लागूहुन्छ। संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि सन् १९४८ मा मानव अधिकारको विश्यव्यापी घोषणापत्र जारी भयो। यस घोषणापत्रले विश्वभरिका मानिसहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अधिकारहरूको व्यवस्था गरी हरेक राज्यले नागरिकहरूको मानव

अधिकार संरक्षण गर्नुपर्ने व्यवस्था गऱ्यो। मानव अधिकारको विकासक्रमसँगै संयुक्त राष्ट्रसङ्घबाट विभिन्न घोषणापत्रहरू, महासन्धिहरू, निर्देशिकाहरू एवम् नियमहरूको तीव्र गतिमा निर्माण गरिएको पाइन्छ। संयुक्त राष्ट्रसङ्घले लागूगरेका विभिन्न दस्तावेजहरूमध्ये निम्न महासन्धिहरूलाई प्रमुख महासन्धिका रूपमा लिइन्छ।

| क्र.सं. | महासन्धि | नेपालले अनुमोदन/ सम्मिलन मिति |
|---|---|---|
| १. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ | १४।५।१९९१ |
| २. | आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ | १४।५।१९९१ |
| ३. | बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ | १४।९।१९९० |
| ४. | सबै प्रकारका जातीय भेदभावहरूको उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९६५ | ३०।१।१९७१ |
| ५. | महिलाविरुद्ध हुने सबै प्रकारका विभेदहरूको उन्मूलनसम्बन्धी महासन्धि, १९७९ | २२ ।४।१९९१ |
| ६. | यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार एवम् दण्डविरुद्धको महासन्धि, १९८४ | १४।५।१९९१ |
| ७. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ | २८।१२।२००९ |
| ८. | आप्रवासी कामदार तथा तिनका परिवारको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० | अनुमोदन नभएको |
| ९. | वलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संक्षणसम्बन्धी महासन्धि, २००६ | अनुमोदन नभएको |

माथि उल्लेख गरिएबाहेक नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी अन्य महत्त्वपूर्ण महासन्धिहरू निम्नबमोजिम छन् :

| क्र.सं. | महासन्धि | नेपालले अनुमोदन/ सम्मिलन मिति |
|---|---|---|
| १. | दासत्वसम्बन्धीमहासन्धि, १९२६ | १७ जनवरी १९६३ |
| २. | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि, १९५६ | ७ जनवरी १९६३ |
| ३. | जातिहत्याको अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि, १९४८ | १७जनवरी १९६९ |
| ४. | जीउ मास्नेबेच्ने तथा अरूको वेश्यावृत्तिको शोषण अन्त्यका लागि व्यवस्था भएको महासन्धि, १९४९ | २७ डिसेम्बर १९९५ |

| | | |
|---|---|---|
| ५. | महिलाहरूको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२ | २६ अप्रिल १९६६ |
| ६. | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी महासन्धि, १९७३ | १२ जुलाई १९७७ |
| ७. | खेलकुदमा रङ्गभेदविरुद्धको महासन्धि, १९८५ | १ मार्च १९९१ |
| ८. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको पहिलो स्वेच्छिक आलेख (उजुरी), १९६६ | १४ जनवरी १९९१ |
| ९. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको दोस्रो आलेख, १९८९ (मृत्युदण्ड उन्मूलन) | ४ मार्च १९९८ |
| १०. | महिलाविरुद्ध हुने सबै प्रकारका विभेदको उन्मूलन गर्ने महासन्धिको ऐच्छिक आलेख, १९९९ | ३१ अक्टोबर २००५ |
| ११. | बाल अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००० (सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता) | ३० जनवरी १९७१ |
| १२. | बाल अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००५ (बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति र अश्लील चित्रण) | २० जनवरी २००६ |
| १३. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको पहिलो स्वेच्छिक आलेख, २००६ | २८ डिसेम्बर २००९ |
| १४. | दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३ | ७ जनवरी १९६३ |

- यसैगरी नेपालले युद्धका बेलामा लागू हुने चारओटा जेनेभा महासन्धिहरूलाई ७ फ्रेब्रुअरी १९६४ मा अनुमोदन गरेको छ।
- नेपालले श्रमसम्बन्धी आइएलओका ११ वटा महासन्धिहरूलाई विभिन्न मितिमा अनुमोदन गरेको छ ।

## ६. मानव अधिकार सिद्धान्तहरू कहाँबाट निसृत भएका हुन् ?

मानव अधिकारका नियमहरू राज्यहरूले लामो समयसम्म गरेका अभ्यासबाट अविवादित रूपमा स्वीकार्य कार्य तथा मानव व्यक्तित्वलाई संरक्षण गर्न राज्यहरूले स्वीकार गरेका नियमहरूबाट निसृत हुन्छन् । यस्ता नियमहरूलाई प्रथाजनित अन्तर्राष्ट्रिय कानुन भनिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा यस्ता नियमहरूलाई विभिन्न धाराहरूमा

**मानव अधिकार कानुनका स्रोतहरू**

- प्रथाजनित कानुन
- अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धि
- घोषणापत्र
- नियम तथा निर्देशिका
- राष्ट्रिय कानुन तथा अदालतका फैसला

उल्लेख गरिएको छ। त्यस्तै कतिपय मानव अधिकारका नियमहरू सन्धिजनित अन्तर्राष्ट्रिय कानुनहरूबाट निसृत हुन्छन्। जस्तै; नागरिक तथा राजनीतिक प्रकृतिका मानव अधिकारलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले समग्र रूपमा यातनाजस्ता विशेष प्रकृतिको अधिकारलाई यातनाविरुद्धको महासन्धि आदिबाट सृजित गरिएको हुन्छ। राष्ट्रहरूले सन्धिहरूलाई अनुमोदन गरेर त्यस्ता अधिकारहरूलाई राष्ट्रिय रूपमा मान्यता प्रदान गर्दछन्।

- विकास हुँदै गरेका नियमहरू, जस्तै; घोषणापत्र, नियम वा त्यस्तै अन्य नरम कानुनहरूले पनि मानव अधिकारका नियमहरू निर्माण गर्दछन्।
- मानव अधिकारका नियमहरूलाई सम्बन्धित देशको संविधान, कानुनतथा अदालतका फैसलाहरूले पनि मान्यता प्रदान गरी मौलिक वा कानुनी हकका रूपमा संरक्षण गरेका हुन्छन्। यस्ता नियमहरू अन्तर्राष्ट्रिय समुदायले संयुक्त राष्ट्रसङ्घ वा अन्य कुनै बहुपक्षीय प्रक्रियाबाट बनाइएका हुन्छन्। राष्ट्रिय नियमहरू राजनीतिक प्रक्रिया वा संसदबाट बनाइएका हुन्छन्।
- मानव अधिकारका नियमहरूको कार्यान्वयनका बारेमा सरकारी निकाय, राष्ट्रिय मानव अधिकार संस्था (राष्ट्रिय मानव अधिकार आयोग), गैरसरकारी संस्था, अदालत, संसद, सञ्चारमाध्यम, व्यावसायिक सङ्गठन, ट्रेड युनियनजस्ता निकाय वा संस्थाहरूले अनुगमन गर्दछन्। अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्रसङ्घका निकाय वा संस्थाहरूले अनुगमन गर्दछन्।

## ७. मानव अधिकारप्रति राज्यको दायित्व

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले मानव अधिकारप्रति राज्यका केही निश्चित दायित्वहरूको सिर्जना गरेको हुन्छ। मानव अधिकारसम्बन्धी कुनै दस्तावेजको पक्ष बनेपछि राज्यले निम्न रूपमा उल्लेख गरिएबमोजिका चारओटा प्रमुख दायित्वहरू पूरा गर्नुपर्दछ।

- **सम्मान गर्ने दायित्व** (Respect)

  मानव अधिकारप्रति सम्मान व्यक्त गर्दै ती अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व राज्यको पहिलो र महत्त्वपूर्ण दायित्व हो।

- **संरक्षण गर्ने दायित्व** (Protect)

  नागरिकहरूका लागि मानव अधिकारको निर्वाध उपभोगको सुनिश्चितता गर्दै प्रभावकारी नियमन तथा उपचारविधिमार्फत ती अधिकारको उपभोगमा हस्तक्षेप गर्न नदिने कुरा सुनिश्चित गर्नु राज्यको अर्को महत्त्वपूर्ण दायित्व हो।

✍ **प्रवर्द्धन गर्ने दायित्व** (Promote)

मानव अधिकारको प्रवर्द्धन गर्ने र मानव अधिकार उपभोगको पहुँचलाई सहज बनाउने राज्यको अर्को दायित्व हो। यसका लागि राज्यले मानव अधिकारका बारेमा जनतालाई सुसूचित, सचेत वा सजग गराउनुपर्दछ।

✍ **पूरा गर्ने दायित्व** (Fulfill)

मानव अधिकारसम्बन्धी कानुनी व्यवस्थाहरू एवम् नीति तथा नियमहरू र कार्ययोजनाहरू तर्जुमा गरी त्यसलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्नु तथा मानव अधिकार संरक्षणका लागि संयन्त्रहरूको निर्माण गर्नु राज्यको अर्को महत्त्वपूर्ण दायित्व हो।

# परिच्छेद-२

# मानव अधिकारको सम्मान, संरक्षण एवम् सम्वर्द्धनमा सुरक्षाकर्मीको भूमिका

## १. परिचय

मानव अधिकारको सम्मान, संरक्षण एवम् सम्वर्द्धनमा सुरक्षाकर्मीको भूमिका महत्त्वपूर्ण हुन्छ। प्रचलित कानुनको प्रभावकारी कार्यान्वयनबाट नै मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धन हुन सक्दछ। यस कार्यमा सुरक्षाकर्मीहरूको अहम् भूमिका रहेको हुन्छ। त्यसैले, प्रत्येक सुरक्षाकर्मी तथा सुरक्षा निकायले मानव अधिकारसम्बन्धी मापदण्डहरूका बारेमा राम्रो जानकारी राख्न र राख्न लगाउन आवश्यक हुन्छ। आफ्ना प्रत्येक व्यवहार र क्रियाकलापहरूमा यी मापदण्डहरूको प्रयोगको सुनिश्चितता गर्नु-गराउनुपर्दछ।

**मानव अधिकारको सम्मान गर्दा कानुन कार्यान्वयन गर्ने निकायलाई हुने सहयोगहरू :**

- व्यवसायिकता तथा कानुनमा प्रभावकारिता
- नैतिक र कानुनी वैधानिकता तथा विश्वासको वातावरणमा वृद्धि
- सार्वजिनक विश्वास र सामुदायिक सहयोगमा बृद्धि
- प्रभावकारी र स्वच्छ प्रशासनिक अभ्यासमा वृद्धि
- समाजमा कानुनको पालना गर्ने प्रवृत्तिमा वृद्धि
- अपराध अनुसन्धान तथा रोकथाममा सहयोग
- अर्न्तराष्ट्रिय समुदाय, नागरिक समाज तथा सञ्चारमाध्यमबाट सहयोगको वातावरण आदि।

यसका लागि सबै सुरक्षा निकायहरूले निम्न कुराहरूलाई विशेष ध्यान दिनुपर्दछ :

- आफ्नो निकायमा मानव अधिकारसम्बन्धी बिस्तृत नीति अवलम्बन गर्ने ।
- मानव अधिकारसम्बन्धी स्थायी आदेशहरू जारी गर्ने ।
- सुरक्षा निकायका हरेक सदस्यहरूलाई भर्नाको समयमा र सेवा प्रवेशपछि नियमित रूपमा मानव अधिकारसम्बन्धी तालिमहरू प्रदान गर्ने ।
- मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकार संस्थाहरूसँग सहकार्य गर्ने ।
- मानव अधिकारको उल्लङ्घनलाई शून्य सहनशीलताको दायरामा राखी कुनै पनि मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको प्रभावकारी रूपमा अनुसन्धान गरी दोषीउपर आवश्यक कारबाही गर्ने ।
- मानव अधिकार उल्लङ्घन गर्ने कुनै व्यक्तिलाई व्यक्तिगत उत्तरदायित्व सिर्जना गरी कारबाही गर्ने र त्यसको सार्वजनिक जानकारी गराउने ।

## २. अपराध अनुसन्धानमा प्रहरी

- अपराध अनुसन्धान प्रहरीको महत्त्वपूर्ण दायित्व हो । अपराधलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न दोषीलाई कारबाही गर्दा व्यक्तिको आत्मसम्मानको अधिकारलाई सम्मान गर्नुपर्दछ । कुनै पनि व्यक्तिलाई कानुनी कारबाहीको क्रममा पक्राउ गर्ने र थुनामा राख्ने प्रक्रिया पूर्ण रूपमा कानुनबमोजिम हुने कुराको सुनिश्चितता हुनुपर्दछ । यसमा कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा र थुनामा राख्दा पूर्जी दिनुपर्ने, कानुनी परामर्श लिन दिनुपर्ने, आफन्त र कानुन व्यवासायीलाई सहज रूपमा भेट गर्न दिनुपर्ने, मानवीय व्यवहार गर्नुपर्ने तथा भेदभावजन्य व्यवहार एवम् यातना, अमानवीय तथा अपमानजनक व्यवहार गर्न नहुनेजस्ता कुराहरू पर्दछन् ।
- अनुसन्धानका क्रममा साक्षी, पीडित, आशङ्कित व्यक्तिहरूसँग सोधपुछ गर्दा वा केरकार गर्दा तथा व्यक्तिगत, गाडी घर र अन्य स्थलहरूको खानतलासी लिँदा व्यक्तिहरूको मर्यादा, सम्मान, गोपनीयता एवम् सुरक्षाको अधिकार हनन नहुने गरी अनुसन्धान गर्नुपर्दछ । खानतलासी गर्दा उपयुक्त निकायको आदेश वा उचित प्रक्रिया पुर्‍याउनुपर्दछ । दोषी प्रमाणित नहुन्जेल निर्दोषिताको अनुमान गरिनुपर्दछ भन्ने सिद्धान्तका आधारमा सोहीबमोजिमको व्यवहार गरिनुपर्दछ । हरेक व्यक्तिको आफ्नाविरुद्ध साक्षी बस्न कर नलाग्ने मौलिक हक छ । सूचना लिनका लागि साक्षी, आशङ्कित व्यक्ति वा पीडितलाई कुनै प्रकारको दबाब दिनुहुँदैन ।
- अपराधको अनुसन्धान बयानमुखीभन्दा प्रमाणमुखी हुनुपर्दछ । अनुसन्धानका क्रममा सूचना लेखबद्ध गर्न निश्चित मापदण्डको विकास गरेको हुनुपर्दछ । सबै सोधपुछ तथा केरकार र अन्तर्वार्ताहरूको अभिलेख (रेकर्ड) राख्नुपर्दछ । अनुसन्धानका क्रममा सोधपुछ

गरिने व्यक्तिहरूलाई उनीहरूको अधिकार तथा कर्तव्यका बारेमा सोधपुछ सुरु गर्नुभन्दा पहिला नै जानकारी गराउनुपर्दछ ।

- अनुसन्धानलाई प्रभावकारी बनाउन प्रहरी निकायभित्र र सेवालाई विशिष्टिकृत गर्ने, कानुनी आधार प्रदान गर्ने, निरन्तर तालिम प्रदान गर्ने, गोप्य सूचनाको व्यवस्थापन गर्ने, पीडित तथा साक्षी संरक्षण कार्यक्रम लागू गर्ने, स्वीकारोक्तिलाई मात्र आधार नमान्ने, प्रहरी र समुदायको सम्बन्ध विकास गरेर अपराधबारे सूचना प्राप्त गर्ने तथा अनुसन्धान प्रक्रियाको उल्लङ्घन गर्ने अधिकारहरूलाई उत्तरदायी बनाउने व्यवस्था प्रभावकारी अनुसन्धानका महत्त्वपूर्ण पक्षहरू हुन् ।

## ३. विशेष अवस्थामा सुरक्षाकर्मी

- सङ्कटकाल, दङ्गा, सशस्त्र द्वन्द्व, प्राकृतिक प्रकोप, आगलागी, महामारीजस्ता विशेष अवस्थाहरूमा सुरक्षाकर्मीको विशेष भूमिका रहन्छ । यस्तो समयमा पीडितहरूको बाँच्न पाउने तथा सुरक्षाको अधिकार संरक्षणलाई पहिलो प्राथमितामा राखेर कार्य गर्नुपर्दछ । जस्तोसुकै अवस्थामा कार्य गर्दा पनि मानव अधिकार तथा प्रचलित कानुनको उल्लङ्घन नहुने कुराको सुनिश्चितता हुनुपर्दछ ।
- अवस्थालाई सामान्यीकरण गर्न कानुनले प्रत्यायोजन गरेको अधिकारमात्र प्रयोग गर्ने तथा विशेष अवस्थामा पनि कुनै आधारमा कसैलाई विभेद नगर्ने नीति अवलम्बन गर्नुपर्दछ । विशेष अवस्थामा प्रहरीले आफ्ना अधिकारको प्रयोग गर्दा व्यक्तिहरूको अधिकार र स्वतन्त्रता संरक्षण गर्ने उद्देश्य लिएको हुनुपर्दछ । कुनै प्रकारको शक्ति प्रयोग गर्दा वा अधिकारमा नियन्त्रण लगाउँदा लोकतान्त्रिक समाजमा नैतिकता, सार्वजनिक सुव्यवस्था तथा हित संरक्षण आवश्यक पर्ने न्यूनत्तम शक्तिमात्र प्रयोग गर्नुपर्दछ । खतरा र त्यस्तो खतरालाई सम्बोधन गर्न अवश्यक पर्ने शक्तिको प्रयोगलाई समानुपातिकता भनिन्छ अर्थात् आवश्यकताअनुसारको मात्र विधि वा शक्तिको प्रयोग गरिनुपर्दछ ।
- नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, १९६६ को धारा ४ मा सङ्कटकालका बेलामा अधिकारको संरक्षणका सम्बन्धमा उल्लेख गरिएको छ । सङ्कटकाल वा अन्य कुनै यस्तै अवस्थामा केही खास अधिकारहरूमा बन्देज लगाउन सकिन्छ । तर सङ्कटकालमा पनि नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख भएका बाँच्न पाउने अधिकार, कानुनबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रता अपहरण गर्ने, राजनैतिक दल र सङ्घसंस्था खोल्न पाउने हकमाथि प्रतिबन्ध लगाउन पाइँदैन । त्यसैगरी समानताको हक, छुवाछुत  तथा जातीय भेदभावविरुद्धको हक, सञ्चार माध्यमलाई बन्द गर्ने, जफत गर्ने वा दर्ता खारेज गर्ने, न्यायसम्बन्धी हक, यातनाविरुद्धको हक, शोषणविरुद्धको हक, बन्दीप्रत्यक्षीकरणमा निवेदन दिन पाउनेलगायतका हकरूलाई सङ्कटकालीन अवस्थामा

पनि जुनसुकै कारण देखाएर पनि बन्देज लगाउन पाइँदैन। शक्तिको प्रयोग गर्नुपर्ने अवस्था आएमा पनि पहिले गैरहिंसात्मक तरिका अवलम्बन गरिनुपर्दछ। अत्यन्तै आवश्यक अवस्थामा मात्र कानुनले तोकेजति र कानुनको प्रक्रिया पुऱ्याई शक्तिको प्रयोग गर्नुपर्दछ। उद्देश्य पूरा गर्ने ढङ्गले मात्र शक्तिको प्रयोग गरिनुपर्दछ अर्थात्अत्यधिक शक्तिको प्रयोग गरिनुहुँदैन। प्रतिबन्ध लगाउन सकिने अधिकारहरू, जस्तै; वाक्स्वतन्त्रता, सभासम्मेलन गर्ने स्वतन्त्रता, सङ्गठन खोल्ने स्वतन्त्रता र घुमफिर गर्ने स्वतन्त्रतामा अनावश्यक वा आवश्यकताभन्दा बढी असमानुपातिक र लोकतान्त्रिक समाजको चरित्रसँग नमिल्ने प्रतिबन्ध लगाउनुहुँदैन।

## ४. लोकतान्त्रिक समाजमा कानुन कार्यान्वयन गर्ने अधिकारी तथा प्रहरी

- लोकतान्त्रिक समाजमा सबै व्यक्तिको मानव अधिकारको सम्मान र संरक्षण गर्ने पहिलो कर्तव्य कानुन कार्यान्वयन गर्ने अधिकारी तथा प्रहरीको हो। लोकतान्त्रिक समाजमा अधिकारको सीमा संविधान र कानुनले निर्धारण गरेको हुन्छ। अधिकारमा बन्देजको सीमा लगाउन सक्ने अवस्था नैतिकता, सार्वजनिक सुव्यवस्था तथा सर्वसाधारणको हित रक्षाको प्रयोजनका लागि मात्र हुन सक्दछ। कानुन कार्यान्वयन गर्ने अधिकारीहरू समुदायप्रति जिम्मेवार र उत्तरदायी हुनुपर्दछ। कानुन कार्यान्वयन गर्ने निकायले लोकतान्त्रिक समाजमा व्यक्ति वा समुदायलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार हुन्छ भन्ने बभ्मनुपर्दछ।

**लोकतान्त्रिक समाजमा सुरक्षाकर्मीको दायित्व**

- मानव अधिकारको सम्मान तथा संरक्षण
- कानुनी संरक्षण
- समान र निष्पक्ष व्यवहार
- मानव अधिकारसम्मत नीति तथा रणनीति
- स्वेच्छाचारिताको अन्त्य
- पारदर्शिता
- जवाफदेहिता

- कानुन कार्यान्वयन गर्ने निकाय तथा प्रहरीले जहिले पनि राजनीतिबाट आफूलाई पृथक् राखी निष्पक्षता कायम गर्नुपर्दछ। आफ्नो कर्तव्यको निर्वाह गर्दा विनाभेदभाव निष्पक्ष रूपमा सम्पादन गर्नुपर्दछ। कानुनका अगाडि सबै व्यक्तिहरू समान हुन्छन् भन्ने मानव अधिकारको विश्वव्यापी मान्यतालाई आत्मसात गर्नुपर्दछ। आफ्नै सङ्गठनभित्र पनि कुनै प्रकारको विभेद गरिनुहुँदैन। यद्यपि कतिपय अवस्थामा प्रहरीका विशेष जिम्मेवारी हुन्छन् जस्तै; गर्भवती तथा नवजात शिशुका आमाहरूको संरक्षण गर्नु, बालबलिकाहरूको

संरक्षण गर्नु, अपाङ्गता भएका व्यक्तिहरू, बिरामी, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, पिछडिएको वर्ग तथा आदिवासी वा अन्य यस्तै विशिष्ट समुदायहरूको संरक्षण र हितमा गरिएको कार्यलाई सकारात्मक विभेदका रूपमा लिइन्छ ।

- प्रहरीका रणनीति तथा नीतिहरू लोकतान्त्रिक सरकारलाई सम्मान गर्ने प्रकृतिको हुनुपर्दछ । साथै, प्रहरी सेवाका रणनीतिहरू समुदायका आवश्यकतालाई पूर्ति गर्ने प्रकृतिको हुनुपर्दछ । प्रहरीको नियुक्ति प्रक्रिया जनसाङ्ख्यिक प्रतिनिधित्वलाई मध्यनजर गर्दै स्वच्छ तथा भेदभावरहित हुनुपर्दछ । प्रहरीको व्यवस्थापन र सरुवा तथा बढुवा पक्षमा पारदर्शी र अनुमानयोग्य हुनुपर्दछ । नियुक्ति तथा सरुवा बढुवा प्रयोजनका लागि एक स्वतन्त्र निकायको काम गर्नुपर्दछ भने प्रहरीभित्रका आन्तरिक गुनासा तथा प्रहरीमाथिका गुनासा सुन्नका लागि एक छुट्टै निकायको व्यवस्था गरी उत्तरदायित्व स्थापना गरिनुपर्दछ ।
- लोकतान्त्रिक व्यवस्थामा प्रहरी सङ्गठनभित्रको अधिकार कानुनले निर्धारण गरेबमोजिम धेरै व्यक्तिले ग्रहण गरेको हुनुपर्दछ । स्वेच्छाचारी अधिकारको अन्त्यका लागि कानुनको शासनलाई सङ्गठन सञ्चालनको मूल आधार बनाइनुपर्दछ । त्यस्तै प्रहरीलाई धम्की दिने वा तर्साउने निकायभन्दा पनि जनविश्वासमा चल्ने संस्थाकारूपमा स्थापना गर्नुपर्दछ । प्रहरीलाई राज्यको नियन्त्रण कायम राख्ने संस्थाकारूपमा नभई कानुनकार्यान्वयन गर्ने निकायका रूपमा हेरिनुपर्दछ । लोकतान्त्रिक समाजमा भ्रष्टाचार तथा दण्डहीनताको बढावाले इमानदार र उत्तरदायी प्रहरीको विशेषतामा गम्भीर असर पार्दछ । यस्तो प्रहरी सङ्गठनको विकासले लोकतान्त्रिक समाजको विश्वासिलो तथा सम्मानसहितको प्रहरीको स्थापना र विकासमा सहयोग पुऱ्याउँदछ ।
- लोकतान्त्रिक समाजको प्रहरीको आधार नैतिकता तथा कानुनको पालनाबाट सृजित हुन्छ । कानुनको पालना गर्नु र कार्यान्वयन गर्नु, समुदायको सेवा गर्नु, व्यावसायिकता कायम राख्नु, भ्रष्टाचारविरुद्ध लड्नु र मानव अधिकारको संरक्षण गर्नु प्रहरीको आधारभूत कर्तव्य हो । त्यस्तै समुदायको प्रतिनिधित्व सङ्गठनभित्र कायम गर्न सक्नु तथा समुदायप्रति उत्तरदायी र जिम्मेवार हुनु प्रहरीका लागि उच्चत्तम स्वीकार योग्य वैधताका आधार हुन् ।
- मानव अधिकारको सम्मानमा स्वेच्छाचारिता एउटा ठूलो चुनौतीका रूपमा रहेको हुन्छ । स्वेच्छाचारिता भनेको कानुनी आधार नभएको, कानुनी कार्यविधि पूरा नगरेको, तत्कालीन परिस्थितिमा अनुपयुक्त, कानुनी उद्देश्य पूरा गर्न लक्षित नभएको, विभेदकारी, अनुगमन गर्न नसकिने, कुनै वस्तुगत आधार नभएको तथा अरूको अधिकारलाई अनुचित प्रभाव पार्ने कार्यहरू हुन् । लोकतान्त्रिक समाजमा यस्ता कार्यहरू कदापि स्वीकार्य हुँदैनन् ।

## ५. कानुन कार्यान्वयनकर्ताहरूका लागि संयुक्त राष्ट्रसङ्घीय आचारसंहिता

कानुनी शासनको प्रायोगिक अभ्यासबिना मानव अधिकारको वास्तबिकरूपमा संरक्षण हुन सक्दैन र समाजमा कानुन कार्यान्वयन गर्ने जिम्मेवारी कानुन कार्यान्वयनकर्ता वा सुरक्षाकर्मीमा रहेको हुन्छ। त्यसैले, मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धनमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीहरूको अत्यन्तै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। सोही कुरालाई मध्यनजर राख्दै संयुक्त राष्ट्रसङ्घले कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि सन् १९७९ डिसेम्बर १७ मा एक छुट्टै आचारसंहिता पारित गरेको छ। मानव अधिकारको संरक्षण तथा प्रभावकारी कानुन कार्यान्वयनका लागि यस आचारसंहितामा भएका व्यवस्थाहरूका बारेमा सबै कानुन कार्यान्वयनकर्ताहरू तथा सुरक्षाकर्मीहरूले जानकारी राख्नुका साथसाथै कानुन कार्यान्वयनको सिलसिलामा पालना गर्नुपर्दछ। आचारसंहितामा भएका व्यवस्थाहरू निम्नानुसार छन् :

१. सामान्यतया कानुन कार्यान्वयनकर्ता भन्नाले प्रचलित कानुनबमोजिम पक्राउ गरी थुनामा राख्न सक्ने अधिकार भएको सुरक्षाकर्मी वा जुनसुकै अधिकारीलाई जनाउँदछ । कानुन कार्यान्वयनकर्ताहरूले सधैँ कानुद्वारा निर्दिष्ट भएअनुरूप आफ्नो कर्तव्यको पालना गर्नुपर्दछ। कानुन कार्यान्वयनकर्ताहरूले सधैँ आफ्नो पेसाप्रति उच्च जिम्मेवारीका साथ समाज र सबै व्यक्तिलाई गैरकानुनी कार्यका विरुद्ध संरक्षण प्रदान गर्नुपर्दछ। यस धाराको व्यवस्थाअनुसार सुरक्षाकर्मी वा कानुन कार्यान्वयनकर्ताले जुनसुकै काम वा कर्तव्य गर्दा कानुनबमोजिम मात्र गर्नुपर्दछ। कानुनको उल्लङ्घन कदापि गर्नुहुँदैन। कानुन कार्यान्वयन गर्ने पेसाप्रति लापरवाही नगरी वा पेसाको दुरुपयोग नगरी उच्च जिम्मेवारीका साथ जनताको सुरक्षासम्बन्धी अधिकारको सम्मान र संरक्षण गर्नुपर्दछ।

२. आफ्नो कर्तव्य पालना गर्दा कानुन कार्यान्वयनकर्ताहरूले मानव मर्यादाको सम्मान र संरक्षण गर्नुका साथै सबै व्यक्तिका मानव अधिकारहरूको सम्मान गर्नुपर्दछ।

३. कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले अत्यन्त आवश्यक समयमा मात्र र त्यो पनि आफ्नो उत्तरदायित्व बहन गर्न आवश्यक सीमासम्म मात्र बल प्रयोग गर्नुपर्दछ।

४. कानुन कार्यान्वयनकर्ताहरूले प्राप्त गरेका गोप्य राख्नुपर्ने प्रकृतिका विवरणहरू कर्तव्य पालनाका लागि वा न्याय सम्पादनका लागि अत्यावश्यक नभएसम्म गोप्य राख्नुपर्दछ।

५. कानुन कार्यान्वयन गर्ने कुनै पनि अधिकारीले यातना दिने वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिने वा त्यस्ता घटनाहरू गर्न उक्साउने वा त्यस्ता घटना घटेमा तिनलाई सहने कार्य गर्नुहुँदैन। त्यस्तै कानुन कार्यान्वयन गर्ने कुनै पनि अधिकारीले यातना वा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजायका निम्ति आफूभन्दा माथिको अधिकारीको आदेश वा युद्ध वा युद्धको खतरा, राष्ट्रिय सुरक्षामाथिको खतरा, आन्तरिक राजनैतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक आपत्तिजस्ता असामान्य परिस्थितिलाई औचित्यका रूपमा अघि सार्न मिल्दैन। (जुनसुकै अवस्थामा पनि यातनालाई शून्य सहनशीलताकारूपमा लिनुपर्दछ।)

६. कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले आफ्नो हिरासतमा रहेका व्यक्तिहरूको स्वास्थको पूर्णरूपमा सुनिश्चित गर्नुपर्दछ र आवश्यक परेमा उनीहरूलाई तुरुन्त चिकित्सा सहायता उपलब्ध गराउनुपर्दछ।

७. कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले भ्रष्टाचार गर्नुहुँदैन। उनीहरूले त्यस्तो कार्यको पूर्ण विरोध गर्ने र त्यसका विरुद्ध लड्ने गर्नुपर्दछ।

८. कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले कानुन तथा यस आचार संहिताको पालना गर्नुपर्दछ। उनीहरूले आफ्नो क्षमताले भ्याएसम्म ती कानुन तथा आचारसंहिताको विरोधको रोकथाम गर्नुपर्दछ। यस आचार संहिताको उल्लङ्घन भएको वा हुन लागेको भन्ने कुराको विश्वास गर्ने आधार कानुन कार्यान्वयन गर्ने कुनै अधिकारीसँग भएमा निजले उक्त कुराको जानकारी आफूभन्दा माथिको अधिकारीलाई तथा आवश्यक भएमा सम्बन्धित सरकारी निकायलाई गराउनुपर्दछ।

# परिच्छेद–३

# पक्राउ, थुना, खानतलासी र बरामदीसम्बन्धी व्यवस्था

## १. परिचय

प्रहरीले देशमा शान्तिसुरक्षा र अमन चयन कायम राख्ने क्रममा आफ्नो कार्यादेशबमोजिमका कारबाहीहरू गर्न सक्दछ। कुनै फौजदारी कानुनको क्षेत्राधिकारका आपराधिक घटनाहरू भएमा त्यस्ता घटनाहरूमा अनुसन्धान गरी कानुनी कारबाही गर्नुपर्ने हुन्छ। सो क्रममा प्रहरीले अपराधमा संलग्न व्यक्ति वा आशङ्कित व्यक्तिलाई पक्राउ गर्न, थुनामा राख्न, शङ्कास्पद स्थानको खानतलासी गर्न वा बरामदी गर्न सक्दछ। यी सबै प्रक्रियाहरू कानुनसम्मत तरिकाबाट मात्र गर्न सकिन्छ। पक्राउ, थुना तथा खानतलासी र बरामदीसम्बन्धी नेपालमा प्रचलित कानुनका महत्त्वपूर्ण व्यवस्थाहरूलाई अनुसूची १ मा समावेश गरिएको छ। यस्तो अवस्थामा कानुनकार्यान्वयन गर्ने निकाय वा प्रहरीले ध्यान दिनुपर्ने केही आधारभूत व्यवस्थाहरूका बारेमा यस परिच्छेमा उल्लेख गरिएको छ।

### १.१ पक्राउ

प्रचलित संविधानअनुसार नागरिकलाई प्रदान गरेको स्वतन्त्रतासम्बन्धी मौलिक हक अधिकारलाई कानुनतः रोक वा अङ्कुश लगाउने कार्यलाई पक्राउ भनी बुझ्न सकिन्छ। यसलाई कानुनले दिएको अधिकारको प्रयोग गरी अपराधमा संलग्न कुनै व्यक्ति वा शङ्कास्पद व्यक्तिलाई अपराधजन्य काम गर्नबाट रोक्न वा कुनै कसुरको अनुसन्धान गर्ने प्रक्रियाअनुरूप प्रहरीबाट नियन्त्रण वा कब्जामा लिने कार्यलाई पक्राउ भनी बुझिन्छ।

यसरी पक्राउ गर्दा पक्राउ पर्ने व्यक्तिको केही स्वतन्त्रताका अधिकारहरूमा असर पर्न सक्दछ। यस्ता व्यक्तिहरूले पाउने मानव अधिकारका बारेमा अन्तर्राष्ट्रिय कानुनहरूले विशेष व्यवस्थाहरू गरेका छन् जुन कुराहरूलाई नेपालको संविधान एवम् कानुनहरूले समेत प्रत्याभूति गरेका छन्। उक्त व्यवस्थाहरूलाई सङ्क्षेपमा निम्नबमोजिम उल्लेख गरिएको छ :

- पर्याप्त कारण र कानुनी आधारबिना कसैलाई पनि पक्राउ गर्नुहुँदैन। कसैलाई पनि स्वेच्छाचारीपूर्वक गिरफ्तारी गर्नु वा थुन्नु हुँदैन। पुर्पक्षअघिको थुना नियम हैन अपवादका रूपमा मात्र हुन्छ।
- व्यक्तिलाई पक्राउ गर्दा पक्राउ गर्नुपर्ने व्यक्तिको नाम, थर, वतन, हुलियासमेत यकिन गरेर मात्र पक्राउ गर्नुपर्दछ।
- पक्राउगर्दा सम्बन्धित व्यक्ति र सम्भव भएसम्म निजको नजिकका आफन्तलाई पक्राउको कारणसहित निजलाई कहाँ लगिँदैछ भन्ने कुराको अनिवार्य रूपमा जानकारी गराउनुपर्दछ ।
- सामान्यतया कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा रातको समयमा पक्राउ गर्न हुँदैन। घरभित्र प्रवेश गरी पक्राउ गर्नुपरेमा घरभित्र प्रवेश गर्ने मुचुल्का तयार गरी पक्राउ गर्नुपर्दछ।
- पक्राउ गरिएको नाबालक र अपाङ्गता भएका व्यक्तिलाई कहिल्यै पनि हथकडी प्रयोग गर्नुहुँदैन।
- पक्राउ गर्दाकै समयमा पक्राउ गर्नुपर्नाको कारणसहितको पक्राउ पुर्जी दिएरमात्र पक्राउ गर्नुपर्दछ।
- पक्राउमा परेका व्यक्तिलाई पक्राउमा पर्नाको कारण र पक्राउ पर्दाकै समयमा रोजेको कानुनव्यवसायीबाट कानुनी परामर्श लिने अधिकार सुनिश्चित गरिनुपर्दछ।
- अभियोग प्रमाणित नभएसम्म व्यक्तिलाई निर्दोष मानी सोहीबमोजिमको व्यवहार गर्नुपर्दछ।

**पक्राउ गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- पक्राउ पूर्जी दिएरमात्र पक्राउ गर्नुपर्दछ।
- कानुनव्यवसायी राख्ने बारेमा सोध्नु -पर्दछ।
- परिवार वा आफन्तलाई पक्राउका बारेमा जानकारी दिनुपर्दछ।
- सामान्यतया रातिको समयमा पक्राउ गर्नुहुँदैन।
- पक्राउ परेको व्यक्तिको सुरक्षाको प्रबन्ध मिलाउनुपर्दछ।
- महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामी व्यक्तिहरूलाई पक्राउ गर्दा उनीहरूको सुरक्षा र गोपनीयतालाई विशेष संरक्षण प्रदान गर्नुपर्दछ।

- व्यक्तिलाई पक्राउ गर्दा मानव अधिकारमैत्री व्यवहार गर्नुपर्दछ; जसमा व्यक्तिको मर्यादा, सम्मान, गोपनीयता र सुरक्षाको अधिकारलाई विशेष ध्यान दिनु जरुरी हुन्छ ।
- महिलालाई पक्राउ गर्दा सकभर महिला प्रहरीबाट मात्र पक्राउ गर्नुपर्ने र सो सम्भव नभएको अवस्थामा पुरुष प्रहरीबाट पक्राउ गर्नुपर्ने भएमा लैङ्गिक मैत्री व्यवहार गर्नुपर्ने कुरालाई उच्च प्राथमिकतामा राख्नुपर्दछ ।
- पक्राउ गर्दा न्यूनत्तम बलको प्रयोग गर्नुपर्दछ भने दुर्व्यवहार र यातनालाई अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले पूर्णरूपमा निषेध गरेको छ ।
- आशङ्कित व्यक्तिलाई प्रहरी नियन्त्रणमा लिइसकेपछि निजको जीउ र धनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउनुपर्दछ । पक्राउ गरिएका व्यक्तिहरूलाई कसैले पनि हातपात रआक्रमण गर्न दिनुहुँदैन ।
- पक्राउ गरिएको व्यक्तिलाई यथाशक्य छिटो (नेपाल कानुनबमोजिम २४ घण्टाभित्र) मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्दछ ।
- पक्राउमा परेको व्यक्तिलाई थुनामा राख्नुपर्ने भएमा स्वास्थ्य परीक्षण गराएरमात्र थुनामा राख्न पठाउनुपर्दछ ।

### १.२ पक्राउ पुर्जी

कुनैपनि व्यक्तिहरूलाई पक्राउ गर्दा पक्राउ पूर्जी दिएरमात्र पक्राउ गर्न सकिन्छ । अपवादका रूपमा विशेष अवस्थामा पक्राउ पूर्जीबिना पनि पक्राउ गर्न सकिने कुरा कानुनहरूमा उल्लेख भएको पाइन्छ । तर, यसलाई सामान्य नियमका रूपमा लिन मिल्दैन । पक्राउ पुर्जी (वारेन्ट) भनेको अधिकारप्राप्त अधिकारीले कुनै व्यक्तिलाई पक्राउ गर्न न्यायिक कार्यविधिको जिम्मेवारी भएको कुनै निकाय वा व्यक्तिलाई दिएको लिखित अधिकार हो । वारेन्टबमोजिम सात दिनभित्र पक्राउ नपरेमा जुन व्यक्ति पक्राउ गरिनुपर्ने हो उसैका नाममा पक्राउ गर्नुपर्ने कारणसहितको लिखित सूचनाको पुर्जीलाई म्यादीपुर्जी भनिन्छ । यस्तो म्यादीपुर्जी सार्वजनिक गरिएको हुन्छ ।

कानुनले बिनावारेन्ट पक्राउ गर्न पाउने गरी तोकेको अवस्थामा बाहेक अन्य अवस्थामा पक्राउ गर्दा वारेन्ट जारी गरिएको हुनुपर्दछ । उदाहरणका लागि प्रहरी ऐन, २०१२ को दफा १७ ले निम्न अवस्थामा बिनावारेन्ट पक्राउ गर्न सक्ने अधिकार प्रहरीलाई दिएको छ :

- कानुनले तीन वर्षभन्दा बढी कैदको सजाय हुने अपराध गरेको छ वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति
- फरार घोषित गरिएको पक्रनुपर्ने व्यक्ति
- कर्फ्यु लागेका समयमा शङ्का पर्ने गरी हिँडडुल गरिरहेको व्यक्ति
- मनासिब कारण नभई रातको समयमा हातहतियार खरखजाना वा घर फोर्ने औजार साथमा भएको व्यक्ति
- कानुनअनुसार थुनिएको ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति
- नेपाली सेना वा प्रहरी फोर्स छाडी भागेको भन्ने मनासिब शङ्का परेको व्यक्ति

- प्रहरी ऐन २०१२ को दफा ६ मा लेखिएबमोजिम हुने अपराध गरेको छ भन्ने मनासिबशङ्का भएको व्यक्ति
- केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७ को दफा २ मा उल्लिखित सार्वजनिक स्थानमा कुटपिट वा हुलहुज्जत गरी शान्ति भङ्ग गर्नेलगायतका कसुर गर्दागर्दैको अवस्थामा फेला परेको व्यक्ति
- त्यसैगरी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ६, विष्फोटक पदार्थ ऐन, २०१८ को दफा ७, जासुसी ऐन, २०१८ को दफा ४, लागू औषध नियन्त्रण ऐन,२०३३ को दफा ८, वन ऐन, २०१८ को दफा ५३ आदिले बिनावारेन्ट पक्राउ गर्न सक्ने अधिकार प्रदान गरेको छ ।

### १.३ थुना वा हिरासत

अनुसन्धान तहकिकातको सिलसिलामा कुनै पनि व्यक्तिलाई कानुनद्वारा अख्तियारप्राप्त निकाय वा अधिकारीले पक्राउ गरी राख्न निर्धारण गरिएको ठाँउसमेतलाई थुना वा हिरासत भनिन्छ। यस्तो हिरासत निश्चित र सार्वजनिक जानकारी भएको ठाँउमा मात्र हुन सक्छ । सङ्कटकालीन समय वा विशेष परिस्थितिमा समेत सार्वजनिक गरिएको स्थानमा मात्र थुनामा राख्न सकिन्छ अन्यथा त्यस्तो हिरासत गैरकानुनी हुन्छ। कानुन उल्लङ्घन गरेको आरोपमा कानुनबमोजिम हिरासतमा राखिएको, पुर्पक्षमा रहेको तर दोषी प्रमाणित भै नसकेको व्यक्तिलाई थुनुवा भनिन्छ भने कानुन उल्लङ्घन गरेको अभियोगमा अदालतबाट दोषी प्रमाणित भई कैद सजाय भोगिरहेको व्यक्तिलाई कैदी भनिन्छ । यस्ता व्यक्तिलाई थुनामा राख्नका लागि मानव अधिकार कानुनले निश्चित मापदण्डहरू निर्धारण गरेको छ; जसमा निम्न कुराहरू पर्दछन् :

**थुनामा परेका व्यक्तिहरूको अधिकार**

- थुनामा राख्नुको कारण वा आफूविरुद्ध हुने कारबाहीबारे जानकारी पाउने अधिकार
- परिवार, आफन्त, साथीभाइसँग सम्पर्क र भेट गर्न पाउने अधिकार
- कानुन व्यवसायीसँग परामर्श गर्न पाउने र कानुनी सहायता पाउने अधिकार
- आफूविरुद्ध साक्षी बस्न बाध्य नहुने
- यातना तथा क्रूर, अपमानजनक एवम् अमानवीय व्यवहारबाट संरक्षण पाउने र मानवीय व्यवहार पाउने अधिकार
- सक्षम निकायबाट सुनुवाइ हुने र स्वच्छ न्याय पाउने अधिकार
- गोपनीयताको अधिकार
- व्यक्तिगत सम्पत्तिको सुरक्षाको अधिकार

- पक्राउमा परेको व्यक्तिलाई थुनामा राख्दा मुद्दा हेर्ने अधिकारीको आदेशबमोजिम मात्र थुनामा राख्नुपर्दछ ।
- थुनुवापूर्जी नदिई थुनामा राख्नुहुँदैन ।
- थुनामा राखिएको व्यक्तिलाई निजका विरुद्ध हुन लागेको कारबाहीका बारेमा जानकारी दिनुपर्दछ ।
- पक्राउ परेको व्यक्तिको परिवारलाई उसको पक्राउ र थुनास्थलका बारेमा तुरुन्त सूचित गरिनुपर्दछ ।
- थुनामा राखिएका व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट निष्पक्ष सुनुवाइमार्फत न्याय पाउने अधिकारको सुनिश्चितता हुनुपर्दछ । यस्ता व्यक्तिलाई आफूले रोजेको कानुनव्यवसायीबाट कानुनी परामर्श लिन पाउने तथा उक्त कुरा गोप्य हुने कुराको सुनिश्चितता हुनुपर्दछ । यसका साथै, असमर्थ व्यक्तिले कानुनी सहायता पाउने अधिकार सुनिश्चित गर्नुपर्दछ ।
- थुनाको अवधि र वैधानिकताको निर्णय अदालत वा न्यायिक निकायहरूबाट मात्र हुनुपर्दछ ।
- सोधपुछका बेलामा आवश्यकताअनुसार दोभासे उपलब्ध गराउनुपर्दछ ।
- थुनामा राखिएका व्यक्तिहरूलाई आफ्नो परिवार, आफन्त तथा साथीहरूसँग भेट गर्न पाउने तथा पत्राचार वा टेलिफोन वा अन्य तरिकाबाट सम्पर्क गर्न पाउने व्यवस्था हुनुपर्दछ ।
- अनुसन्धान, तहकिकात वा पुर्पक्षका सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्नुहुँदैन । यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ ।
- दण्डनीय अपराधको आरोप लागेको प्रत्येक व्यक्तिलाई निष्पक्ष सुनुवाइबाट दोषी प्रमाणित नभइन्जेल निर्दोष व्यक्तिका रूपमा लिइनुपर्दछ ।
- थुनुवा केन्द्रहरू मानवोचित हुनुपर्दछ । थुनुवाहरूलाई तिनका स्वास्थ्यको ख्याल गर्दै मानवीय सुविधाहरू उपलब्ध भएको ठाउँमा राखिनुपर्दछ पर्याप्त खाना, पानी, आवास, लुगाफाटा, औषधोपचार, शारीरिक व्यायामलगायत व्यक्तिगत स्वास्थ्यका अन्य सुविधाहरू उपलब्ध गराइनुपर्दछ ।
- महिला र पुरुष तथा तेस्रो लिङ्गीहरूलाई अलगअलग स्थानमा थुनामा राख्नुपर्दछ ।
- बालबालिकालाई वयस्कहरूलाई राख्ने स्थानभन्दा छुट्टै स्थानमा राख्नुपर्दछ । उनीहरूलाई बाल सुधारगृहमा राख्नुपर्दछ ।
- सरुवा रोग लागेका व्यक्तिहरूलाई अलग राख्नुपर्दछ ।

- ✍ सामान्य अपराधमा संलग्न भनी शङ्का गरिएका व्यक्तिहरूलाई जघन्य अपराधमा संलग्न भनी शङ्का गरिएका व्यक्तिहरूबाट र दोषी प्रमाणित नभइसकेकाहरूलाई दोषीप्रमाणित भइसकेकाहरूबाट अलग्गै राख्नुपर्छ ।
- ✍ गर्भवती महिलाहरूको स्याहार–सुसारसहितको विशेष हेरचाहको व्यवस्था हुनुपर्दछ ।
- ✍ बिरामी भएका व्यक्तिहरूका लागि उचित स्वास्थ्योपचार र हेरचाहको व्यवस्था हुनुपर्दछ ।
- ✍ प्रत्येक पक्राउको विवरण राख्नुपर्दछ। त्यस्तो विवरणमा पक्राउको कारण, समय, हिरासतमा हस्तान्तरण गरेको समय, न्यायिक निकायसमक्ष उपस्थित गराइएको समय, पक्राउमा सामेल अधिकृतको परिचय, हिरासतमा राखिएको ठाउँका बारेमा दुरुस्त जानकारी र सोधपुछको विस्तृत विवरण, थुनुवाका सामानहरू र अन्य घटना र कारबाहीसम्बन्धी विवरण उल्लिखित हुनुपर्दछ ।
- ✍ थुनुवाहरूको धार्मिक एवम् नैतिक विश्वास एवम् आस्थाको सम्मान गरिनुपर्दछ ।

### १.४ खानतलासी

प्रचलित कानुनबमोजिम कुनै अपराधसँग सम्बन्धित व्यक्ति वा प्रमाणको खोजीमा कुनै व्यक्ति, वस्तु वा स्थानको निरीक्षण गर्नुलाई खानतलासी भनिन्छ। नेपाली शब्दकोषअनुसार खानतलासी भन्नाले “अवैध वा चोरीको माल वा कुनै व्यक्तिलाई लगाइएको अभियोग वा कसुरका लागि पुर्पक्ष गरिने अपराध प्रमाणको तलासी लिने उद्देश्यले कुनै व्यक्तिको घर, कम्पाउन्ड, शरीर वा सवारी साधन आदिको निरीक्षण गर्नु” भन्ने बुझिन्छ। अपराध अनुसन्धानको दृष्टिकोणबाट फौजदारी मुद्दामा कुनै अपराधी वा अपराधमा प्रमाण लागूने कुनै व्यक्ति वा मालवस्तु कुनै घर वा स्थानमा लुकाई राखिएको छ भन्ने शङ्का लागेमा वा भरपर्दो सूचना प्राप्त भएमा कानुनबमोजिम तोकिएको दर्जाको अनुसन्धान अधिकृतले शङ्कित व्यक्ति, स्थान वा वस्तुको निरीक्षण गरी कानुनबमोजिम तलासी लिने प्रक्रिया खानतलासी हो ।

### १.५ बरामदी

अधिकारप्राप्त अधिकारीले खानतलासीबाट वा अन्य अवस्थामा समेत प्राप्त प्रमाणिक महत्त्व भएको चिज वा वस्तु कानुनी प्रयोजनका लागि कानुनी प्रक्रियाबमोजिम मुचुल्का खडा गरी कब्जामा लिनु बरामदी हो । प्रमाणिक महत्त्वका वा अपराधसँग सम्बन्धित चिज वा वस्तुहरू खानतलासी गर्दा वा अन्य अवस्थामा समेत फेला पर्न सक्छन् । जस्तै; कुनै स्थानमा बेवारिसे अवस्थामा गोलीगठ्ठा, सुन, लास वा त्यस्तै अन्य कुनै वस्तु फेला पर्‍यो भने त्यसलाई पनि कानुनी प्रक्रियाबमोजिम बरामद गरी कब्जामा लिनुपर्दछ । यसरी बरामद गर्दा कानुनबमोजिम कानुनी प्रक्रिया अपनाई मात्र गर्नुपर्दछ र कानुनले निर्धारण गरेको ढाँचामा मुचुल्का तयार गर्नुपर्दछ ।

## १.६ खानतलासी तथा बरामदी र मानव अधिकारसम्बन्धी मापदण्डहरू

अपराधको सफल अनुसन्धानका लागि प्रमाण सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। प्रमाणले नै अपराध र अपराधीबीचको सम्बन्ध स्थापित गर्ने र अपराधको पुष्टि हुने भएकाले प्रमाणको अभावमा प्रहरी अनुसन्धान सफल हुन सक्दैन। प्रमाणको अभावमा वा प्रमाण पत्ता लाग्न सक्ने सम्भावनाको आधारमा खानतलासी र बरामदी प्रमाण पत्ता लगाउनका लागि गरिने भएकाले सफल अपराध अनुसन्धानमा यो अत्यन्तै आवश्यक र महत्त्वपूर्ण हुन्छ तथापि खानतलासी र बरामदी गर्दा जहिले पनि कानुनी प्रक्रिया र मानव अधिकारलाई ध्यान दिनुपर्दछ। अन्यथा, त्यसले कानुनी मान्यता पाउँदैन भने अनुसन्धानमा समेत नकारात्मक असर पार्दछ।

अपराध अनुसन्धानका क्रममा खानतलासी तथा बरामदी वा कानुन कार्यान्वयनसम्बन्धी अन्य कुराहरू गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा निर्दिष्ट मानव अधिकारसम्बन्धी निम्न मापदण्डहरूलाई सधैँ विचार पुर्याउनुपर्दछ।

- कसैको गोपनीयता, घरपरिवार वा पत्रव्यवहारमा स्वेच्छाचारी रूपमा हस्तक्षेप गर्नु हुँदैन।
- कुनै स्थान, व्यक्ति, सवारी साधन र अन्यको तलासी गर्नुपरे हकवालालाई जानकारी दिई अन्य व्यक्तिहरूको रोहवरमा गर्नुपर्दछ ।
- घरको खानतलासी गर्नुपूर्व घरभित्र प्रवेश गर्ने व्यक्तिहरू पनि आफ्नो तलासी गराई प्रवेश मुचुल्का गर्नुपर्दछ।
- खानतलासीका क्रममा अनुन्धानसँग सम्बन्धित व्यक्तिहरूबाहेक अन्यको प्रवेशमा रोक लगाउनुपर्दछ।
- घटनास्थलमा फेला परेका सबुद प्रमाणहरूको सङ्कलन गर्दा प्रमाणिक महत्त्व नष्ट नहुने किसिमले सङ्कलन गर्नुपर्दछ।
- कसैको प्रतिष्ठा वा इज्जतमा गैरकानुनी आक्रमण गर्नुहुँदैन।
- कसैलाई कुनै पनि प्रकारको जोरजुलुम, बल वा धम्की, यातना वा अन्य कुनै पनि प्रकारका क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय भोग्न बाध्य पार्नुहुँदैन।
- सूचना प्राप्त गर्नकै लागि शङ्कास्पद व्यक्ति, साक्षी वा पीडितहरूमाथि कुनै पनि प्रकारको शारीरिक वा मानसिक दबाब वा यातना दिनुहुँदैन।
- पीडित र साक्षीहरूलाई विशेष ध्यान दिँदै सहानुभूतिपूर्वक व्यवहार गर्नुपर्छ।
- संवेदनशील सूचनाहरू आदान प्रदान गर्दा सधैँ गोपनीयता र सावधानी अपनाउनुपर्दछ।
- स्वेच्छाचारी र अनुचित रूपमा हस्तक्षेपकारी कार्यहरू स्वीकार्य हुँदैनन्।
- अनुसन्धान सक्षम, पूर्ण, छरितो र निष्पक्ष हुनुपर्दछ।
- अनुसन्धानले पीडितहरूको पहिचान गर्न, प्रमाणहरू जुटाउन, साक्षीहरू पत्ता लगाउन, अपराधको कारण, तरिका, स्थान र समय पत्ता लगाउन र अपराधीहरूको पहिचान गरी पक्राउ गर्न सहयोग गर्नुपर्दछ।
- अपराध घटेको ठाउँको सावधानीपूर्वक कानुनबमोजिम जाँच प्रमाणहरूको सङ्कलन गरी संरक्षण गर्नुपर्दछ।

# परिच्छेद–४

# बल तथा हतियारको प्रयोग

## १. परिचय

अपराधको रोकथाम, अनुसन्धान, शान्ति-सुव्यवस्था वा कानुन कार्यान्वयनका लागि सुरक्षाकर्मीहरूले आवश्यकता अनुसार बल तथा हतियारको प्रयोग गर्न सक्दछन् । सामान्यतया सुरक्षाकर्मीहरूको उपस्थिति आफैमा एउटा कानुनी बल हो भने आवश्यकताअनुसार शाब्दिक रूपमा, शारीरिक रूपमा, लाठी, पानीको फोहरा, अश्रुग्याँसलगायत उपलब्ध बल प्रयोगका अन्य साधनसोतहरूका साथसाथै आवश्यकताअनुसार सुरक्षाकर्मीहरूले हतियारको समेत प्रयोग गर्नुपर्ने अवस्था उत्पन्न हुन सक्दछ । बल तथा हतियारको प्रायोगले मानिसको जीउ-धन जोखिममा पार्दछ भने सुरक्षाकर्मीहरूको मूल उद्देश्य त्यस्तो जोखिमलाई सकेसम्म कम गर्ने भएको हुँदा बल तथा हतियारको प्रयोगसम्बन्धी कानुनी व्यवस्था र मानव

**बल तथा हतियारको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू १९९०**

- घटनाको समानुपातिक रूपमा मात्र बल तथा हतियारको प्रयोग गर्न सकिने,
- बल तथा हतियारको प्रयोग गर्नु अघि चेतावनी दिनुपर्ने,
- कम क्षति हुने गरी र मानव जीवनको सुरक्षा हुने गरी गर्नुपर्ने,
- घाइते भएको अवस्थामा जति सक्दो स्वास्थ्य सेवाको प्रत्याभूति गर्नुपर्ने,
- घाइतेका आफन्तहरूलाई यथासक्य चाँडो सूचना दिनुपर्ने,
- घटनाको बारेमा सुपरिवेक्षकलाई यथासक्य चाँडो खबर गर्नुपर्ने,
- स्वेच्छाचारी रूपमा बल तथा हतियारको प्रयोग नहुने कुरा सुनिश्चित गर्नुपर्ने आदि

अधिकारलाई मध्यनजर राख्दै आवश्यक संयम र सावधानी अपनाउनुपर्दछ। बल तथा हतियारको प्रयोगका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घबाट सन् १९९० मा बल तथा हतियारको प्रयोगसम्बन्धी कानुनकार्यान्वयन गर्ने अधिकारीहरूका लागि आधारभूतसिद्धान्तहरू पारित भएको थियो। जसले बल तथा हतियारको प्रयोग गर्दा अपनाउनुपर्ने मापदण्डहरूका बारेमा उल्लेख गरेको छ।

## २. बल तथा हतियारको प्रयोग र मानव अधिकारसम्बन्धी मापदण्डहरू

### २.१ बल तथा हतियारको प्रयोग

- नागरिकको शान्तिपूर्वक भेला हुने, सभाजुलुस गर्ने, शान्तिपूर्ण रूपमा विरोध गर्न पाउने, सङ्गठित हुन पाउने, दल खोल्न पाउनेलगायतका अधिकारहरूको जहिले पनि सम्मान गरिनुपर्दछ।
- भिड नियन्त्रणकालागि अवलम्बन गरिने सबै उपायले मानव अधिकारको सम्मान गर्नुपर्दछ। भिड नियन्त्रणको समयमा जहिले पनि धैर्यवान् र सहनशील हुनुपर्दछ।भिडलाई उत्तेजित हुने खालको क्रियाकलापहरू गर्नुहुँदैन।
- बलको गैरकानुनी प्रयोगलाई अपवादका रूपमा लिनु वा क्षमा दिइनुहुँदैन । बल प्रयोग गर्नै पर्ने अवस्था आएमा न्यूनत्तम तर खतराको तुलनामा समानुपातिक रूपमा मात्र बल प्रयोग गर्न सकिन्छ।
- भिड नियन्त्रणका क्रममा कानुनविपरीत मानव अधिकारको उल्लङ्घन हुने किसिमको आदेश भएमा त्यसको पालना गर्न कर लाग्ने छैन। त्यस्तो आदेश पालना गर्दा मानव अधिकारको उल्लङ्घन हुन गएमा त्यसको जिम्मेवारी आदेश कार्यान्वयन गर्ने सम्बन्धित प्रहरी कर्मचारीले पनि व्यक्तिगत जवाफदेहिताका आधारमा बहन गर्नुपर्ने हुन्छ।
- अधिकारलाई सीमित गर्ने कार्य तथा कुनै पनि कारबाही अरूको अधिकार र स्वतन्त्रताको सम्मानलाई सुरक्षित गर्न तथा नैतिकता, सार्वजनिक व्यवस्था एवम् आमहित र कल्याणका उचित आवश्यकताहरूलाई पूरा गर्ने उद्देश्यका लागि मात्र हुनुपर्दछ।
- बल प्रयोग गर्नुभन्दा पहिले अन्य उपायहरूका बारेमा विचार गरी अहिंसात्मक उपायहरूलाई पहिले अपनाउनुपर्दछ।
- अति आवश्यक भएपछि मात्र बलको प्रयोग गर्नुपर्दछ। बल प्रयोग कानुनको पालना गराउन, कानुनको पालनाका उद्देश्यहरूसँग समानुपातिक तथा प्रहरी अधिकृतको काम र कर्तव्य पूरा गर्न आवश्यक मात्रामा मात्र हुनुपर्दछ।
- हरेकलाई एक व्यक्तिकारूपमा बाँच्न पाउने र सुरक्षाको अधिकार हुन्छ; यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट मुक्त हुने अधिकार हुन्छ।
- जीवन खतरामा परेको अवस्थामा बाहेक अन्य अवस्थामा गैरघातक साधनहरू प्रयोग गर्नुपर्छ र त्यो समानुपातिक तथा न्यूनत्तम मात्रामा कसरी र कहिले प्रयोग गर्न सकिन्छ भन्ने स्पष्ट आदेश पाएपछि मात्रै गर्नुपर्दछ।

- बलको प्रयोग गर्दा संयमता अपनाउनुपर्छ। बलको प्रयोग जहिले पनि कानुनी उद्देश्यहरूसँग समानुपातिक हुनुपर्दछ र नोक्सानी वा क्षति वा चोटपटक सकेसम्म गर्नुहुँदैन ।
- सबै सुरक्षाकर्मीहरूलाई बलको फरकफरक प्रयोग र अहिंसात्मक उपाय वा साधनहरूको प्रयोगका बारेमा तालिम दिइएको हुनुपर्छ ।
- भिड नियन्त्रणका क्रममा घाइते भएकाहरूलाई उचित औषधी उपचारको व्यवस्था गर्नुपर्दछ ।
- भिड नियन्त्रणका क्रममा पक्राउ परेका प्रदर्शनकारीहरूलाई मानवोचित व्यवहार गर्नुपर्दछ ।
- बल वा हतियारको प्रयोग गर्नै पर्ने अवस्थामा प्रस्ट रूपमा सुनिने गरी बल प्रयोग गर्न लागिएको र त्यसबाट हुन सक्ने परिणामका बारेमा चेतावनी दिई त्यस्तो अवस्था आउन नदिन पालना गर्नुपर्ने कुराका बारेमा जानकारी दिई त्यसको पालना गर्न पर्याप्त समय दिनुपर्दछ ।

## २.२ बल र हतियारको प्रयोगमा जवाफदेहिता

- बल र हतियारको प्रयोगसम्बन्धी सबै घटना माथिल्लो अधिकारीहरूलाई जानकारी गराउनुपर्छ र उनीहरूद्वारा त्यसको पुनरावलोकन गरिनुपर्दछ ।
- आफ्नो कमान्डमा रहेका अधिकृत तथा जवानहरूले गरेको कुनै पनि कामका बारेमा माथिल्लो अधिकारीलाई थाहा भएको वा थाहा हुनुपर्ने अवस्थामा कुनै ठोस कदम चाल्न निज असफल भएमा त्यस्तो कार्यको जिम्मेवारी माथिल्लो अधिकारीले नै बहन गर्नुपर्दछ ।
- माथिल्लो तहबाट आउने गैरकानुनी आदेशहरू इन्कार गर्न तल्लो दर्जाका सुरक्षाकर्मीहरूलाई छुट हुनेछ ।
- यी नियमहरूको उल्लङ्घन गर्ने सुरक्षाकर्मीलाई 'माथिबाट आएको आदेशको पालना' भन्ने आधारमा छुट दिइने छैन ।

# परिच्छेद-५

# कानुन कार्यान्वयनमा भेदभावरहित व्यवहार

## १. परिचय

हरेक मानिस जन्मसिद्धरूपमा स्वतन्त्र र समान हुन्छन्। शान्ति-सुरक्षा र न्याय मानव जीवनको अस्तित्व, मानव मर्यादा र मानव सभ्यताको विकासका लागि प्राथमिक आवश्यकताहरू हुन्। शान्तिसुरक्षा र न्यायको अभावमा अन्य अधिकार र व्यवस्थाको कुनै पनि अर्थ हुँदैन भने कुनै पनि समाजमा कानुनको शासनविना यी आवश्यकताहरू सही र समानरूपले पूरा हुन सक्दैनन्। त्यसैले,कानुन कार्यान्वयन गर्नेजस्तो अत्यन्तै संवेदनशील जिम्मेवारी बोकेका कानुन कार्यान्वयनकर्ताहरू वा सुरक्षाकर्मीहरूले कानुनको कार्यान्वयन गर्दा कानुनी शासनको मान्यतालाई पूर्णरूपमा आत्मसात् गरी बिना कुनै भेदभाव गर्नुपर्दछ। अर्को शब्दमा भन्ने हो भने सुरक्षाकर्मीहरूले कानुन कार्यान्वयन गर्दा कानुनबमोजिम मात्र गर्नुपर्दछ। जाति, धर्म, लिङ्ग, वर्ण, राजनैतिक विचारधारा आदि जस्ता कुनै पनि आधारमा भेदभावपूर्ण व्यवहार गर्नुहुँदैन।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र१९४८,नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ लगायत मानव अधिकारसम्बन्धी दस्तावेजहरूले कानुनका अगाडि सबै व्यक्तिहरू समान हुने र कसैलाई पनि जाति, धर्म, लिङ्ग, वर्ण, राजनैतिक विचारधारा र उत्पत्तिका आधारमा भेदभाव गर्न नहुने व्यवस्था गरेका छन्। यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ मा मौलिक हकअन्तर्गत तल उल्लिखित व्यवस्थाहरू रहेका छन् :

**क. समानताको हक (धारा- १३)**

(१) सबै नागरिक कानुनका दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन।

(२) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा, वैचारिक आस्था वा तीमध्ये कुनै कुराका आधारमा भेदभाव गरिने छैन।

(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्नेछैन ।

तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदुर वा आर्थिक,सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

(४) समान कामका लागि महिला र पुरुषकाबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

**ख. छुवाछुत तथा जातीय विभेदविरुद्धको हक(धारा-१४)**

(१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भएबमोजिमको क्षतिपूर्ति पाउनेछ ।

(२) कुनै पनि व्यक्तिलाई जातजातिका आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन ।

(३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात-जातिको व्यक्तिलाई मात्र बिक्रीवितरण गरिने छैन ।

(४) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उचनीच दर्साउने, जात, जातिका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(५) उपधारा (२), (३) र (४) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ ।

सुरक्षाकर्मीले आफ्नो कर्तव्य पालनाका सिलसिलामा कसैप्रति पनि कुनै पनि आधारमा भेदभाव गर्नुहुँदैन । तर, सकारात्मक विभेदको सिद्धान्तका आधारमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, जोखिममा परेका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक र पिछडिएको वर्गका व्यक्तिहरूको अधिकार संरक्षणका लागि गरिने विशेष कार्यलाई भेदभाव भन्न मिल्दैन । कानुन कार्यान्वयनमा समान व्यवहार गर्नुपर्ने सम्बन्धमा मानव अधिकारका मापदण्डहरूको पालना जरुरी हुन्छ; जसलाई तल उल्लेख गरिएको छ :

## २. समानतासम्बन्धी मानव अधिकारसम्बन्धी मापदण्डहरू

- मानव अधिकार मानव व्यक्तिमा अन्तर्निहित मर्यादाबाट निःसृत हुन्छ ।मर्यादा र अधिकारहरूका दृष्टिकोणबाट सबै मानिस जन्मँदै स्वतन्त्र र समान छन् ।
- कानुन लागू गर्ने अधिकारी वा सुरक्षाकर्मीले समुदायको सेवा र गैरकानुनी कार्यहरूविरुद्ध प्रत्येक व्यक्तिलाई संरक्षण प्रदान गर्दै कानुनद्वारा तोकिएबमोजिमको जिम्मेवारी पूरा गर्नुपर्दछ ।
- सुरक्षकर्मीले मानव मर्यादाको सम्मान गर्नुका साथै सबै व्यक्तिहरूको मानव अधिकारलाई कायम राख्नुपर्दछ ।
- सबै व्यक्तिहरू कानुनका अगाडि समान हुन्छन् र बिनाभेदभाव समान कानुनी संरक्षणको हकदार हुन्छन् ।
- समुदायलाई सेवा र संरक्षण प्रदान गर्दा सुरक्षाकर्मीले जाति, लिङ्ग, धर्म, भाषा, वर्ण, राजनीतिक आस्था, राष्ट्रिय उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि अवस्थाका आधारमा गैरकानुनी रूपले भेदभाव मानिँदैन ।
- तर महिला, बालबालिका, बिरामी, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरू तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरूले विशेष ख्याल गर्नुपर्छ भनी आवश्यक ठानेका अन्य समूहहरूका विशेष अवस्था र आवश्यकताहरूलाई सम्बोधन गर्न सुरक्षाकर्मीले विशेष उपाय र सकारात्मक कदमहरू चालेमा त्यसलाई गैरकानुनी भेदभावका रूपमा लिइनुहुँदैन ।
- सुरक्षा निकायमा हुने भर्ना, कार्य विभाजन, सरुवा-बढुवासम्बन्धी नीतिहरूजुनसुकै गैरकानुनी भेदभावबाट मुक्त हुनुपर्दछ ।

# परिच्छेद–६

# अन्तर्राष्ट्रिय मानवीय कानुन

## १. परिचय

अन्तर्राष्ट्रिय मानवीय कानुनलाई सशस्त्र द्वन्द्वसम्बन्धी कानुन पनि भनिन्छ। यो कानुन विशेष गरी सशस्त्र द्वन्द्वको अवस्थामा लागू हुने अन्तर्राष्ट्रिय कानुन हो। सन् १९४९ मा निर्माण भएका चारओटा महासन्धिहरू र तिनका तीनओटा स्वेच्छिक आलेखहरू छन्, जसलाई जेनेभा महासन्धि पनि भनिन्छ। यस कानुनले युद्धरत पक्षहरूमा अनावश्यक क्षति हुनबाट बचाउन, युद्धमा भाग नलिएका सर्वसाधारणहरू वा युद्धमा भाग लिन नसक्ने घाइते वा बिरामीहरूको संरक्षण गर्न, युद्धबन्दीहरूलाई मानवीय व्यवहार गर्न र रेडक्रस, रेडक्रिसेन्ट, उपचारसँग सम्बन्धित व्यक्ति वा साधनहरू, पुरातात्त्विक वा साँस्कृतिक महत्त्वका स्थानहरूलगायत संरक्षित वस्तुहरूको संरक्षण गर्न युद्धको विधि र साधनसम्बन्धी व्यवस्था गरेको छ। जेनेभा महासन्धिले अन्तर्राष्ट्रिय र आन्तरिक सशस्त्र द्वन्द्व दुबै अवस्थामा लागू हुने कानुनी प्रावधानहरूको छुट्टाछुट्टै व्यवस्था

**जेनेभा महासन्धिहरू**

- युद्ध मैदानमा घाइते तथा विरामी भएका सैनिकहरूको अवस्था सुधारसम्बन्धी जेनेभा महासन्धि, १९४९
- समुद्रमा घाइते, विरामी र सङ्कटग्रस्त जहाजका सशस्त्र सेनाका सदस्यहरूको अवस्था सुधारसम्बन्धी महासन्धि, १९४९
- युद्ध बन्दीहरूसँग गरिने व्यवहारसम्बन्धी महासन्धि, १९४९
- युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि, १९४९
- जेनेभा महासन्धिको अन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्षबाट पीडितहरूको संरक्षणसम्बन्धी पहिलो आलेख, १९७७
- जेनेभा महासन्धिको गैरअन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्षबाट पीडितहरूको संरक्षणसम्बन्धी पहिलो आलेख, १९७७
- जेनेभा महासन्धिको थप छुट्टै प्रतीक चिन्हसम्बन्धी महासन्धि, २००५

गरेको छ। चारवटै जेनेभा महासन्धिका धारा ३ मा आन्तरिक सशस्त्र द्वन्द्वमा लागू हुने व्यवस्थाहरू रहेका छन्, जसलाई साझा धारा ३ भनिन्छ।

कानुन कार्यान्वयनकर्ता वा सुरक्षाकर्मीहरूले अन्तर्राष्ट्रिय मानवीय कानुनले गरेका व्यवस्थाहरूका बारेमा राम्रो जानकारी राख्नुका साथै सशस्त्र द्वन्द्वका क्रममा यसमा भएका व्यवस्थाहरू अनिवार्य रूपमा पालना गर्नुपर्दछ।

## २. अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी मापदण्डहरू

- घाइते, अशक्त र बिरामी भई युद्धमा भाग लिन असक्षम व्यक्तिहरू तथा युद्धमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरूको जीवन र तिनका नैतिक तथा शारीरिक संरचनाहरूको आदर हुनुपर्दछ। जुनसुकै परिस्थितिमा पनि तिनीहरूको सुरक्षा र तिनीहरूलाई बिनाभेदभाव मानवीय व्यवहार गर्नुपर्दछ।
- आत्मसमर्पण गर्ने अथवा घाइते भई लडाइँमा भाग लिन नसक्ने शत्रुलाई मार्न अथवा घाइते तुल्याउन निषेध गरिएको छ।
- सङ्घर्षमा भाग लिने पक्षहरूले आफूले कब्जा गरेको घाइते र बिरामीहरूलाई एकत्रित गरेर राख्नु र तिनीहरूको हेरविचार गर्नुपर्दछ। यसरी सुरक्षा प्रदान गरिएका मध्येमा औषधी उपचारसम्बन्धी कर्मचारीहरू, प्रतिष्ठान, परिवहनका साधन र उपकरणहरू पनि पर्दछन्। रेडक्रस वा रेडक्रिसेन्ट चिन्हले यस्तो सुरक्षा प्रदान गर्दछ र यस्तो चिन्हको आदर गर्नुपर्दछ।
- गिरफ्तार गरिएका युद्धरत व्यक्तिहरू र विपक्षीको कब्जामा रहेका असैनिक नागरिकहरूको जीवन, तिनीहरूको मर्यादा, व्यक्तिगत अधिकार र विश्वासको आदर गर्नुपर्दछ। सबै किसिमका हिंसा र बदला लिने किसिमबाट गरिने कारबाहीका विरुद्ध तिनीहरूलाई सुरक्षा प्रदान गर्नुपर्दछ। तिनीहरूले आफ्नो परिवारसँग पत्राचार गर्न र उनीहरूबाट सहायताका वस्तुहरू प्राप्त गर्न सक्दछन्। यसका लागि उचित अवसर र व्यवस्था उपलब्ध गर्नुपर्दछ।
- प्रत्येक व्यक्तिलाई आधारभूत न्यायिक प्रत्याभूतिको सुविधा प्राप्त हुनुपर्दछ। कसैलाई पनि आफूले नगरेको कार्यका निम्ति जिम्मेवार ठहर्याइनुहुँदैन । कसैलाई पनि शारीरिक वा मानसिक पीडा, शारीरिक सजाय वा क्रूर वा अपमानजनक व्यवहार गरिनुहुँदैन ।
- सङ्घर्षमा संलग्न पक्षहरू र तिनका सशस्त्र सैनिकहरूको युद्धमा प्रयोग गर्ने तौरतरिका र साधन (means and method of warfare) असीमित हुनुहुँदैन । अनावश्यक हानि-नोक्सानी पुऱ्याउने वा अत्यधिक पीडा दिने हातहतियार वा युद्धको तौरतरिका प्रयोग गर्न निषेध गरिएको छ।

- असैनिक नागरिक र तिनका सम्पत्तिको सुरक्षा गर्ने दृष्टिकोणले सङ्घर्षमा संलग्न पक्षहरूले जुनसुकै बेला पनि सामान्य नागरिक र युद्धरतलाई छुटयाउनुपर्दछ । असैनिक नागरिक आवादी वा व्यक्तिगत असैनिक नागरिकलाई हमलाको लक्ष्य बनाउनु हुँदैन । केवल सैनिक लक्ष्यहरूलाई मात्र आक्रमणको निसान बनाउनुपर्दछ ।

- नेपालले सन् १९६४ मा चारओटै जेनेभा महासन्धिहरूलाई अनुमोदन गरिसकेको छ । सर्वोच्च अदालतले राजाराम ढकाल वि. नेपाल सरकार भएको मुद्दामा उक्त जेनेभा महासन्धिलाई कार्यान्वयन गर्न राष्ट्रिय कानुनबनाउन आदेश पनि गरिसकेको छ । राष्ट्रिय मानव अधिकार आयोगलाई ऐनले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन भएमा अनुगमन गर्ने अधिकार पनि प्रदान गरेको छ । नेपालको सशस्त्र द्वन्द्वका बेला मानवीय कानुनका बारेमा प्रशस्त छलफलहरू भएका छन् र कानुनकार्यान्वयन गर्ने निकायहरूलाई यस सम्बन्धमा धेरै तालिम कार्यक्रमहरू सञ्चालन गरिएको भए तापनि राष्ट्रिय कानुनको अभावमा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयनलाई प्रभावकारी बनाउन सकिएको छैन ।

# परिच्छेद–७

# पीडितहरूको मानव अधिकार

## १.परिचय

कानुन कार्यान्वयनकर्ता वा सुरक्षाकर्मीहरूको मुख्य उद्देश्य समाजमा अपराधका विरुद्ध नागरिकहरूलाई संरक्षण प्रदान गर्नु हो । मूलभूत रूपमा मानिसका सुरक्षासँग सम्बन्धित हकअधिकारहरूको संरक्षण गर्दै समाजमा न्याय व्यवस्था कायम गर्नका लागि नै कानुन कार्यान्वयन वा सुरक्षासम्बन्धी संयन्त्रको स्थापना गरिएको हो ।

त्यसैले, कुनै अपराधिक घटना वा अन्य कुनै अवस्थाबाट पीडित व्यक्ति नै सुरक्षाकर्मी वा सुरक्षा निकायका लागि सबैभन्दा प्राथमिक र महत्त्वपूर्ण सेवाग्राही हुन् । यस्ता पीडित व्यक्ति वा सेवाग्राही उनीहरूमाथि भएको अपराधको घटना वा उनीमाथि उत्पन्न भएको अवस्थाको कारण ठूलो पीडामा रहेका हुन्छन् । एउटा अपराधको घटनाको कारण उनीहरूको जीवनका शारीरिक, मानसिक, आर्थिक, सामाजिक, दैनिक, नियमितलगायत अन्य कैयन पक्षहरूमा ठूलो नकारात्मक प्रभाव परेको हुन्छ । यस्तो पीडाको अवस्थामा उनीहरूलाई विशेष सहयोग र न्यायिक उपचारका लागि उचित मार्गको आवश्यकता र सुरक्षाकर्मीहरूबाट सोहीबमोजिमको अपेक्षा रहेको हुन्छ । यस्तो अवस्थामा सुरक्षाकर्मीहरूको उचित सहयोग र सल्लाह भएन भने उनीहरूको सुरक्षाका साथसाथै न्यायिक संयन्त्रमाथिकै विश्वास भङ्ग हुन जान्छ ।

अर्कातिर अपराधको पुष्टि तथा प्रमाण सङ्कलनका लागि पीडित व्यक्ति आफैमा सबैभन्दा महत्त्वपूर्ण आधारका रूपमा रहेका हुन्छन् । उनीहरूको विश्वास र सहयोगी वातावरणको अभावमा अपराध भएको पुष्टि गर्नका लागि प्रमाण जुटाउन कठिन हुन्छ । फलतः अपराधीलाई सजाय र पीडितलाई न्याय दिलाउने सुरक्षा तथा न्यायिक निकायको उद्देश्य पूरा पनि हुँदैन ।

तसर्थ, सुरक्षाकर्मीहरूले जहिले पनि पीडितलाई न्यायका लागि केन्द्रबिन्दुमा राखी उनीहरूका आधारभूत अधिकारहरूको सम्मान एवम् संरक्षण गर्नुका साथसाथै प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप आफ्नो कर्तव्य पालना गर्नुपर्दछ ।

## २. मानव अधिकारसम्बन्धी मापदण्डहरू

- अपराध, शक्तिको दुरुपयोग वा मानव अधिकार उल्लङ्घनका पीडितहरूप्रति सहानुभूति र सम्मानपूर्वक व्यवहार गर्नुपर्दछ ।
- पीडितहरूलाई छिटोभन्दा छिटो न्याय र निवारण (न्यायिक उपचार) का संयन्त्रहरूमा पहुँच दिनुपर्दछ ।
- निवारण वा न्यायिक उपचारसम्बन्धी कार्यविधिहरू सरल, उपयुक्त, कम खर्चिलो र सुविधायुक्त हुनुपर्दछ ।
- निवारण र संरक्षणका सम्बन्धमा पीडितहरूलाई तिनका अधिकारहरूबारे जानकारी गराउनुपर्दछ ।
- पीडितहरूलाई औपचारिक पुर्पक्षका सिलसिलामा उनीहरूको भूमिका, दायरा, समयसीमा, कारबाहीको प्रगति तथा तिनीहरूका मुद्दाको टुङ्गोसम्बन्धी जानकारी दिनुपर्दछ ।
- पीडितहरूलाई तिनको व्यक्तिगत हितमा असर पार्ने सबै विषयमा आफ्ना विचार र भावनाहरू व्यक्त गर्न दिनुपर्दछ ।
- पीडितहरूले आवश्यक कानुनी, भौतिक, चिकित्सा, मनोवैज्ञानिक तथा सामाजिक सबै सहायता पाउनुपर्दछ । त्यस्ता सहायताहरूको उपलब्धताबारे उनीहरूलाई जानकारी गराउनुपर्दछ ।
- पीडितहरूका मुद्दाहरू कार्यवाहीको सिलसिलामा हुने असुविधाहरूलाई सकेसम्म कम गर्नुपर्दछ ।
- पीडितहरूको गोपनीयता तथा सुरक्षाको संरक्षण गर्नुपर्दछ ।
- पीडितहरूका मुद्दाहरूमा अनावश्यक ढिलाइ नगरी छिटोभन्दा छिटो कारबाही अगाडि बढाउनुपर्दछ ।
- जहाँ उपयुक्त हुन्छ त्यहाँ अपराधीहरूले नै क्षतिपूर्ति बेहोर्ने व्यवस्था हुनुपर्दछ; त्यसो नभएमा सरकारले बेहोर्नुपर्दछ ।
- सार्वजनिक अधिकारीहरूले गरेका गल्तीको क्षति सरकारले बेहोर्नुपर्दछ ।
- सुरक्षाकर्मीहरूलाई पीडितहरूका आवश्यकताबारे तालिम र उचित एवम् छिटो-छरितो सहायता सुनिश्चित गर्न निर्देशनहरू दिनुपर्दछ ।

# परिच्छेद–८

# जोखिममा रहेका व्यक्तिहरूको मानव अधिकार

### १. परिचय

बालबालिका, महिला, तेसो लिङ्गी, ज्येष्ठ नागरिकहरू, अपाङ्गता भएका वा फरक क्षमता भएका व्यक्तिहरूएवम् विस्थापितहरू समाजमा विशेषरूपले जोखिम रहेको समूहमा पर्दछन्। बालबालिकाहरू भविष्यका कर्णधार र देशका भबिष्य हुन्। तर, बाल्यकालमा उनीहरूको अवस्था र क्षमताका कारण उनीहरू राम्रो-नराम्रो छुट्याई सही निर्णय लिन सक्ने अवस्थामा नहुन सक्छन्। त्यसैगरी आफूले गरेका कार्यको परिणाम अनुमान गर्न सक्ने अवस्थामा पनि हुँदैनन्। अझ अभिभावक नभएका वा कुशल अभिभावकत्वको अभाव भएका बालबालिकाहरू झनै जोखिममा रहेका हुन्छन्। उचित संरक्षणको अभावमा बालबालिकाको भविष्य बिग्रिनु भनेको भावी पुस्ता र सभ्यता नै जोखिममा पर्नु हो।

समाजमा महिलाविरुद्ध हुने भेदभाव र हिंसाले जरो गाडेर बसेको छ। पितृसत्तात्मक सामाजिक संरचनाबाट सामाजिक रूपमा पछाडि पारिएका महिलाहरू र समाजबाट पहिचान दिनसमेत अस्वीकार गरी विभेदपूर्ण व्यवहारबाट पीडित भएका तेस्रो लिङ्गी व्यक्तिहरूसधैँ जोखिममा पर्न सक्ने समुदाय भएका कारण उनीहरूको अधिकार संरक्षणमा विशेष ध्यान दिनुपर्दछ।

त्यसैगरी एक परिवार, समाज र राष्ट्र बनाउनमा ज्येष्ठ नागरिकको अमूल्य योगदान रहने भए तापनि ढल्किँदो उमेरसँगै उनीहरूको शारीरिक, मानसिक, पारिवारिक आदि अवस्थाका कारण उनीहरू जोखिममा रहेका हुन्छन् भने अपाङ्ग वा फरक क्षमता भएका व्यक्तिहरू

उनीहरूको शारीरिक अवस्थाका कारण जोखिममा हुन्छन् । त्यसैले,ज्येष्ठ नागरिक र फरक क्षमता भएका व्यक्तिहरूलाई पनि विशेष संरक्षणको आवश्यकता रहेको हुन्छ ।

शरणार्थी र गैरनागरिक व्यक्तिहरू आफ्नो राज्यको क्षेत्राधिकारभन्दा बाहिर रहने वा राज्यको संरक्षणबाहिर रहने अवस्था हुनेलगायतका कारणहरूले मानव अधिकारको हननमा पर्ने जोखिममा रहेका हुन्छन् । उनीहरूले आफ्नो वास्तबिक ठाउँ बाध्यतावश छोड्नुपरेको हुन्छ । यस्तो अवस्थामा गाँस, बास र कपासजस्ता आधारभूत आवश्यकताका साथसाथै उनीहरूले आम नागरिकसरह राज्यबाट प्राप्त हुने सुविधा र अधिकारहरूको उपभोग गर्न पाउने अवस्था वा व्यवस्था हुँदैन । त्यसैगरी अर्को देश वा ठाँउमा उनीहरू सुरक्षालगायत विभिन्न कारणले जोखिममा रहेका हुन्छन् ।

सोही कुरालाई मध्यनजर राख्दै शरणार्थी, गैर-नागरिकहरूका आधारभूत अधिकारहरूको संरक्षण एवम् सम्वर्द्धन गर्ने अभिप्रायले उनीहरूसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरू स्थापित गरिएका छन् । त्यसैले कानुन कार्यान्वयनकर्ता वा सुरक्षाकर्मीहरूले उनीहरूका अधिकारसम्बन्धी मापदण्डहरूका बारेमा राम्रो जानकारी राख्नुका साथसाथै उनीहरूलाई कानुनबमोजिम आवश्यक र याथसम्भव सहयोग गर्नुपर्दछ ।

उपर्युक्त कुराहरूलाई मध्यनजर राख्दै जोखिममा रहेका व्यक्तिहरूको संरक्षण, उनीहरूको विशेष अधिकार तथा राज्यले उनीहरूप्रति गर्नुपर्ने व्यवहारलाई ध्यानमा राख्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरू तय गरिएका छन् । विशेष गरी कानुनको सर्म्पकमा आउने जोखिममा रहेको समूहका व्यक्तिहरूसँग कुनै पनि व्यवहार गर्दा कानुन कार्यान्वयनकर्ता वा सुरक्षाकर्मीहरूले उनीहरूका अधिकारहरूको पूर्णरूपमा सम्मान गर्नुका साथसाथै उनीहरूका विषयवस्तु र आवश्यकताहरूलाई विशेषर प्राथमितापूर्वक हेर्नुपर्दछ ।

## २. जोखिममा रहेका व्यक्तिहरूको मानव अधिकारसम्बन्धी मापदण्डहरू

### क. बालबालिकाको अधिकार

- बालवालिकाहरूले प्रत्येक वयस्क व्यक्तिलाई उपलब्ध मानव अधिकार उपभोग गर्न पाउनुपर्दछ ।
- बालबालिकाहरूप्रति गरिने व्यवहार उनीहरूको मर्यादा र महत्त्वको सम्मान र प्रबर्द्धन गर्ने, समाजमा उनीहरूको पुनर्स्थापनालाई सहज पार्ने, उनीहरूको सर्वोत्तम हितलाई ध्यान दिने र उनीहरूका आवश्यकताहरूलाई ख्याल गर्ने हुनुपर्छ ।
- बालबालिकाहरूलाई यातना वा क्रूर, अमानवीय वा अपमाजनक व्यवहार वा दण्ड, शारीरिक दण्ड तथा जन्मकैद गर्नुहुँदैन ।
- बालबालिकाहरूलाई थुन्ने वा कैद गर्ने काम अन्तिम उपायका रूपमा मात्र हुनुपर्दछ र त्यस्तो थुना यथासम्भव छोटो अवधिका लागि मात्र हुनुपर्दछ ।
- बालबालिकाहरूलाई वयस्क थुनुवाहरूबाट अलग राख्नुपर्दछ ।
- थुनामा रहेका बालबालिकाहरूलाई परिवारका सदस्यहरूबाट पत्राचार तथा भेटघाट गर्न दिनुपर्दछ ।

- फौजदारी दायित्वका निमित्त निर्धारण गरिएको न्यूनत्तम उमेरलाई आधार बनाउनुपर्दछ र गैरन्यायिक कार्यविधि तथा संस्थागत हेरचाहका विकल्पहरू प्रदान गरिनुपर्दछ ।
- बालबालिकाहरूको गोपनीयताको पूर्ण रूपमा सम्मान गरी पूर्ण एवम् सुरक्षित विवरणहरू तयार गरी गोप्य रूपमा राख्नुपर्दछ ।
- नियन्त्रणका सबै उपायले काम नदिएको अवस्थामा मात्र यथासम्भव छोटो समयका लागि बालबालिकाहरूलाई अपवादका रूपमा शारीरिक थुनछेक वा बलको प्रयोग गर्नुपर्दछ ।
- बालगृहहरूमा हातहतियारका साथ प्रवेश गर्नुहुँदैन ।
- अनुशासनसम्बन्धी व्यवहारले बालबालिकाको मर्यादालाई सम्मान गर्नुपर्दछ। यो सधैँ न्यायको भावना, आत्मसम्मान र बालबालिकाहरूको मानव अधिकारप्रति सम्मान पैदा गर्ने खालको हुनुपर्दछ ।
- बालबालिकाहरूलाई हेर्ने अधिकारीहरूलाई विशेष तालिम दिनुपर्दछ । व्यक्तिगत रूपमा पनि त्यस्ता अधिकारीहरू त्यस उद्देश्यका लागि उपयुक्त हुनुपर्दछ ।
- बालबालिका गृहहरूमा आवधिक र पूर्वजानकारीबिना निरीक्षकहरूको निरीक्षण भ्रमणको व्यवस्था गरिनुपर्दछ ।
- कुनै पक्राउ, थुना, स्थानान्तरण, बिरामी, घाइते अवस्था वा मृत्युको सम्बन्धमा बालबालिकाका आमाबाबुलाई तुरुन्त सूचित गर्नुपर्छ ।

## ख. महिलाहरूको अधिकार

- महिलाहरू नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिकलगायत अन्य हरेक क्षेत्रमा सबै मानव अधिकारको समान उपभोग र संरक्षणको हकदार हुन्छन् ।
- महिलाहरू समानताको सिद्धान्तअनुसार सकारात्मक विभेदका हकदार हुन्छन् । राज्यले महिलाहरूको पूर्ण विकास तथा उन्नति सुनिश्चित गरी पुरुषसरह समानताका आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको अभ्यास र उपभोगलाई सुनिश्चित गर्न कानुनीलगायत अन्य सबै उपाय अवलम्बन गर्नुपर्दछ ।
- महिलाहरूका केही मुख्य अधिकारहरूमा बाँच्न पाउने अधिकार, समानताको अधिकार, व्यक्तिकारूपमा स्वतन्त्रता र सुरक्षाको अधिकार, समान कानुनी संरक्षणको अधिकार, भेदभावबाट मुक्त हुने अधिकार, उच्चत्तम मानसिक तथा शारीरिक स्वास्थ्य हासिल गर्ने अधिकार, उचित एवम् अनुकूल काम गर्ने अवस्था र यातना वा अन्य क्रूर, अमानवीय वा अपमाजनक व्यवहार वा सजायबाट मुक्त हुने अधिकारहरू पर्दछन् ।
- महिलाहरूविरुद्ध हुने हिंसा शारीरिक, यौनजन्य वा मनोवैज्ञानिक हुन सक्छन् । यसअन्तर्गत कुटपिट, यौनदुर्व्यवहार, दाइजो हिंसा, वैवाहिक बलात्कार, हानिकारक परम्परागत चलनहरू, गैरवैवाहिक बलात्कार र हिंसा, यौनजन्य हैरानी, बलजफ्ती वेश्यावृत्ति, महिला बेचबिखन र शोषणसँग सम्बन्धित हिंसा पर्दछन् ।

- महिलाहरूविरुद्ध हुने सबै प्रकारका हिंसाले महिलाहरूले उपभोग गर्ने मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उल्लङ्घन, कटौती वा निषेध गर्ने काम गर्दछ ।
- सुरक्षाकर्मीले महिलाहरूविरुद्ध हुने सबै प्रकारका हिंसाको रोकथाम, अनुसन्धान र पक्राउका लागि त्यस्ता कार्य चाहे सार्वजनिक अधिकारीले गरेको होस् वा सर्वसाधारण व्यक्तिले, घरमा होस् वा समुदायमा वा सरकारी कार्यालयमा जोसुकैले गरे पनि निराकरणका लागि पर्याप्त ध्यान दिनुपर्दछ ।
- सुरक्षाकर्मीले महिला पीडितीकरणको रोकथामका लागि प्रभावकारी कदम चाल्नुपर्दछ । सुरक्षाकर्मीको लापरवाही, उपेक्षा वा लैङ्गिक संवेदनशीलताको अभावमा महिलाहरू पुनःपीडित हुँदैनन् भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ ।
- महिलाहरूविरुद्ध हुने हिंसा एक अपराध हो र यो परिवारभित्रै घटेको भएपनि सोही रूपमा लिनुपर्छ ।
- पक्राउ परेका वा थुनुवा महिलाहरू भेदभावबाट पीडित हुनुहुँदैन । उनीहरू सबै प्रकारका हिंसा र शोषणबाट सुरक्षित हुनुपर्दछ ।
- महिला थुनुवाहरूको निरीक्षण र खानतलासी महिला अधिकृत वा महिला कर्मचारीहरूले गर्नुपर्दछ र महिलाहरूलाई पुरुष थुनुवाहरूबाट अलग्गै राखिनुपर्दछ ।
- गर्भवती महिला र सुत्केरी आमाहरूलाई थुनामा विशेष सुविधाहरू उपलब्ध गराउनुपर्दछ ।
- कानुन कार्यान्वयन गर्ने निकाय वा सुरक्षाकर्मीले प्रशिक्षण, भर्ना, तालिम, कार्य विभाजन, बढुवा, तलव वा अन्य जीवनवृत्ति एवम् प्रशासनिक पक्षहरूमा महिलाहरूलाई भेदभाव गर्नुहुँदैन ।
- कानुन कार्यान्वयन गर्ने निकाय वा सुरक्षाकर्मीले सामुदायिक प्रतिनिधित्व हुने गरी तथा शङ्का वा पक्राउ गरिएका वा थुनुवाका अधिकारहरूको संरक्षणका लागि पर्याप्त सङ्ख्यामा महिलाहरूलाई भर्ना गर्नुपर्दछ ।

### ग. ज्येष्ठ नागरिकहरूको अधिकार

- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३अनुसार साठी वर्ष उमेर पूरा भएका नागरिक ज्येष्ठ नागरिक हुन् ।
- यस्ता ज्येष्ठ नागरिकहरूमा असाहाय र अशक्त ज्येष्ठ नागरिकहरू झनै जोखिममा रहेका हुन्छन् ।

- हरेक ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक उचित जीवनयापन गर्न पाउने अधिकार हुन्छ। यस्ता अधिकारहरूलाई राज्यले सम्मान र संरक्षण गर्नुपर्दछ।
- राज्यले ज्येष्ठ नागरिकसँग सम्बन्धित कामकारबाही वा मुद्दा-मामिलालाई विशेष प्राथमिकतासाथ हेर्नुपर्दछ।
- असाहाय तथा अशक्त ज्येष्ठ नागरिकहरूको संरक्षण तथा हेरचाहका लागि ज्येष्ठ नागरिक कल्याण कोष, हेरचाह तथा स्याहार केन्द्रजस्ता व्यवस्थाहरू गरिएको हुनुपर्दछ।
- कानुन कार्यान्वयनकर्ता वा सुरक्षाकर्मीहरूले ज्येष्ठ नागरिकहरूलाई उनीहरूका अधिकारहरूको पूर्णरूपमा सम्मान र संरक्षण गर्दै उचित व्यवहार गर्नुपर्दछ।
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ज्येष्ठ नागरिकहरूलाई कैदमा पचास प्रतिशतसम्म छुट दिने सकिने लगायत निम्न अधिकारहरू प्रदान गरेको छ :
  - ज्येष्ठ नागरिकमात्र पक्ष वा विपक्ष भएको मुद्दालाई अदालतले प्राथमिकता दिई कारबाही र किनारा गर्नुपर्ने।
  - कुनै असहाय वा अशक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्षी भएको मुद्दाको सुनुवाइ गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानुनव्यवसायी राखेर मात्र गर्नुपर्ने कुनै ज्येष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकाले मुद्दाको प्रतिरक्षा गर्न नसक्ने ज्येष्ठ नागरिकलाई सम्बन्धित अदालतले निजका लागि वैतनिक कानुनव्यवसायीको सेवा उपलब्ध गराइदिनुपर्ने।

### घ. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

- अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानपूर्वक जीवनयापन गर्न पाउने अधिकार हुनाको साथै विशेष संरक्षण पाउने विशेषाधिकारहरूसमेत हुन्छन्।
- अपाङ्गताका आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उभपोगका कुराहरू प्रयोग गर्नबाट वञ्चित गर्न हुँदैन र उनीहरूलाई त्यस्ता कुराहरूमा पहुँच हुने कुराको सुनिश्चितता हुनुपर्दछ।
- उनीहरूसँग संवाद गर्दा अपाङ्गमैत्री शब्द प्रयोग गर्नुपर्दछ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षाको अधिकार हुन्छ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको जीवन निर्वाहमा अति विपन्नता, बेसहारा, आफ्नो सुरक्षा आफै गर्न नसक्नेलगायतका कारणहरूले कठिनाइ भोग्न वाध्य बनाइकाहरूका लागि राज्यले संरक्षणको जिम्मेवारी लिनुपर्दछ।

**ङ. तेस्रो लिङ्गीहरूको अधिकार**

- धेरै समलिङ्गी तथा तेस्रो लिङ्गी व्यक्तिहरूलाई परिवार र समाजले पहिचान नदिने र अपहेलना गरेका कारण उनीहरू जोखिममा रहेका हुन्छन् ।
- हरेक तेस्रो लिङ्गी नागरिकहरूलाई सम्मानपूर्वक उचित जीवनयापन गर्न पाउने अधिकार हुन्छ । उनीहरूलाई राज्यले समनताका आधारमा व्यवहार गर्नुपर्दछ र विभेदबाट संरक्षण प्रदान गर्नुपर्दछ ।
- विभेदमा परी परिवार र समाजबाट विस्थापित तेस्रो लिङ्गी नागरिकहरूलाई पुर्नस्थापना प्राप्त गर्ने अधिकार छ ।

**च. आन्तरिक रूपमा विस्थापितहरूको अधिकार**

- आन्तरिक रूपमा विस्थापितहरू भन्नाले त्यस्ता व्यक्ति वा व्यक्तिका समूहहरूलाई बुझाउँछ, जो कुनै विशेष परिस्थिति खासगरी सशस्त्र द्वन्द्व, आम हिंसाको स्थिति, मानव अधिकारको उल्लङ्घन वा प्राकृतिक वा मानव-सिर्जित प्रकोपहरूको परिणामस्वरूप भएका वा हुने असर एवम् अवस्थाबाट बच्नका लागि बाध्य वा अत्यावश्यक भएर आफ्नो घरवार तथा हालैको बासस्थान छाड्न पुगेका हुन्छन् । तर, यिनीहरूले अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त आफ्नो राज्यको सिमाना नाघेका हुँदैनन् ।
- आन्तरिक रूपमा विस्थापितहरूले नेपालका अन्य व्यक्तिसरह नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले व्यवस्था गरेको अधिकार र स्वतन्त्रताहरूको समान उपभोग गर्न पाउँछन् ।
- आन्तरिक रूपमा विस्थापितहरूलाई आफ्नो कार्यक्षेत्रभित्र संरक्षण र मानवीय सहयोग प्रदान गर्नु सुरक्षाकर्मीको कर्तव्य र जिम्मेवारी हो । आन्तरिक रूपमा विस्थापितहरूलाई राज्यका अधिकारीहरू वा सुरक्षाकर्मीहरूबाट संरक्षण तथा मानवीय सहयोग खोजी गर्ने र प्राप्त गर्ने अधिकार हुन्छ । सहयोगका लागि अनुरोध गरेकै आधारमा उनीहरूलाई सास्ती वा सजाय दिनुहुँदैन ।
- हरेक व्यक्तिलाई उसको घर वा बासस्थानबाट स्वेच्छाचारी विस्थापनविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुन्छ ।
- विशेष गरी भूमिसँग निर्भरता रहने आदिवासी, जनजाति, अल्पसङ्ख्यक, किसान, गाउँले र अन्य समूहहरूलाई विस्थापित हुनबाट संरक्षण गर्नु राज्यहरूको विशेष दायित्व हुन्छ ।
- हरेक व्यक्तिलाई जीवन जीउने नैसर्गिक अधिकार हुन्छ र यो कानुनद्वारा संरक्षित गरिएको हुन्छ । कसैलाई पनि स्वेच्छाचारी ढङ्गले जीवनबाट वञ्चित गरिनुहुँदैन । शत्रुतापूर्ण कार्यमा सामेल नभएका वा हुननसक्ने आन्तरिक रूपले विस्थापित व्यक्तिहरूविरुद्ध हुने आक्रमण र हिंसाका घटनाहरू जुनसुकै अवस्थामा पनि प्रतिबन्धित हुन्छन् ।

- हरेक व्यक्तिसँग व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार हुन्छ। कुनै पनि व्यक्तिलाई गैरकानुनी ढङ्गले गिरफ्तार गर्ने वा थुन्ने काम गर्नुहुँदैन ।
- आन्तरिक रूपमा विस्थापित प्रत्येक व्यक्तिलाई आवतजावतको स्वतन्त्रता र बासस्थान रोज्न पाउने स्वतन्त्रताको अधिकार हुन्छ।
- प्रत्येक व्यक्तिलाई उसको पारिवारिक जीवनको सम्मान गर्ने अधिकार हुन्छ। आन्तरिक रूपमा विस्थापित सबै व्यक्तिलाई तिनका हराइरहेका नातेदारहरूको भाग्यस्थिति तथा तिनको अवस्थाका बारेमा जान्ने अधिकार हुन्छ।
- आन्तरिक रूपमा विस्थापित प्रत्येक व्यक्तिलाई पर्याप्त स्तरको जीवनयापन गर्न पाउने अधिकार हुन्छ। कसैलाई पनि उसको सम्पत्ति एवम् स्वामित्वबाट स्वेच्छाचारी तबरले वञ्चित गरिनुहुँदैन।
- सबै मानवीय सहयोग मानवता र निष्पक्षताका सिद्धान्तबमोजिम बिनाभेदभाव उपलब्ध गराइनुपर्दछ
- आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूले आफ्नो घर वा बासस्थानमा स्वेच्छापूर्वक सुरक्षित एवम् ससम्मान फर्किन वा उनीहरूले चाहेमा देशको कुनै पनि भागमा स्वेच्छापूर्वक पुनर्वास गर्ने अवस्था सिर्जना गरिदिनु वा सोका लागि आवश्यक व्यवस्था मिलाइदिनु सम्बन्धित सक्षम अधिकारीहरूको प्रमुख कर्तव्य एवम् दायित्व हुन्छ।

**छ. शरणार्थीहरू**

- जाति, धर्म, राष्ट्रियता, खास राजनीतिक तथा सामाजिक समूहको सदस्य भएकै आधारमा सास्ती भोग्ने डरले आफ्नो उत्पत्तिको देश (वाराज्यविहीनको हकमा ऊ बसिरहेको देश) मा फर्कन असम्भव भएको वा अनिच्छुक व्यक्ति शरणार्थीकारूपमा रहेको हुन्छ।
- हरेक व्यक्तिलाई हैरानी र सास्तीबाट बच्न अर्को देशमा शरण खोज्ने र पाउने अधिकार हुन्छ।
- शरणार्थीहरू खास राजनीतिक अधिकारहरूबाहेक सबै मानव अधिकारका हकदार हुन्छन्, तर भूभागभित्र गैरकानुनी रूपमा बसिरहेको भए सार्वजनिक व्यवस्था र स्वास्थ्यका हितका खातिर उनीहरूको आवतजावतमा केही निश्चित बन्देजहरू लागू हुन सक्छन्।
- शरणार्थीहरूलाई स्वतन्त्र सङ्गठन, धर्म, प्राथमिक शिक्षा, जनकल्याण, अदालतमा पहुँच, सम्पत्ति एवम् आवासजस्ता आधारभूत अधिकारहरूको उपभोगमा कम्तीमा पनि राष्ट्रिय नागरिकहरूलाई भएसरहको व्यवस्था उपलब्ध गराइनुपर्दछ।

- ✍ शरणार्थीलाई उसको जीवन र स्वतन्त्रता खतरा हुने वा उसलाई सास्ती दिइने उसको देशमा फकाउनुहुँदैन । त्यसैगरी शरणार्थीलाई उही देशमा फर्काउन सकिने सम्भावना भएको तेस्रो देशमा पनि पठाउनुहुँदैन ।
- ✍ एउटा राज्यको भूभागमा हैरानी र सास्ती दिने देशबाट सोझै आएका र विनाकुनै ढिलाइ सरकारी निकाय वा अधिकारीहरूसमक्ष आफैँ उपस्थित हुने शरणार्थीहरूलाई गैरकानुनी रूपमा बसे तापनि सजाय दिइनुहुँदैन ।
- ✍ हैरानी र सास्ती भोगेर आएका देशका शरणार्थीहरूलाई अस्थायी प्रवेश दिएर भए पनि बस्नको लागि इन्कार गरिनुहुँदैन ।
- ✍ एउटा राज्यको भूभागमा कानुनी रूपमा बसोबास गरिरहेका शरणार्थीहरूलाई आवतजावत र बसोबासको स्वतन्त्रताको अधिकार हुन्छ। यसरी बसिरहेका शरणार्थीहरूलाई यात्रासम्बन्धी कागजात र परिचयपत्रहरू प्रदान गर्नुपर्दछ।
- ✍ शरण माग्ने व्यक्तिहरूलाई आवश्यक कार्यविधिहरूबारे सूचना र त्यस्तो गर्न आवश्यक सुविधाहरू प्रदान गर्नुपर्दछ र अन्तिम निर्णय नभइन्जेलसम्म बस्न दिइनुपर्दछ।
- ✍ राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थाका आधारमा तथा कानुनको उचित प्रक्रियाअनुसार गरिएको निर्णयका आधारमा बाहेक कुनै पनि शरणार्थीलाई देशबाट निकाला गरिनुहुँदैन।
- ✍ शरणार्थीहरूलाई निकाला गर्नुभन्दा पहिले प्रमाण पेस गर्ने, प्रतिनिधित्व गर्ने र उच्च निकायसमक्ष पुनरावेदन गर्ने अवसर प्रदान गर्नुपर्दछ।

**ज. गैरनागरिकहरू**

- ✍ गैरनागरिकहरूमा विदेशी र राज्यविहीन व्यक्तिहरू पर्दछन्।
- ✍ यदि गैरनागरिकहरू कानुनी व्यवस्थाअनुसार प्रवेश गरेका छन् वा बसोबासको वैधानिक आज्ञा प्राप्त गरेका छन् भने भूभागभित्र कानुनबमोजिम बसेको मानिन्छ।
- ✍ भूभागभित्र कानुनसम्मत बसिरहेका गैरनागरिकहरू निश्चित राजनीतिक अधिकारबाहेक सबै मानव अधिकार उपभोगको हकदार हुन्छन्।
- ✍ गैरनागरिकहरूलाई राष्ट्रिय नागरिकहरूसरह ठाउँ छोड्ने र बसाइँ सर्ने अधिकार हुन्छ।
- ✍ भूभागभित्र कानुनी रूपमा बसेका गैरनागरिकहरूको राज्यसँग नजिकको सम्बन्ध छ र उनीहरू त्यसलाई आफ्नै (जसले घर बनाएका छन्; त्यही देशमा जन्मेका हुन् वा त्यस देशमा लामो समयदेखि बसिरहेका छन्) सम्झने भएकाले उनीहरूलाई देशनिकाला गरिने छैन।

- भूभागभित्र कानुनी रूपमा बसेका अन्य गैरनागरिकहरूलाई देशनिकालाका लागि यदि कानुनअनुसार निर्णय गरिएको छ र त्यस्तो निर्णय स्वेच्छाचारी र भेदभावकारी छैन तथा कार्यविधिगत सुरक्षा उपलब्ध छ भनेमात्र देशनिकाला गर्न सकिन्छ ।
- देशनिकाला गर्नका लागि कार्यविधिअन्तर्गतका सुनिश्चितताहरूमा सुनुवाइको अधिकार, प्रतिनिधित्वको अधिकार, सक्षम निकायबाट पुनरावलोकनको अधिकार, उच्च निकायसमक्ष पुनरावेदनको अधिकार, उपचार खोज्नका लागि सुविधाहरूको पूर्ण उपभोगको अधिकार, पुनरावेदनको अवधिभर बस्न पाउने अधिकार र उपलब्ध उपचारहरूबारे सूचित हुने अधिकार समावेश हुन्छन् ।
- समग्र राष्ट्रलाई राजनीतिक वा सैनिक धम्कीजस्ता राष्ट्रिय सुरक्षाका गम्भीर कारणहरू देखिएमा मात्र कार्यविधिसँग सम्बन्धित केही प्रत्याभूतिहरूमा अपवादको अनुमति दिन सकिन्छ । सामूहिक वा आमनिकाला प्रतिबन्धित हुन्छ ।
- भूभागमा कानुनी रूपमा बसिराखेका गैरनागरिकहरूको परिवार र आश्रित बालबालिकाहरूलाई गैरनागरिकसँग आउन अनुमति दिनुपर्दछ ।
- सबै गैरनागरिक तिनका दूतावास वा कुटनीतिक नियोगसँग सम्पर्क गर्न स्वतन्त्र हुन्छन् ।
- निकाला गरिएका गैरनागरिकहरूलाई उनीहरूलाई स्वीकार गर्ने कुनै पनि देशमा जान अनुमति दिनुपर्दछ । उनीहरूको मानव अधिकारको उल्लङ्घन हुने देशहरूमा पठाउनुहुँदैन ।

# परिच्छेद–९

# मानव अधिकारको उल्लङ्घन, अनुसन्धान र कारबाही

## १. परिचय

मानव अधिकार व्यक्ति र राज्यबीचको सम्बन्ध हो। सुरक्षाकर्मीलगायत राज्यका निकायहरूबाट हुने मानव अधिकारविरुद्धको कार्य वा कुनै कार्यको विरुद्ध गरिएको प्रतिक्रिया वा कुनै कार्यलाई सम्बोधन गर्ने कुरामा लिइएको निष्क्रियताको अवस्थाले मानव अधिकार हनन हुने गर्दछ। खासगरी कानुन कार्यान्वयनकर्ता, सुरक्षाकर्मी वा सरकारी संयन्त्रको आवश्यकता, औचित्यता र स्थापना नै मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि भएको हुनाले राज्यको अधिकार सम्पन्न व्यक्ति वा निकायबाट मानव अधिकारको हनन हुनु मानवीयताका साथसाथै शासकीय नैतिकताको दृष्टिकोणबाट पनि अनुचित हुन्छ। मानव अधिकारको हनन मानवीय मर्यादा, इज्जत र प्रतिष्ठाको विरुद्ध हुन्छ। त्यसैगरी मानव अधिकारको हनन कानुनी शासन र लोकतान्त्रिक मूल्य मान्यताका विपरीत, मानव अधिकारको संरक्षणका लागि दिएको जिम्मेवारी र शक्तिको दुरुपयोगसँग पनि त्यत्तिकै सम्बन्धित छ। त्यसैले, मानव अधिकारको हनन वा उल्लङ्घनलाई गम्भीर विषय र मुद्दाकारूपमा लिई त्यस्तो उल्लङ्घनकर्तालाई अनुसन्धानको दायराभित्र ल्याई आवश्यक कारबाही गर्ने गरिन्छ।

## २.मानव अधिकारसम्बन्धी मापदण्डहरू

- सुरक्षा निकायका प्रत्येक सदस्य तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले मानव मर्यादाको सम्मान र संरक्षण गर्दै प्रत्येक व्यक्तिको मानव अधिकार सुरक्षित राख्नुपर्दछ ।
- सुरक्षाकर्मी तथा कानुन कार्यान्वयन गर्ने निकायका हरेक क्रियाकलाप समुदायप्रति पूर्णरूपले जवाफदेही हुनुपर्दछ ।
- आन्तरिक अनुशासन र बाह्यनियन्त्रण र सुरक्षाकर्मी तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको प्रभावकारी सुपरीवेक्षणका लागि संयन्त्रहरूको स्थापना गर्नुपर्दछ ।
- सुरक्षा निकायका जुनसुकै सदस्य तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले मानव अधिकारसम्बन्धी कुनै पनि उल्लङ्घन भयो वा हुन लागेको छ भनी विश्वास गर्ने आधार देखेमा त्यसको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउनुपर्दछ ।
- सुरक्षा निकाय वा कुनै पनि सुरक्षाकर्मी तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूविरुद्ध जनसमुदायबाट आउने उजुरीहरू दर्ता र छानबिन गर्ने प्रावधानहरूको व्यवस्था गरी ती प्रावधानहरूलाई सार्वजनिक गर्नुपर्दछ ।
- मानव अधिकार उल्लङ्घनको अनुसन्धान छिटो, सक्षम, पूर्ण एवम् निष्पक्षरूपमा गर्नुपर्दछ ।
- अनुसन्धानले पीडितहरूको पहिचान, प्रमाणहरूको सङ्कलन तथा संरक्षण, साक्षीहरूको खोजी, उल्लङ्घनहरूको कारण, तरिका, स्थान, समय तथा उल्लङ्घनकर्ताहरूको पहिचान र तिनलाई पक्राउ गर्न सघाउनुपर्दछ । घटना र घटनास्थललाई सावधानीपूर्वक सूक्ष्म रूपमा जाँच गर्नुपर्दछ ।
- मानव अधिकारको उल्लङ्घन वा ज्यादतीबारे माथिल्लो अधिकारीहरूलाई थाहा थियो वा थाहा हुनुपर्ने अवस्था विद्यमान थियो । तर, रोकथामको कुनै कदम चालेन भने त्यसका लागि माथिल्ला अधिकारीहरू नै जिम्मेवार हुनुपर्दछ ।
- माथिबाट आउने गैरकानुनी आदेशहरूलाई इन्कार गरेवापत जोसुकै सुरक्षाकर्मीले कारबाही वा अनुशासनसम्बन्धी दण्डबाट छुट पाउनेछ । माथिल्ला अधिकारीहरूले आफ्नो गैरकानुनी आदेशको पालना गर्न इन्कार गर्ने कर्मचारीहरूविरुद्ध भेदभावपूर्ण कारबाही वा व्यवहार गर्न पाउने छैनन् ।
- कुनै पनि सुरक्षाकर्मीले गरेका मानव अधिकार उल्लङ्घनका लागि माथिल्लो तहको आदेशको पालना भन्ने कुरा बचाउको आधार हुनेछैन ।

मानव अधिकारको उल्लङ्घनमा अनुसन्धान र कारबाहीले कसुरको गम्भीरता हेरी विभागीय वा अदालती कारबाहीदेखि अन्तर्राष्ट्रिय अधिकारक्षेत्रसम्म ग्रहण गर्न सक्दछ भने विभागीय रूपमा सामान्य नसिहत दिने, जागिरबाट बर्खास्त गर्ने, जेल सजाय हुनेदेखि कतिपय क्षेत्राधिकारमा जन्मकैदको सजाय भएका उदाहरणहरू रहेका छन्। नेपालमा प्रचलित संविधान प्रदत्त मौलिक हकहरूको हनन भएमा त्यसको प्रचलनका लागि अन्य उपाय पर्याप्त नभएको अवस्थामा सर्वोच्च अदालतलाई संवैधानिक रूपमै असाधारण अधिकार क्षेत्र प्रदान गरिएको छ। सुरक्षाकर्मी वा कानुन कार्यान्वयनकर्ताहरूबाट हुने मानव अधिकार उल्लङ्घनका कतिपय अपराधजन्य घटनाहरू सम्बन्धित अदालतमा अनुसन्धान र कारबाहीको दायरामा पर्दछन्।

त्यसैगरी मानव अधिकारको समग्र स्थितिको अवलोकन, अनुगमन, अनुसन्धान र कारबाहीका लागि संवैधानिक निकायका रूपमा राष्ट्रिय मानव अधिकार आयोग क्रियाशील रहेको छ। मानव अधिकारको उल्लङ्घनको अनुसन्धानका लागि राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालका अदालतलाई भएसरहको अधिकार रहेको छ। यसका लागि आयोगले सम्बन्धित सरकारी कार्यालयको अनुगमन, कागजात वा कुनै पनि प्रमाण वा व्यक्तिलाई आयोगसमक्ष प्रस्तुत गराउन सक्दछ। आफ्नो अुसन्धानको परिणामअनुसारकारबाही तथा पीडितलाई क्षतिपूर्तिका लागि आयोगले नेपाल सरकार तथा सम्बन्धित निकायलाई सिफारिस गर्दछ।

मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन, अनुसन्धान र कारबाहीका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा मानव अधिकारसम्बन्धी आन्तरिक संयन्त्रहरूको स्थापना गरिएको छ। यी संयन्त्रहरूले आ-आफ्ना निकायभित्र मानव अधिकारसम्बन्धी संचेतना तथा तालिमसमेत सञ्चालन गर्दछन्।

नेपाल मानव अधिकारसम्बन्धी प्रायः सबैजसो र महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्षराष्ट्र भएको हुनाले राष्ट्रियस्तरमा उपचार नपाएका वा उपचार पर्याप्त नभएका भनिएका कतिपय घटनाहरूले त्यस्ता सन्धि-सम्झौताअन्तर्गत अन्तर्राष्ट्रिय अधिकार क्षेत्र ग्रहण गरेका छन्।

त्यसैले, मानव अधिकार उल्लङ्घनका हरेक घटनाहरूलाई हरेक सुरक्षाकर्मीले गम्भीरताका साथ लिई त्यस्तो उल्लङ्घन गर्ने व्यक्तिउपर आवश्यक अनुसन्धान गरी कारबाही गर्नुपर्दछ। मानव अधिकारको उल्लङ्घन कानुनी शासन, मानव मर्यादा र मानव सभ्यताका विरुद्ध भएकाले यसलाई शून्य सहनशीलताको मापदण्डमा राख्नुपर्दछ।

# परिच्छेद–१०

# मानव अधिकारसम्बन्धी केही महत्वपूर्ण सङ्घसंस्थाहरूको परिचय

नेपालमा मानव अधिकारको क्षेत्रमा कार्य गर्ने संवैधानिक, कानुनी र नेपाल सरकार मातहतका विभिन्न निकायहरू छन्। गैरसरकारी सङ्घसंस्थाहरूपनि विशेषतः मानव अधिकारको सम्वर्द्धन र वकालतको क्षेत्रमा कार्यरत छन्। केही संयुक्त राष्ट्रसङ्घीय निकायहरू र अन्य अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरू पनि मानव अधिकारका क्षेत्रमा कार्यरत रहेको पाइन्छ। यस स्रोतपुस्तिकामा पुस्तिकाको विशेषताका आधारमा राज्यगत र नेपाल सरकार मातहत रहेका केही संस्थाहरूका बारेमा मात्र परिचय दिइएको छ।

**क. राष्ट्रिय मानव अधिकार आयोग**

राष्ट्रिय मानव अधिकार आयोग एकमात्र संवैधानिक मानव अधिकार संस्था हो। मानव अधिकारको संरक्षण र सम्वर्द्धनका सन्दर्भमा सबैभन्दा महत्वपूर्ण निकाय राष्ट्रिय मानव अधिकार आयोग हो। मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम स्थापित यो आयोग नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि संवैधानिक हैसियतमा कार्यरत छ। आयोगले संवैधानिक हैसियत प्राप्त गरेपछि मानव अधिकार आयोग ऐन, २०५३ खारेज भई हाल राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ कार्यान्वयनमा छ। आयोगले संविधान र यस ऐनले दिएका अधिकार प्रयोग गरी आफ्नो कार्य गर्दै आएको छ। राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालको अन्तरिम संविधान र ऐनले मानव अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाका लागि निम्न अधिकारहरू प्रदान गरेको छ। यस आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनका सन्दर्भमा निम्न अधिकारहरू प्रयोग गर्न पाउँछ।

- मानव अधिकार उल्लङ्घन वा दुरुत्साहनका उजुरीहरू ग्रहण तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्ने,
- मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी पाएको पदाधिकारीले सो जिम्मेवारी पूरा नगरेमा विभागीय कारबाहीका लागि सम्बन्धित अधिकारीसमक्ष सिफारिस गर्ने ,
- मानव अधिकार उल्लङ्घनकर्ताविरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानुनबमोजिम मुद्दा चलाउन सिफारिस गर्ने,
- मानव अधिकार उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने,
- मानव अधिकार उल्लङ्घनका सम्बन्धमा आयोगले गरेका सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताकारूपमा अभिलेख गर्ने,
- कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी, बयान वा बकपत्र गराउने, प्रमाण बुझ्ने, निजको आवास वा कार्यालयमा बिनासूचना प्रवेश गरी खानतलासी लिने,
- व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको जानकारी प्राप्त भई तत्काल कारबाही गर्नुपर्ने भएमा बिनासूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गरी उद्धार गर्ने,
- पीडितलाई क्षतिपूर्ति दिन आदेश दिने,
- मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

उल्लिखित अधिकारहरू प्राप्त आयोगले स्थापना कालदेखि नै मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सम्मानमा सक्रियरूपमा आफ्नो कार्य गर्दै आएको छ। संवैधानिक अधिकार प्राप्त आयोगका हाल केन्द्रीय कार्यालयसहित पाँच क्षेत्रीय र तीन उपक्षेत्रीय कार्यालयहरू छन् । यी नौवटा कार्यालयहरूबाट यस आयोगले आफ्ना कार्यहरू सम्पन्न गर्दै आएको छ। मानव अधिकार उल्लङ्घनका सम्बन्धमा ती कुनै पनि कार्यालयहरूमा उजुरी दर्ता गर्न सकिनेछ। आयोगको ठेगाना यसप्रकार रहेको छ :

**राष्ट्रिय मानव अधिकार आयोग**
**केन्द्रीय कार्यालय, हरिहरभवन**
**ललितपुर ।**
**फोन नं. ०१ ५०१००१५**
**फ्याक्स : ०१ ५४७९७३/७५**
**इमेल : nhrc@nhrcnepal.org**
**Website: www.nhrcnepal.org**

## ख. राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग राष्ट्रिय महिला आयोग ऐन, २०६३ बमोजिमको कानुनी आयोग हो। नेपाली महिलाहरूको हकहित संरक्षण र सम्वर्द्धन गर्ने, महिलाको समग्र विकास गरी लैङ्गिकन्याय कायम गर्ने तथा समाजका प्रबुद्ध महिलाहरूले आ-आफ्नो क्षेत्र र पहलबाट महिला सशक्तीकरणका दिशामा कदम चाल्ने उद्देश्यले राष्ट्रिय महिला आयोगको स्थापना भएको हो। यस आयोगले महिलाका अन्य विविध विषयहरूका अतिरिक्त समग्र मानव अधिकारका विषयहरूमा कार्य गर्दछ। एक अविछिन्न उत्तराधिकारवाला र स्वशासित संस्थाको रूपमा आयोगको स्थापना २०५८ साल फागुन २३ गते भएको हो। यसले महिला हकहितको संरक्षण गर्दै विकासको मूल प्रवाहमा महिलालाई समाहित गर्ने अभिप्रायले आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ। यो आयोग स्थापना हुनुका पछाडि महिला हकहितको संरक्षण र सम्वर्द्धन गर्ने, विकासको मूल प्रवाहमा महिला वर्गलाई प्रभावकारी रूपमा समाहित गर्न प्रेरित तथा सहयोग गर्ने, महिला हकहित र अधिकारका बारेमा जनचेतना फैलाउने तथा महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्य रहेको छ।

नेपाल सरकरको निर्णयबमोजिम स्थापित आयोग हाल राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली २०६५ ले निर्देश गरेबमोजिम आफ्ना कार्यहरू गर्दै आएको छ। ऐन र नियमका आधारमा आयोगले महिलाको मानव अधिकारका विषयहरूमा निम्न कार्यहरू गर्न सक्दछ :

- महिलाको हकहितसँग सम्बन्धित नेपाल कानुनको पालना भए-नभएको र महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको देशभित्र कार्यान्वयन भए-नभएको अनुगमन गरी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिने,
- महिलाविरुद्धका भेदभाव तथा सामाजिक कुरीतिविरुद्ध जनचेतना अभिवृद्धि गर्ने-गराउने,
- सरकारको नीति लैङ्गिक मैत्री भए-नभएको विश्लेषण गर्ने,
- नेपाल सरकारका कुनैपनि निकाय वा कार्यालय, कानुनअन्तर्गत गठित कुनै पनि सरकारी वा गैरसरकारी सङ्घसंस्था, निजी संस्थाको भ्रमण निरीक्षण गरी महिलासँग सम्बन्धित सुधार गर्नुपर्ने विषयमा सम्बन्धित कार्यालयलाई सिफारिस गरी कार्यान्वयन भए-नभएको अनुगमन गर्ने,
- नेपाल पक्ष भएका महिला अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा नेपालले पठाउनुपर्ने प्रतिवेदन नेपाल सरकारले पठाए-नपठाएको अनुगमन गर्ने,
- महिला अधिकारबाट वञ्चित, पीडित वा असहाय महिलालाई आवश्यक कानुनी सहायता प्रदानसम्बन्धी कार्य गर्ने,
- आयोगले महिला अधिकार, महिलाको अधिकार प्रयोग गर्न नदिएको कुनै हिंसा वा सामाजिक कुरीतिबाट कुनै महिला पीडित भएका उजुरीहरू ग्रहण गरी कारबाही गर्ने,
- उजुरीउपर कारबाहीको क्रममा आयोगले आयोगसमक्ष उपस्थित गराई बयान गराउने, साक्षी बुझ्ने, बकपत्र गराउने, कागजात पेस गर्न आदेश दिने, स्थलगत निरीक्षण गर्ने, सार्वजनिक सुनुवाइ गर्ने, महिलाको मानव अधिकार हनन हुन नदिन निरोधात्मक उपाय अवलम्बन गर्ने तथा दोषी ठहरिएको व्यक्तिलाई कारबाही गर्न पहल र अनुगमन लगायतका कार्य गर्न सक्ने।

- महिलाकाको मानव अधिकार उल्लङ्घन भएको देखिएमा पीडितको उपयुक्त उपचार, राहत वा क्षतिपूर्ति उपलब्ध गराउने वा पुनर्स्थापना गराउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने/सिफारिस गर्ने,
- आयोगले गरेका सिफारिसहरू पालना गर्नु सम्बन्धित निकाय वा संस्थाको कर्तव्य हुने,
- महिलाको मानव अधिकार उल्लङ्घनका उजुरीहरूमा दोषी ठहरिएको व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही हुन सक्ने देखिएमा त्यस्तो व्यक्तिउपर कानुनी कारबाही चलाउन लेखीपठाउनेलगायतका अधिकारहरू आयोगले प्रयोग गर्न पाँउने,

उल्लिखित अधिकार प्राप्त आयोगले कार्यालयबाट आफ्ना कार्यहरू सम्पन्न गर्दै आएको छ। महिलाको मानव अधिकार उल्लङ्घनका सम्बन्धमा आयोगमा उजुरी दर्ता गर्न सकिनेछ।

आयोगको ठेगाना यसप्रकार रहेको छ।

**सम्पर्क ठेगाना :**

**राष्ट्रिय महिला आयोग**
**भद्रकाली प्लाजा,काठमाडौं**
**फोन :२२५६७०१,४२५७६२८,**
**फ्याक्सः२२५०२४६**
**इमेलःinfo@nwc.gov.np**

## ग. राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोग नेपाल सरकार मातहतको आयोग हो । यो आयोग दलित वर्गको उत्थान तथा विकास गरी देश विकासमा दलित वर्गको सक्रिय सहभागिता गराउने तथा दलित वर्गको हकहित संरक्षण र सम्वर्द्धनका लागि कार्य गर्ने उद्देश्यबाट २०५८ साल चैत ६ गते स्थापना भएको हो । यो आयोग राष्ट्रिय दलित आयोग गठन आदेश, २०५८ बमोजिम स्थापना भई निरन्तर रूपमा कार्यरत छ । जातीय भेदभाव र छुवाछुतको व्यवहारका कारण मानव जीवनका सवै क्षेत्रमा कमजोर र राष्ट्र विकासको मूल प्रवाहबाट पछाडि पारिएको दलित समुदायलाई आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा धार्मिक-साँस्कृतिक क्षेत्रमा सहभागिताको समान अवसर प्रत्याभूत गरी मुलुकका अन्य उच्च जीवनस्तर भएका जात समुदायका नागरिकसरह विकास गर्न, जात, वंश र पेसाका आधारमा प्रचलित जातीय भेदभाव र छुवाछुत व्यवहार पूर्णरूपले अन्त्य गर्ने कार्यमा यस आयोगले आफ्ना कार्यहरू गर्दछ ।

यस आयोगले अन्य विविध कार्यहरूका अतिरिक्त दलित समुदायको मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा समेत कार्य गर्दै आएको छ । जातीय भेदभाव तथा छुवाछुतरहित समतामूलक समाज निर्माण गरी सबैका लागि स्वतन्त्रता, समानता, सामाजिक न्याय, मानव अधिकारको सहज उपभोगको सुनिश्चित हुने वातावरण बनाउनु यस आयोगको लक्ष्य हो । राष्ट्रिय दलित आयोग गठन आदेश, २०५८ बमोजिम दलित वर्गप्रति समाजमा कुनै भेदभावपूर्ण एवम् गैरकानुनी काम भएमा सोको उजुरी सुनी प्रचलित कानुनबमोजिम गर्न तथा गराउन सक्दछ । यस्तै जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ बमोजिम यस आयोगले जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी अपराधमा नेपाल प्रहरीले उजुरी दर्ता नगरेको वा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही नगरेको उजुरी ग्रहण गरी त्यसउपर कारबाही गर्न पाउने अधिकार राख्दछ ।

हाल केन्द्रीय कार्यालय मात्र रहेको यस आयोगको सम्पर्क देहायबमोजिम रहेको छः

**नेपाल सरकार**
**राष्ट्रिय दलित आयोग**
**जावलाखेल, ललितपुर**
**फोनः ०१५५३११४८, फ्याक्सः५५३३६५०**
**ईमेलःinfo@ndc.gov.np,**
**वेबसाईटः www.ndc.gov.np**

## घ. नेपाल प्रहरी मानव अधिकार एकाइ

यो एकाइ नेपाल प्रहरी मातहत रहेको छ। मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धनलाई नेपाल प्रहरीको साङ्गठनिक नीति तथा प्राथमिकताको विषय बनाई यस एकाइको गठन भएको हो। सोहीबमोजिम नेपाल प्रहरीमा मानव अधिकारसम्बन्धी समग्र व्यवस्थाको अनुगमन, मानव अधिकारसम्बन्धी चेतनामूलक तथा तालिम कार्यक्रमहरूको सञ्चालन, मानव अधिकार उल्लङ्घनका घटनाहरूसम्बन्धी उजुरीहरूउपर अनुसन्धान तथा कारबाही गर्ने उद्देश्यले २०५९ साल माघ ३ गते प्रहरी महानिरीक्षकको सचिवालयको प्रत्यक्ष मातहतमा रहने गरी नेपाल प्रहरी मानव अधिकार एकाइको स्थापना भएको छ। यस एकाइले नेपाल प्रहरीका प्रत्येक सदस्यले हरहमेसा आफूसाथ राख्नु, जान्नु र कुनै पनि प्रहरी कारबाही गर्दा अनिवार्य रूपले पालना गर्नुपर्ने गरी कानुन कार्यान्वयन र मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरू उल्लिखित नेपाल प्रहरीको मानव अधिकारसम्बन्धी स्थायी आदेश जारी गरी लागू गरेको छ। त्यसैगरी मानव अधिकारसम्बन्धी चेतनामूलक तथा प्रशिक्षण कार्यक्रमहरूको निर्माण र कार्यान्वयन, मानव अधिकारका दृष्टिकोणबाट नेपाल प्रहरीमा विद्यमान तालिम कार्यक्रमहरूको पुनरावलोकन, प्रहरी कार्यालयहरूको आकस्मिक निरीक्षणसमेत यस एकाइले गर्ने गर्दछ। यसबाहेक एकाइले राष्ट्रिय मानव अधिकार आयोग तथा अन्तर्राष्ट्रिय रेडक्रस समितिजस्ता संस्थाहरूलाई सहयोग पुऱ्याउने लक्ष्य राखेको छ।

नेपाल प्रहरीका कुनै पनि सदस्यबाट भएको भनिएको कुनै पनि माध्यमबाट प्राप्त मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको उजुरी लिने, उजुरीउपर यस एकाइले अनुसन्धान गरी दोषी देखिएका प्रहरी कर्मचारीउपर कारबाही प्रक्रिया अगाडि बढाउने कार्य गर्दछ। यसक्रममा कतिपय प्रहरी अधिकृत/कर्मचारीहरू निलम्बनमा परेका तथा विभागीय कारबाहीमा पनि परेका छन्।

त्यसैगरी मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धनका लागि यस एकाइले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तथा गृह मन्त्रालयको निर्देशन तथा मानव अधिकार सम्बन्धित नेपाल सरकारको नीति एवम् कार्ययोजनाअनुरूप सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरू, राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाहरू, कूटनैतिक नियोगहरूलगायत अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ। प्रधान कार्यालयदेखि जिल्ला प्रहरी कार्यालयसम्म प्रहरीले यस एकाइको व्यवस्थालाई प्रभावकारी बनाउँदै जाने लक्ष्य राखेको छ। यस एकाइका लागि निम्न ठेगानामा सम्पर्क गर्न सकिन्छ।

**सम्पर्क :**

**प्रहरी प्रधान कार्यालय**
**प्रहरी महानिरीक्षकको सचिवालय, मानव अधिकार एकाइ**
**पो.ब.नं.४०७**
**फोन : ०१ ४४११६१८**
**फ्याक्स : ०१ ४४१५५९३**
**इमेल : hrcell@nepalpolice.gov.np**
**Web :www.nepalpolice.gov.np**

### (ङ) सशस्त्र प्रहरी बल, मानव अधिकार एकाइ

नेपाल प्रहरीमा झैँ सशस्त्र प्रहरी बलमा पनि एक मानव अधिकार एकाइको स्थापना गरिएको छ। यसको प्रमुख कार्य सशस्त्र प्रहरीबाट हुनसक्ने मानव अधिकार हननका घटनाहरूको अनुसन्धान, मानव अधिकारका विषयमा आफ्ना कर्मचारीहरूलाई तालिम प्रदान गर्ने र मातहतका कार्यालयहरूलाई मानव अधिकारप्रति सचेत राख्ने हो। यस एकाइको प्रमुखमा सशस्त्र प्रहरी बलका प्रहरी नायव महानिरीक्षक रहने व्यवस्था गरिएको छ।

यस बललाई सशस्त्र सङ्घर्ष, सशस्त्र विद्रोह, पृथकतावादी गतिविधि, आतङ्ककारी गतिविधि र हुल तथा दङ्गाजस्ता गतिविधिहरूको नियन्त्रण, विपद् व्यवस्थापन, सीमा सुरक्षा, जघन्य तथा गम्भीर प्रकृतिको अपराध नियन्त्रण तथा अपहरित व्यक्तिको उद्धार कार्य, विशिष्ट व्यक्ति तथा महत्त्वपूर्ण व्यक्तिको सुरक्षालगायतका जिम्मेवारीहरू राज्यद्वारा प्रदान गरिएको छ। राज्यद्वारा तोकिएका यस्ता कार्यहरू सम्पन्न गर्ने क्रममा पनि मानव अधिकारको सम्मान होस् भन्ने उद्देश्यले यो एकाइ गठन भएको हो।

स्थापनाकालदेखि नै यस सङ्गठनमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूले प्रजातान्त्रिक मूल्य-मान्यता र संस्कारलाई सम्मान गर्दै नागरिकको जीउ, धन र स्वतन्त्रताको रक्षार्थ मानव अधिकार एवम् अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्दै सरोकारवाला निकायहरूसँग सहयोग, समन्वय र सहकार्य गरी जनताको चाहना तथा राज्यको अपेक्षाअनुरूप परिचालित भई **'शान्तिसुरक्षा प्रतिवद्धता'**को मूल मर्मलाई आत्मसात् गरी 'शान्तिसुरक्षा, उद्धार र सेवा'का माध्यमबाट समाजमा शान्तिसुरक्षा र अमनचयन कायम गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

सङ्गठनले मानव अधिकारको संरक्षण र सम्वर्द्धनलाई उच्च प्राथमिकतामा राखी विभिन्न शान्ति सुरक्षा उद्धार र सेवा गर्दै आएको छ। यस सङ्गठनले लैङ्गिक तथा यौनजन्य अपराध कार्यमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ। यसैगरी हुल तथा दङ्गा व्यवस्थापन कार्यमा परिचालित रहँदा समानुपातिकता, वैधानिकता, व्यवसायिक सुझबुझ र आवश्यकताको सिद्धान्तलाई आत्मसात् गरेको छ। सशस्त्र प्रहरी बलले मानव अधिकार उल्लङ्घन र लैङ्गिक हिंसाको संवेदनशीलतालाई आत्मसात् गरी यसको न्यूनीकरण गर्ने हेतु सबै दर्जाका आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकार विषयलाई पाठलक्रममा अनिवार्य रूपमा समावेश गरी प्रशिक्षण दिलाउने व्यवस्था मिलाएको छ।

हाल सशस्त्र प्रहरी बल प्रधान कार्यालय, महानगरीय सशस्त्र प्रहरी बल कार्यालय, सम्पूर्ण वाहिनी तथा तालिम केन्द्रहरूमा लैङ्गिक एकाइ स्थापना भई कार्य सञ्चालन भइरहेको छ। साथै, सशस्त्र प्रहरी बलको प्रधान कार्यालयदेखि गण तहसम्म लैङ्गिक हिंसाजन्य क्रियाकलापको मौखिक तथा लिखित उजुरीहरूका सम्बन्धमा यथोचित सम्बोधन गर्नका लागि लैङ्गिक समन्वय अधिकृत तोकिएको छ। लैङ्गिक एकाइले सशस्त्र प्रहरी कर्मचारीहरूको हिंसाजन्य क्रियाकलापसँग सम्बन्धित उजुरीहरूलाई सम्बोधन गर्नुका साथै सशस्त्र प्रहरी कर्मचारीहरूसँग सम्बन्धित सर्वसाधारणको गुनासोसमेत सुन्दै आएको छ। सशस्त्र प्रहरी बलका सम्पूर्ण एकाइहरूमा उजुरी तथा गुनासो सुनुवाइ शाखा स्थापना गरी नोडल अधिकृतसमेत तोकी मातहत कर्मचारीहरूको पिरमर्का तथा गुनासाहरूको यथोचित व्यवस्थापन गर्ने पनि यस एकाइको उद्देश्य हो। सशस्त्र प्रहरी बल मानव एकाइमा देहाये ठेगानामा सम्पर्क गर्न सकिन्छ :

**सशस्त्र प्रहरी बल**
**मानव अधिकार एकाइ**
**हलचोक, काठमाडौं**
**इमेल ठेगाना : apfsecretariat@gmail.com**
**टेलिफोन नं. : ४२७७४१८**
**फ्याक्स नं. : ४२८७८७६**

**सशस्त्र प्रहरी बलका क्षेत्रीयस्तरमा रहेका एकाइहरूको सम्पर्क नम्बरहरू**

| क्र.सं. | युनिटको नाम | इमेल ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | स.प्र.बल बराह बाहिनी, पकली, सुनसरी | apfbaraha.bdg@gmail.com | ०२५-५८०६७२ |
| २ | स.प्र.बल रुद्र बाहिनी, पथलैया, बारा | apfrudra.bdg@gmail.com | ०५३-५२१०५६ |
| ३ | स.प्र.बल महानगरीय सशस्त्र प्रहरी कार्यालय, सानोगौचरण | apfpashupatinath.bdg@gmail.com | ०१-२२२९२९७ |
| ४ | स.प्र.बल मुक्तिनाथ वाहिनी, पोखरा | apfmuktinath.bdg@gmail.com | ०६१-२६१९०० |
| ५ | स.प्र.बल महेश्वरी वाहिनी, बाङ्गेसिमल, सुर्खेत | apfmaheshwori.bdg@gmail.com | ०८३-५२१७२७ |
| ६ | स.प्र.बल बैद्यनाथ वाहिनी, अत्तरिया, कैलाली | apfbaiddhanath.bdg@gmail.com | ०९१-५५०२७० |

**च) नेपाली सेना, कार्यरथी विभाग, मानव अधिकार निर्देशनालय**

यो निर्देशनालय नेपाली सेना मातहत रहेको छ। मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी नीति, निर्देशन तथा निर्देशिकाहरू तयार गरी कार्यान्वयनका निमित्त प्रवाह गरी पूर्णरूपमा पालना गराउने, निरन्तर रूपमा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी तालिमहरू सञ्चालन गरी संस्थागत रूपमा सकल दर्जामा यस सम्बन्धमा ज्ञान अभिवृद्धि गराउने, हरेक वृत्ति विकासका तालिमहरूमा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयहरूलाई अनिवार्य रूपमा समावेश (Integrate) गर्ने, नेपाली सेनालाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको हननमुक्त तथा लैङ्गिक संवेदनशील संस्थाकारूपमा स्थापित गर्ने उद्देश्यले नेपाली सेनामा २०५९ साल असार २४ गते मानव अधिकार एकाइको स्थापना भएको थियो। हाल उक्त एकाइलाई मानव अधिकार निर्देशनालयमा बढोत्तरी गरिएको छ। यस निर्देशनालयले नेपाली सेनाका सैनिकहरूबाट हुने मानव अधिकार उल्लङ्घनको छानविन गर्ने सैनिक अधिकृतहरूलाई मानव अधिकार, मानवीय कानुनर युद्धका नियमहरूबारे तालिम दिने व्यवस्था गरेको छ। प्राड विभाग महासेनानीको संयोजकत्वमा गठन हुने यस निर्देशनालयमा जनसम्पर्क निर्देशनालयका सह-निर्देशक, मनोवैज्ञानिक युद्ध कार्य प्रमुख, सहायक सैनिक समाचार प्रमुख र सैनिक प्रहरीका गुल्मपतिहरू सदस्य रहने व्यवस्था गरिएको छ। विशेष गरी तत्कालीन सरकारको आदेशबमोजिम २०५८ साल मङ्सिर ११ गतेदेखि सेना परिचालन गरिएपछि यस एकाइको स्थापना भएको थियो। सेना परिचालन भएको समयमा सेनाद्वारा द्वन्द्वमा भएका मानव अधिकार तथा मानवीय कानुनको उल्लङ्घनसम्बन्धी लाञ्छनाहरूलाई पुष्टि गर्न श्री कार्यरथी विभागअन्तर्गत प्राड विवाकको सल्लाहमा सञ्चालन हुने गरी मानव अधिकार एकाइको स्थापना भई कार्य सञ्चालन गर्दै आइरहेको छ। बढ्दो कार्यक्षेत्रको माग पूर्तिका लागि २०६३ साल कात्तिक २३ गतेदेखि उक्त एकाइलाई महाशाखार २०६३ साल फाल्गुण २८ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार श्री कार्यरथी विभाग, मानव अधिकार निर्देशनालयमा बिस्तार भएको हो। यस निर्देशनालयको निर्देशनअनुसार कार्य सञ्चालनका लागि हरेक क्षेत्र ( पृतना र वाहिनीहरू) मा मानव अधिकार महाशाखा र शाखाहरू स्थापना गरिएको छ।

नेपाली सेनामा स्थापना गरिएको यस निर्देशनालयअन्तर्गत राष्ट्रिय डेस्क, अन्तर्राष्ट्रिय डेस्क, तालिम डेस्क, अनुसन्धान डेस्क र सैनिक व्यक्तिको डेस्क स्थपना गरिएका छन्। यस निर्देशनालयले हाल विभिन्न पृतना तथा वाहिनीहरूमा अन्तर्राष्ट्रिय मानवीय कानुनतथा मानव अधिकार कानुनसम्बन्धी तालिम दिने, नेपाली सेनालाई विभिन्न समयमा मानव अधिकारसम्बन्धीलागेका आरोपहरू सम्बन्धमा अनुसन्धान गर्ने, नेपाली सेनालाई लैङ्गिक संवेदनशील संस्थाकारूपमा स्थापना गर्नेलगायतका उद्देश्यबाट लैङ्गिक समानता र UNSCRs 1325 & 1820;DaGwL तालिमहरू सञ्चालन गर्दै आएको छ। यस महानिर्देशनालयमा निम्न ठेगानामा सम्पर्क गर्न सकिन्छ:

**नेपाली सेना**
**मानव अधिकार निर्देशनालय**
**जङ्गीअड्डा,**
**भद्रकाली, काठमाडौं**
**फोन नं. ०१-४२४५०२०**
**www.nepalarmy.mil.np**

# अनुसूची – १

# पक्राउ, थुना तथा खानतलासीसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाहरू

## नेपालको अन्तरिम संविधान, २०६३ का व्यवस्थाहरू

**धारा १२. स्वतन्त्रताको हक :** (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन ।

(२) कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुनेछैन ।

**धारा २४. न्यायसम्बन्धी हक** : (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानुनव्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानुनव्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन। स्पष्टीकरणः यस उपधाराको प्रयोजनका लागि "कानुनव्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानुनले अधिकार दिएको व्यक्तिलाई जनाउनेछ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन ।

तर उपधारा (२) र (३) मा लेखिएका कुराहरू निवारक नजरबन्द र शत्रु राज्यको नागरिकको हकमा लागूहुने छैन ।

(४) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन । कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्ना विरुद्ध साक्षी हुन कर लगाइने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानुनमा व्यवस्था भएबमोजिम निःशुल्क कानुनी सेवा पाउने हक हुनेछ ।

**धारा २५. निवारक नजरबन्दविरुद्धको हक** : (१) नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।

(२) निवारक नजरबन्द राख्ने अधिकारीले कानुनविपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउनेछ ।

**धारा २६. यातनाविरुद्धको हक :** (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिनेछैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ ।

## सरकारी मुद्दासम्बन्धी ऐन २०४९ दफा (१४)

(१) यस ऐनबमोजिम कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्दा निजलाई पक्राउ गर्नुपर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनुपर्छ । भाग्ने उम्कने प्रयत्न गरेमा प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्छ ।

(४) महिलालाई पक्राउ गर्नुपरेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनुपर्छ ।

(५) यसरी पक्रिएको व्यक्तिको तलासी लिँदा फेला परेको कुनै प्रमाण लिखत वा अन्य कुनै चिज खरखजाना, हातहतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गर्नुपर्दछ ।

## सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ नियम ९

(१) ऐनको अनुसूची १ मा उल्लिखित अपराधका अभियुक्तलाई प्रहरीले तहकिकातको सिलसिलामा खोजतलास गरी पक्रन भरमग्दुर प्रयास गर्नुपर्दछ र पक्राउमा परेका अभियुक्तलाई अनुसूची ११ बमोजिम पक्राउ पुर्जी दिनुपर्दछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्राउ गर्नुपर्ने मनासिब आधार नदेखिएको अवस्थामा पकाउ नगरी अनुसन्धान गर्नुपर्छ ।

(३) उपनियम (१)बमोजिम पक्राउ भएको अभियुक्तलाई प्रहरी हिरासतमा राख्नुपरेमा ऐनको दफा १५ को रीत पुऱ्याई अनुसूची-१२बमोजिमको थुनुवापुर्जी दिई हिरासतमा राख्नुपर्दछ ।

## मुलुकी ऐन, २०२० अदालती बन्दोवस्तको महल (नं. ११६)

☞ वारेन्ट जारी गरी पक्रनुपर्ने मानिसलाई र हातहतियार खरखजानासम्बन्धी मुद्दाका अभियुक्तलाई घरभित्र पसी पक्रनुपर्दा जुनसुकै बखतमा भए पनि पक्रन सकिन्छ । मानिस भाग्न नपाउने गरी बाटो रोक्का गरी जनाउ दिई घरभित्र पसेर पक्रन हुन्छ ।

☞ लेखिएदेखि बाहेक अरू मानिसलाई पक्रनुपर्दा घरको चोक आँगनसम्म गई पक्रनु हुन्छ । सो ठाउँमा जाँदा पक्राउ हुन सकेन भने जनाउ दिई सूर्योदयदेखि सूर्यास्तसम्ममा घरभित्र पसेर पनि पक्राउ गर्न हुन्छ ।

## प्रहरी ऐन, २०१२ दफा (१५)

(ङ) कानुनबमोजिमपक्रनुपर्ने व्यक्तिहरू र पक्रनुपर्ने पर्याप्त कारण भएका व्यक्तिहरूलाई पक्रने ।

(ज) पक्राउ भएका वा थुनामा रहेका व्यक्ति घायल वा बिरामी भएमा आवश्यक मद्दतका लागि तुरुन्त आवश्यक कारबाही गर्ने र उनीहरूलाई पहरा दिँदा वा अन्यत्र लाँदा निजको सुरक्षा व्यवस्थाको उचित ख्याल राख्ने ।

(झ) पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिदा र बासको इन्तजाम गर्ने ।

(ट) सर्वसाधरण जनतासँग शिष्ट व्यवहार गर्ने र स्वास्नी मानिस र केटाकेटीहरूसँग व्यवहार गर्दा पूरा इज्जत र मनासिब नम्रताकासाथ व्यवहार गर्ने ।

## यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ को उपदफा २

☞ कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैँले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नुपर्नेछ ।

## खानतलासी तथा बरामदीसम्बन्धी कानुनी व्यवस्थाहरू[1]

✍ कुनै अपराधको अनुसन्धान तहकिकात गर्ने प्रहरी कर्मचारी वा अधिकारप्राप्त अधिकारीले त्यस्तो अपराधसँग सम्बन्धित कुनै व्यक्ति वा दसी प्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको कानुनमा तोकिएबमोजिम खानतलासी लिन सक्छ ।

✍ वारेन्ट जारी हुने खालका गहन प्रकृतिका फौजदारी अपराधका सम्बन्धमा खानतलासी लिनुपर्दा जनाउ दिई जुनसुकै बखत घरभित्र पसी तलासी लिन हुन्छ । तर; वारेन्ट जारी

[1]सरकारी मुद्दासम्बन्धी ऐन, २०५५ को दफा १० र मुलुकी ऐन अदालती बन्दोवस्तको महलको १७२ नं.अनुसार

हुनेबाहेकका प्रहरीले नै तहकिकात गर्नुपर्ने अन्य फौजदारी अपराधका सम्बन्धमा तलासी लिनुपर्दा सूर्योदयदेखि सूर्यास्तसम्मको अवधिमा मात्र घरभित्र पसी तलासी लिनुपर्दछ ।

- कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको प्रहरी अधिकृतले तलासी लिन र लिन लगाउन सक्छ ।
- तलासी गर्नुपर्ने चिज वस्तु वा व्यक्ति खानतलासी गर्न लागिएको स्थानमा छ भन्ने कारण र बरामद गर्न खोजिएको वस्तुको विवरणसमेत उल्लेख गरी घरको मूली वा जिम्मा लिएको व्यक्तिलाई सूचना दिनुपर्दछ ।
- त्यसरी सूचना प्राप्त भएपछि घरधनी वा जिम्मा लिएको व्यक्तिले प्रहरीलाई खानतलासी गर्न दिनुपर्दछ ।
- घरमूली वा जिम्मा लिएको व्यक्तिले सूचना प्राप्त गरिसकेपश्चात् पनि प्रवेश गर्न नदिएमा खानतलासी गर्नुपर्ने स्थानमा स्वास्नी मानिसलाई हट्ने सूचना र मौका दिई आवश्यकताअनुसारभ्याल, ढोका फोडी तलासी गर्न सकिन्छ ।
- जुनसुकै अवस्थामा पनि तलासीको निमित्त प्रवेश गर्नुपर्दा स्थानीय निकायको प्रतिनीधि कम्तीमा दुई जना नघटाई स्थानीय भलादमी, घरधनी वा उसको प्रतिनिधिसमेतलाई साक्षी राखी तलासी लिने र साक्षी बस्ने सबैको शरीरको तलासी लिई केही वस्तु नलिई प्रवेश मुचुल्का बनाई सो घर वा ठाउंभित्र पसी तलासी लिनुपर्दछ । महिलाको तलासी लिनुपर्दा महिलाद्वारा नै लिन लगाउनुपर्दछ ।
- तलासी गर्दा फेला परेको मालसमान वा वस्तुको सबै विवरण र सो पाइएको ठाउँको मुचुल्का बनाई तलासी लिने र साक्षी बस्ने सबैको सहीछाप गराउनुपर्दछ र एकप्रति मुचुल्का सम्बन्धित धनीलाई दिनुपर्दछ ।
- प्रहरीले आफ्नो कब्जामा लिई गएको सामानको भरपाई सम्बन्धित घरधनीलाई दिनुपर्दछ ।
- तलासी लिइसकेपछि सो लिएको तीन दिनभित्र तलासी लिएको कारण र तलासी लिएको वस्तु वा धनमाल इत्यादिको विवरणसहितको मुचुल्काको नक्कल मुद्दा हेर्ने अड्डामा पठाउनुपर्छ ।
- कर्तव्य पालना गर्ने उद्देश्यले प्रहरीले कसैको घर वा स्थानमा बिनावारेन्ट प्रवेश वा निरीक्षण गरेमा त्यस्तो प्रहरी अधिकृतले सो कुराको कारणसहितको लिखित जानकारी यथाशक्य चाँडो प्र.जि.अ.लाई दिनुपर्दछ ।
- खानतलासी गर्दा फेला परेका चिजवस्तु वा व्यक्तिको सम्पूर्ण विवरण र फेला परेको स्थानसमेतको सम्पूर्ण विवरणसहितको बरमदी मुचुल्का[2] बनाउनुपर्दछ ।

प्रहरीले अर्को प्रहरी कार्यालयको क्षेत्रमा खानतलासी गर्नुपरेमा खानलतासीका लागि त्यस्तो प्रहरी कार्यालयलाई लिखित अनुरोध गर्नुपर्दछ । त्यसो गर्दा ढिलो भई प्रमाण नष्ट हुने सम्भावना भएमा सम्बन्धित प्रहरी कार्यालयलाई सूचना दिई खानतलासी गर्न सक्छ ।

[2]सरकारी मुद्दासम्बन्धी नियमावली २०५५ को नियम ५ र अनुसूची ५ वा अनुसूची ६अनुसार

## विशेष व्यवस्थाहरू

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५६ को उपधारा ५अनुसार व्यवस्थापिका संसदको कुनै पनि सदस्यलाई व्यवस्थापिका संसदको अधिवेशन अवधिभर पक्राउ गरिने छैन  तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानुनअनुसार पक्राउ गर्न बाधा पुऱ्याएको मानिने छैन। त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना व्यवस्थापिकासंसदका अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्नेछ।
- सैनिक ऐन, २०६३ को दफा ६६ मा उल्लेख भएबमोजिम हत्या तथा बलात्कारका अभियोगमा सैनिक कर्मचारीलाई पक्राउ गरी अनुसन्धान गर्न सकिन्छ।
- विदेशी राज्य र कुटनैतिक प्रतिनिधिको सुविधा र उन्मुक्ति ऐन, २०२७ को दफा ७अनुसार कुटनैतिक व्यक्तिलाई मर्यादाराखी सोधपुछ गर्न सकिन्छ तर पक्राउ गर्न सकिँदैन।
- बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १५ ले बालकलाई नेल, हतकडी लगाउन र एकान्त कारावासमा राख्नुहुँदैन ।
- मुलुकी ऐन, २०२० अदालती बन्दोवस्तको महल (नं. ११७)अनुसार महिलालाई पक्रन पठाउंनुपर्दा महिला सिँपाहीँ भएको अड्डाले महिला र नभएका अड्डाले दुईजना सिपाही पठाई डाकी ल्याउंनुपर्छ। पुरुष मानिसले हात हाली पक्रन हुंदैन। नआई अडिई भने नाडीमा समाई ल्याउनुपर्दछ।
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४ (४)अनुसार कुनै महिलालाई पक्राउ गर्नुपरेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनुपर्दछ।

# अनुसूची-२
## बल प्रयोगसम्बन्धीकानुनी व्यवस्थाहरू

### सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४ (३)

कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्दा निजलाई पक्राउ गर्नुपर्ने कारणखोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनुपर्नेछ। कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाटबच्ने, भाग्ने वा उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ।

### स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६

(१) प्रमुख जिल्ला अधिकारीले कुनै हिंसात्मक काम कारबाहीहुने वा हुलदङ्गा हुने आशङ्का भएको कार्यलाई रोक्न देहायबमोजिम गर्नुपर्दछ :

(क) कुनै सभा जुलुस वा भिडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यसको कुनै काम कारबाहीबाट शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेकामा सम्बन्धित ठाउँमा तुरुन्तै आफैँ गई वा आफू मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाइ शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्याँस, फोहरा र हवाई फायरसमेत आवश्यकता र परिस्थितिअनुसार जो गर्नुपर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने।

(ख) खण्ड (क)अनुसार शान्ति कायम गर्न नसकिने देखिएमा र गोलीचलाउनुपर्ने आवश्यकता परेमा सो गर्नुभन्दा अगाडि भिडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भिडले बुझ्ने गरी चेतावनी दिनेर त्यति गर्दा पनि भिड हटेन र गोली चलाउनुपर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनका निमित्त आदेश लेखी सही गरी दिने।

(घ) जिल्लामा शान्तिसुरक्षा कायम गर्न समयले भ्याएसम्म लिखित र नभ्याएमा मात्र मौखिक आदेश आवश्यकताअनुसार प्रहरी अधिकृतलाईदिने र मौखिक आदेश दिएकोमा समय पाउनासाथ बढीमा २४ सघण्टाभित्र सो आदेशलाई लिखित रूपमा समर्थन गर्ने।

(ङ) जिल्लामा शान्तिसुरक्षा कायम गर्ने कामका लागि जिल्ला प्रहरीकार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्षः नियन्त्रण र निर्देशनमा रही काम गर्नुपर्नेछ।

(१क) उपदफा (१)बमोजिम शान्तिसुरक्षा कायम गर्ने सम्बन्धमा भए-गरेका कामकारबाहीको जानकारी प्रमुख जिल्ला अधिकारीले क्षेत्रीय प्रशासक तथा गृहमन्त्रालयलाई तुरुन्त

दिनुपर्नेछ र सो सम्बन्धमा क्षेत्रीय प्रशासकले दिएको निर्देशनको पालना गर्नु प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।

(२) आफ्नो अधिकार क्षेत्रभित्रको कुनै ठाउँमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भइरहेको शान्ति रोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा यससम्बन्धी कारण तथा आधार खुलाइ निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्थाअनुसार नेपाली सेनाको मद्दत माग्न सक्नेछ । त्यसरी सशस्त्र प्रहरी वा नेपाली सेनाको मद्दत मागेकोमा क्षेत्रीय प्रशासक र गृहमन्त्रालयलाई २४ घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनुपर्नेछ ।

(२क) आफ्नो अधिकार क्षेत्रभित्रको सिमाना जोडिएका दुई वा दुईभन्दा बढीजिल्लाहरूमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भैरहेको अशान्तिरोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने क्षेत्रीय प्रशासकलाई लागेमा निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्थाअनुसार नेपाली सेनाको मद्दत माग्न सक्नेछ । त्यसरी सशस्त्र प्रहरी वा नेपाली सेनाको मद्दत मागेकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई र गृह मन्त्रालयलाई चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनुपर्नेछ ।

(३क) कुनै ठाउँमा हुलदङ्गा वा अशान्ति भएमा वा हुन सक्ने पर्याप्त आधार भएमा सो परिस्थितिलाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्र र समय तोकी सो क्षेत्र र समयमा हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले एकैठाउँमा पाँचजनाभन्दा बढी मानिसजम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

**६ क. कर्फ्यु लगाउन सक्ने** (१) कुनै ठाउँमा आन्दोलन वा हुलदङ्गा भई शान्ति भङ्ग हुन जाने देखिएमा परिस्थितिको विचार गरी आवश्यक भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो स्थानको सिमाना तोकी सो ठाउँमा कसैले आवतजावत गर्न, भेला हुन र तोकेको अरू कुनै काम गर्न नपाउने गरी कर्फ्यु लगाउन आदेश जारी गर्न सक्नेछ । त्यसरी कर्फ्युको आदेश दिँदा प्रमुखजिल्ला अधिकारीले सो आदेश, कर्फ्यु लागू हुने क्षेत्र र सो वरिपरिका क्षेत्रका सर्वसाधारण जनताको जानकारीका लागि प्रचार गर्नुपर्दछ ।

(२) उपदफा (१)बमोजिम आदेश जारी भएपछि निषेध गरिएको स्थान र समयभित्र प्रमुख जिल्ला अधिकारीबाट गोप्य सङ्केत लिएको इजाजत प्राप्त व्यक्तिबाहेक अरू कसैले आवतजावत गर्न हुँदैन ।

(३) कर्फ्युको आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रहरीले गिरफ्तार गर्नेछ र त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई तुरुन्त प्रहरीले प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गर्नुपर्नेछ ।

त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले उपयुक्त सम्झेको सङ्क्षिप्त कार्यविधि अपनाई एक महिनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ र उक्त सजायको आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लागू हुनेछ ।

(४) कर्फ्युको आदेश दिँदा प्रमुख जिल्ला अधिकारीले कर्फ्युको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन प्रहरीलाई आदेशसमेत दिन सक्नेछ । त्यस्तो स्थितिमा प्रहरीले गोली चलाउनु आवश्यक परेमा गोली चलाउनुभन्दा अगाडि कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थितिअनुसार लाठीचार्ज, अश्रुग्यास, फोहरा वा हवाईफायर गर्नुपर्नेछ र त्यति गर्दा पनि कर्फ्यु तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग बुझिने गरी चेतावनी दिनुपर्नेछ । त्यसरी चेतावनी दिँदा पनि कर्फ्यु तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्नेछ । तर, यस उपदफामा लेखिएको कुनै कुराले पनि प्रमुख जिल्ला अधिकारीलाई हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई देख्नेबित्तिकै गोली हान्ने आदेश दिन बाधा पुऱ्याएको मानिने छैन ।

(५) प्रमुख जिल्ला अधिकारीले आदेश जारी गरी लगाइएको कर्फ्युकोअवधिलाई सोही अधिकारीले परिस्थितिअनुसार घटाउँदै लगी स्थिति सामान्य भएपछि कर्फ्यु पूर्णतया हटाइनेछ ।

(६) प्रमुख जिल्ला अधिकारीले कर्फ्युको आदेश दिएपछि त्यसको जानकारी क्षेत्रीय प्रशासक र गृह मन्त्रालयलाई तुरुन्त दिनुपर्नेछ ।

**६ ख. दङ्गाग्रस्त क्षेत्र घोषित गर्न सक्ने** (१) कुनै क्षेत्रमा जुलुस, भिड वा सङ्गठित समूहले हातहतियारसमेत लिई वा नलिई लुटपिट गर्ने, घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोडगर्ने जस्ता हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कारबाहीद्वारा हुन सक्दैन भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले उक्त क्षेत्रलाई दङ्गाग्रस्त घोषित गर्न सक्नेछ । यसरी दङ्गाग्रस्त क्षेत्र घोषित गरेपछि सो क्षेत्रको शान्तिसुव्यवस्था कायम गर्न प्रमुख जिल्ला अधिकारीले देहायबमोजिमको कुनै वा सबै कारबाही गर्न सक्नेछ :

(क) त्यस्तो क्षेत्रमा शङ्कास्पद व्यक्तिहरूलाई पक्राउपुर्जीबिना पक्राउ गर्ने र सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्ने ।

(ख) त्यस्तो क्षेत्रमा लुटपाट गर्ने तथा घर वा पसलमा आगो लगाउने,सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्नेबित्तिकै गोली प्रहार गर्ने ।

(ग) त्यस्तो क्षेत्रमा कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रदर्शन वा पोस्टर, पर्चाजस्ता प्रचार सामग्री टाँस्न वा लेख्न निषेध गर्ने ।

(घ) त्यस्तो क्षेत्रमा अत्यावश्यक वस्तुहरूको आपूर्तिको व्यवस्था मिलाउने; त्यस्ता वस्तुहरूको परिवहन, सञ्चय, बिक्रीवितरणमा नियन्त्रण गर्ने ।

(ङ) त्यस्तो क्षेत्रमा शिक्षण संस्थालगायत अन्य कुनै संस्था, मनोरञ्जन केन्द्रर कार्यालय बन्द गराउने ।

(च) त्यस्तो क्षेत्रमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम कुनै आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने ।

(छ) त्यस्तो क्षेत्रमा पाँचजना वा सोभन्दा बढी व्यक्तिहरू जम्मा हुन निषेध गर्ने,

(ज) त्यस्तो क्षेत्रमा कर्फ्यु लगाउने ।

(झ) त्यस्तो क्षेत्रमा उपर्युक्त कार्यहरूका लागि आवश्यक देखेमा नेपाली सेनाको सहयोग लिने ।

(२) दङ्गाग्रस्त क्षेत्रमा अवैध हातहतियार एवम् खरखजाना राखेको छ भन्ने शङ्का लागेमा प्रमुख जिल्ला अधिकारीको आदेशले त्यस्तो क्षेत्रमा रहेको जुनसुकै व्यक्तिको घर, पसल, कम्पाउन्ड वा गोदाम आदिमा पूर्वसूचना नदिईकनै घटीमा प्रहरी सहायक निरीक्षकसम्मका दर्जाका प्रहरी कर्मचारीले खानतलासी गर्न सक्नेछ ।

(३) उपदफा (१)बमोजिम दङ्गाग्रस्त क्षेत्र घोषित गर्दा प्रमुख जिल्ला अधिकारीले एकपटकमा बढीमा एक महिनासम्मको अवधिका लागि मात्र घोषित गर्न सक्नेछ। उक्त अवधि बढाउनुपरेमा प्रमुख जिल्ला अधिकारीले नेपाल सरकार, गृह मन्त्रालयको स्वीकृति लिई सो अवधिलाई थप तीन महिनासम्म बढाउन सक्नेछ ।

(४) प्रमुख जिल्ला अधिकारीले दङ्गाग्रस्त क्षेत्र घोषित गरेको जानकारी क्षेत्रीय प्रशासक र गृहमन्त्रालयलाई तुरुन्त दिनुपर्नेछ ।

# अनुसूची – ३

## मानव अधिकारका प्रमुख अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख भएका मुख्य व्यवस्थाहरू

संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि मानव अधिकारका विविध विषयहरूमा महसन्धिहरू विकास गर्ने कार्यले तीव्रता पाएको पाइन्छ। हालसम्म मानव अधिकारका विविध विषयहरूमा अनेकन महासन्धिहरूको निर्माण भइसकेको छ; जसमध्ये नौ ओटा महासन्धिहरूमा अनुगमनका लागि संयन्त्रहरूको समेत विकास गरिएको कारण तिनलाई मानव अधिकारका प्रमुख नौ महासन्धि भनिने गरिएको छ। सन्धिहरूको कानुनसम्बन्धी भियना महासन्धि, १९६९ अनुसार कुनै राज्य कुनै महासन्धिको पक्ष बनेपछि त्यस्तो पक्षराज्य उक्त अभिसन्धिको व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ। आफू पक्ष बनेको अभिसन्धिले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनुपर्दछ। राज्यले अभिसन्धिको व्यवस्था सिधै लागू गर्न वा ती व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार घरेलु कानुननिर्माण गर्न सक्दछ। यसका अतिरिक्त राज्यले अभिसन्धिका व्यवस्थाहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने, संस्थागत संरचनाको विकास गर्ने आदि उपायहरू पनि अवलम्बन गर्न सक्दछ।

नेपाल सन्धि ऐन,२०४७ को दफा ९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागूहुने व्यवस्था गरेको छ। सोही दफामा नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकारउपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनका लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनकालागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्ने व्यवस्था गरिएको छ।

मानव अधिकारका प्रमुख नौ महासन्धिहरूमा उल्लेख भएका मुख्य अधिकारहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ:

### १. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९६६ डिसेम्बर १६ तारिखमा जारी भई सन् १९७६ मार्च २३ देखि लागू भएको बहुपक्षीय अभिसन्धि हो। यस अभिसन्धिलाई नेपालले १४ मे १९९१ मा निःशर्त अनुमोदन गरेको थियो।यस महासन्धिमा भएका मुख्य व्यवस्थाहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ :

- आत्मनिर्णयको अधिकार, धारा–१,
- बााच्न पाउने अधिकार, धारा–६,
- क्रूर, अमानवीय, अपमानजनक व्यवहार वा सजायविरुद्धको अधिकार, धारा–७,
- दासत्व वा बलपूर्वक श्रमविरुद्धको अधिकार, धारा–८,
- करारीय दायित्व पूरा नगरेकामा कैदमा नराखिने अधिकार, धारा–११,
- स्वतन्त्ररूपमा आवतजावत गर्न पाउने अधिकार, धारा–१२
- कानुनका अगाडि समानता गरिने अधिकार, धारा–१४,
- कानुनका अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार, धारा–१६,
- विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार, धारा–१८,
- गोपनीयताको अधिकार, धारा–१७,
- बिनाहस्तक्षेप विचार राख्न पाउने अधिकार (विचार र अभिव्यक्तिको अधिकार), धारा–१९,
- शान्तिपूर्वक भेला हुने अधिकार, धारा–२०,
- आफ्नो हितको संरक्षणका लागि ट्रेड युनियन खोल्न पाउने वा त्यसमा सम्मिलित हुने अधिकार, धारा–२२,
- विवाह र परिवार आरम्भ गर्ने अधिकार, धारा–२३,
- बालबालिकाले बिनाभेदभाव आवश्यक संरक्षण पाउने अधिकार, धारा–२४ ।

## २. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् १९६६ को डिसेम्बर १६ तारिखका दिन स्वीकार गरी जारी गरेको थियो । यस महासन्धिलाई नेपालले १४ मे १९९१ मा निःशर्त अनुमोदन गरेको थियो । यस महासन्धिमा उल्लेख भएका मुख्य अधिकारहरू यस प्रकार छन् :

- आत्मनिर्णयको अधिकार, धारा–१,
- महिला र पुरुषको समान अधिकार, धारा–३,
- काम गर्ने अधिकार, धारा–६,
- सङ्गठन वा ट्रेड युनियन खोल्ने अधिकार, धारा–८ (१) क,
- हडताल गर्ने अधिकार, धारा–८ (१) घ,
- सामाजिक सुरक्षाको अधिकार, धारा–९,
- विवाह तथा परिवारको अधिकार, धारा–१० (१),
- मातृत्वको संरक्षणको अधिकार, धारा–१० (२),

- आर्थिक, समाजिक शोषणबाट सुरक्षा पाउने अधिकार, धारा–१० (३),
- खाना, कपडा र आवासको अधिकार, धारा– ११ (१),
- भोकबाट मुक्त हुने अधिकार, धारा–११ (२),
- स्वास्थ्यसम्बन्धी अधिकार, धारा–१२ (१),
- शिक्षासम्बन्धी अधिकार, धारा–१३ (१) ।

## ३. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ धारा – ५

सबै किसिमका जातीय विभेदहरूको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९६५ डिसेम्बर २१ तारिखमा पारित भई सन् १९६९ जनवरी ४ देखि लागू भएको बहुपक्षीय अभिसन्धि हो । यस अभिसन्धिलाई नेपालले ३० जनवरी १९७१ मा निसर्त अनुमोदन गरेको थियो । यस महासन्धिमा भएका मुख्य व्यवस्थाहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ ।

- न्यायाधीकरण (ट्राइबुनल) तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउने अधिकार,
- कुनै व्यक्तिमाथि कुनै सरकारी अधिकारी, समूह वा संस्थाहरूबाट हुने हिंसा वा शारीरिक क्षतिविरुद्ध राज्यबाट पीडित व्यक्तिले संरक्षण पाउने अधिकार,
- राजनीतिक अधिकारहरू खासगरी सर्वव्यापी तथा समान मताधिकारका आधारमा निर्वाचनहरूमा भाग लिने (मतदान गर्ने तथा उम्मेदवार बन्ने) अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुाचको अधिकार,
- राष्ट्रको सिमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार,
- आफ्नो देशलगायत कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्किने अधिकार,
- राष्ट्रियताको अधिकार,
- विवाह गर्ने तथा वरवधू छान्ने अधिकार,
- एक्लै वा अरूसाग मिलेर सम्पत्ति राख्ने अधिकार,
- पुर्ख्यौली सम्पत्ति प्राप्त गर्ने अधिकार,
- विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकार,
- विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार,
- शान्तिपूर्ण भेला हुने तथा सङ्गठन गर्ने स्वतन्त्रताको खअधिकार ।
- काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने, बेरोजगारीविरुद्ध संरक्षणपाउने, समान कामका लागि समान तलब पाउने र उचित पारिश्रमिक पाउने अधिकार,

- ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार,
- आवासको अधिकार,
- सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार,
- शिक्षा तथा तालिम (प्रशिक्षण) को अधिकार,
- सांस्कृतिक क्रियाकलापहरूमा समान सहभागिताकोअधिकार,
- यातायात, होटल, रेस्टुरेन्ट, क्याफे, नााचघर तथा उद्यानजस्ता सार्वजनिक स्थान वा सेवामा पहा्चको अधिकार ।

## ४. महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

महिलाविरुद्ध हुने सबै किसिमका विभेदहरूको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९७९ डिसेम्बर १८ तारिखमा पारित भई सन् १९८१ सेक्टेम्बर ३ तारिखदेखि लागू भएको बहुपक्षीय अभिसन्धि हो । यस अभिसन्धिलाई नेपालले २२ अप्रिल १९९१ मा निसर्त अनुमोदन गरेको थियो । यस महासन्धिमा भएका मुख्य व्यवस्थाहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ ।

- बेचबिखन तथा वेश्यावृत्तिका लागि गरिने यौनशोषणविरुद्धको अधिकार, धारा–६,
- सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार, धारा–७,
- अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने समान अधिकार, धारा–८,
- राष्ट्रियतासम्बन्धी अधिकार, धारा–९,
- शिक्षासम्बन्धी अधिकार, धारा–१०,
- रोजगारीको अधिकार, धारा–११,
- स्वास्थ्यसम्बन्धी अधिकार, धारा–१२,
- आर्थिक तथा पारिवारिक लाभको अधिकार, धारा–१३,
- ग्रामीण महिलालाई विशेष अधिकार, धारा–१४,
- कानुनी समानताको अधिकार, धारा–१५,
- विवाह तथा परिवारको अधिकार, धारा–१६

## ५. बालअधिकार महासन्धि, १९८९

बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९८९ नोभेम्बर २० तारिखमा पारित भई सन् १९९० सेक्टेम्बर २ तारिखदेखि लागू भएको बहुपक्षीय अभिसन्धि हो । यस अभिसन्धिलाई नेपालले १४ सेक्टेम्बर १९९० मा निसर्त अनुमोदन गरेको थियो । यस महासन्धिमा भएका मुख्य व्यवस्थाहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ :

- नाम र राष्ट्रियताको अधिकार, धारा–७,
- आमाबाबुसंग बसोबास गर्ने अधिकार, धारा– ९,
- पारिवारिक पुनर्मिलनको अधिकार, धारा– १०,
- बालबालिकाको विचार प्रकट गर्न पाउने र विचारले उचित मान्यता पाउने अधिकार, धारा–११,
- अभिव्यक्ति स्वतन्त्रताको अधिकार, धारा–१३,
- विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार, धारा–१४,
- संगठनसम्बन्धी स्वतन्त्रताको अधिकार, धारा–१५,
- निजीपन संरक्षणको अधिकार, उचित जानकारी प्राप्तिको अधिकार, धारा–१६,
- अपाङ्ग बालबालिकाहरूको अधिकार, धारा– २३,
- स्वास्थ्य र स्वास्थ्यसेवाको अधिकार, धारा– २४,
- सामाजिक सुरक्षाको अधिकार, धारा–२६,
- शिक्षाको अधिकार, धारा–२८,
- अल्पसंख्यक वा आदिवासी जनताका बालबालिकाले पाउनुपर्ने अधिकार, धारा– ३०,
- फुर्सद, आराम र सांस्कृतिक क्रियाकलापहरू गर्न पाउने अधिकार, धारा–३१,
- लागू पदार्थको दुरुपयोगसम्बन्धी अधिकार, धारा–३३,
- यौनशोषणबाट संरक्षण पाउनुपर्ने अधिकार, धारा–३४,
- अन्य किसिमका शोषणबाट सुरक्षित हुने अधिकार, धारा–३६

## ६. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् २००६ को १३ डिसेम्बरमा पारित भई सन् २००८ मे ३ देखि लागूभएको बहुपक्षीय अभिसन्धि हो । यस अभिसन्धिलाई नेपालले २८ डिसेम्बर २००९ मा निसर्त अनुमोदन गरेको थियो । यस महासन्धिमा भएका मुख्य व्यवस्थाहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ :

- स्तरयुक्त जीवनयापन र काम प्राप्तिको अधिकार,
- सम्पतिको अधिकार, रोजगारी वा स्वरोजगारीको अवसरमा प्रवर्द्धन,
- स्वास्थ्य र शिक्षाको अधिकार (साङ्केतिक भाषा र ब्रेललिपिमा पढ्न पाउने),
- आफ्नो इच्छाअनुसारको व्यावसायिक वा व्यावहारिक शिक्षा, अवसर र छात्रवृत्ति,
- सार्वजनिक संरचना, सार्वजनिक यातायत र स्थानहरूमा पहुँचको अधिकार,
- उचित र आधारभूतस्वास्थ्य सेवा र बासस्थानको अधिकार,

- ✍ गरिबी निवारणका लघुवित्तिय योजना,
- ✍ राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार,
- ✍ सूचना प्राप्तिको अधिकार र गोपनीयताको अधिकार,
- ✍ गुणस्तरीय जीवनस्तर र सामाजिक जीवनमा सहभागिताको अधिकार,
- ✍ सांस्कृतिक पहिचान संरक्षणको अधिकार,
- ✍ परिचय पत्र र यात्राका कागजातहरू (राहदानी, भिसा, श्रम अनुमति पत्र करार आदि) राख्ने, प्राप्त गर्ने र सुरक्षित गर्ने अधिकारहरू आदि ।

## ७. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४

यातनासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९८४ को १० डिसेम्बरमा पारित भई सन् १९८७ जुन २६ देखि लागू भएको बहुपक्षीय अभिसन्धि हो । यस अभिसन्धिलाई नेपालले १४ मे १९८१ मा निसर्त अनुमोदन गरेको थियो । यस महासन्धिमा भएका मुख्य व्यवस्थाहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ :

- ✍ **यातनाको परिभाषा**

  यातना' भन्ने शब्दले कुनैसार्वजनिक अधिकारी वा सार्वजनिक अधिकारीको हैसियतले काम गर्नेकुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वातेस्रो व्यक्तिबाट जानकारी वा साबिति लिने वा तेस्रो व्यक्तिले गरेको भनी शंका गरिएको कार्यका लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्नेजस्ता उद्देश्यहरूका लागिवा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी दिइएको शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई जनाउछ । (धारा–१)

- ✍ **यातना दिने कार्य अपराध हुने**

  यातनाका सबै कार्यहरूलाई पक्षराष्ट्रले आफ्नो फौजदारी कानुनअन्तर्गत राख्नुपर्ने र यस्ता कसुरहरूलाई तिनीहरूको गम्भीर प्रकृतिको समेत विचार गरी उपयुक्त दण्ड सजायबाट दण्डनीय बनाउनुपर्दछ (धारा–४)

- ✍ **न्याय पाउने**

  यातनाबाट पीडित व्यक्तिलाई न्याय तथा उचित वा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्ने अधिकार छ। यातनाको फलस्वरूप पीडित भएको व्यक्तिको मृत्यु भएमा उसका आश्रितहरूले क्षतिपूर्ति पाउनेअधिकार छ ।

- ✍ **यातनाबाट संरक्षण पाउने**

  हरेक व्यक्तिको सबै किसिमका यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारबाट संरक्षण पाउने अधिकार छ। यातनाबाट लिइएको बयानलाई प्रमाणको रूप दिन सकिदैन ।

## ८. आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०

आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९९० को १८ डिसेम्बरमा पारित भई सन् २००३ जुलाइ १ देखि लागू भएको बहुपक्षीय अभिसन्धि हो । यस अभिसन्धिलाई नेपालले अनुमोदन गरेको छैन । यस महासन्धिमा भएका मुख्य व्यवस्थाहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ :

- अनिवार्य श्रमविरुद्ध संरक्षणको अधिकार,
- रोजगारी दिने देशको नागरिकसरह न्यूनत्तम रोजगारीको सहुलियत र सुविधा प्राप्त गर्ने अधिकार,
- अतिरिक्त समयमा गरेको काम, कार्य समय, साप्ताहकि बिदा, तलबी बिदा, सुरक्षा र स्वास्थ्यको अधिकार,
- रोजगारी दिने देशको नागरिकभन्दा कम सहुलियत नहुने गरी क्षतिपूर्ति पाउने अधिकार,
- रोजगारी दिने राष्ट्रका नागरिकसरह समानताको अधिकार र समाजिक सुरक्षाको अधिकार,
- कुनै पनि राष्ट्र छोड्न पाउने अधिकार,
- उत्पत्तिको राष्ट्रमा कुनै पनि समयमा प्रवेश गर्न र बस्न पाउने अधिकार,
- बाँच्न पाउने अधिकार,
- यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको अधिकार,
- दासताविरुद्ध संरक्षणको अधिकार,
- विवेक र धर्मको स्वतन्त्रतासम्बन्धी अधिकार,
- विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार,
- सम्पत्तिको स्वामित्वबाट स्वेच्छाचारी हस्तक्षेपविरुद्ध संरक्षणको अधिकार,
- स्वतन्त्रता तथा व्यक्तिको सुरक्षासम्बन्धी अधिकार,
- कूटनीतिक निकायबाट संरक्षण तथा सहयोगको याचना गर्नपाउने अधिकार,
- कानुनका अगाडि समानताको अधिकार, आपत्कालीन स्वास्थ्यसुविधाको अधिकार,
- उत्पत्तिको राष्ट्रसँग साँस्कृतिक सम्बन्ध कायम गर्न पाउने अधिकार,
- निजी सम्पत्तिको प्रयोगको अधिकार, सूचनाको अधिकार,
- सांस्कृतिक पहिचान संरक्षणको अधिकार,
- परिचय-पत्र र यात्राका कागजातहरू (राहदानी, भिसा, श्रमअनुमति-पत्र करार आदि) राख्ने, प्राप्त गर्ने र सुरक्षित गर्ने अधिकारहरू आदि ।

## ९. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,२००६

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् २००६ को २० डिसेम्बरमा पारित भई सन् २०१० डिसेम्बर २३ देखि लागू भएको बहुपक्षीय अभिसन्धि हो। यस अभिसन्धिलाई नेपालले अनुमोदन गरेको छैन। यस महासन्धिमा भएका मुख्य व्यवस्थाहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ :

✍ **बलपूर्वक बेपत्ता पार्ने कार्यको परिभाषा**

यो महासन्धिअनुसार बलपूर्वक बेपत्ता भन्नाले 'व्यक्तिलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी स्वतन्त्रताको हरण गरी उक्त तथ्यलाई अस्वीकार गरेको वा बेपत्ता व्यक्तिको अवस्थाका साथै निजका बारे माकुनै जानकारी नदिने हिसाबले राज्यका प्रतिनिधिहरू वा राज्यको अख्तियारी, समर्थन वा सम्मतिसाथ काम गर्ने व्यक्ति वा समूहहरूद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य स्वरूपलाई मानिनेछ।'

✍ **कसैलाई पनि बलपूर्वक बेपत्ताको भागीदार नबनाइने**

युद्धको अवस्था वा त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा सार्वजनिक सङ्कट वा अन्य कुनै पनि परिस्थितिमा बलपूर्वक बेपत्ता गर्ने कार्यलाई जायज मान्न सकिँदैन। साथै, यसको कुनै पनि गैरसैनिक, सैनिक वा अन्य सार्वजनिक अधिकारीको आदेश वा निर्देशन मानिएको स्पष्टोक्तिले बलपूर्वक बेपत्ताको कसुरको औचित्य पुष्टि हुन सक्ने छैन।

✍ **बलपूर्वक बेपत्ता बनाउने कार्य अपराध हुने**

हरेक राज्यले बलपूर्वक बेपत्तालाई आफ्नो फौजदारी कानुनमा अपराध कायम गर्न आवश्यक उपायहरू अपनाउनुपर्नेछ। हरेक राज्यले बलपूवर्क बेपत्ताको कसुरलाई गम्भीरताका साथ उपयुक्त सजायहरूद्वारा दण्डनीय बनाउनुपर्छ। सुनियोजित र व्यापक रूपमा गरिएको बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवताविरुद्धको अपराधका रूपमा परिभाषित गर्नुपर्नेछ।

✍ **न्यायिक उपचार पाउने**

बेपत्ता पार्ने कार्यहरूको अनुसन्धान गर्न र त्यसका लागि जिम्मेवार रहेकाहरूलाई न्यायसमक्ष ल्याउनका लागि हरेक राज्यले उपयुक्त उपायहरू अपनाउनुपर्नेछ। बलपूर्वक बेपत्ताको कसुरको अभियोग लागेको व्यक्तिलाई कारबाहीका सबै चरणमा स्वच्छ न्यायिक व्यवहारको प्रत्याभूति रहनेछ। बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास गर्ने, बेपत्ता पारिएको आशङ्कित स्थान ठम्याउने तथा मुक्त गर्ने, मृत्यु भएको अवस्थामा बेपत्ता व्यक्तिको शरीर वा त्यसका अवशेषहरू ठम्याउन हरेक राज्यले पहल गर्नुपर्दछ। कानुनी प्रणालीमा बलपूर्वक बेपत्ता पार्ने कार्यबाट पीडित भएकाहरूलाई परिपूरण प्राप्त गर्ने तथा शीघ्र, स्वच्छ र पर्याप्त क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गर्नुपर्दछ। राहत, क्षतिपूर्ति वा परिपूरणका लागि सम्पत्ति पुनःर्स्थापना, पुनर्वास, मर्यादा र ख्यातिको पुनःस्थापनालगायतका सन्तुष्टि, पुनरावृत्ति नहुने प्रत्याभूति गर्नुपर्नेछ।